शोधनिर्देशक
केशव सुवेदी
सहप्राध्यापक

# साहित्यकार गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
पार्वती पोखेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

## शोधनिर्देशकको मन्तव्य

प्रस्तुत 'गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र मेरा निर्देशनमा रही पार्वती पोखेलले तयार गर्नुभएको हो । नेपाली विषयको स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि परिश्रमपूर्वक तयार गरिएको प्रस्तुत शोधकार्यसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६५/ /

..............................


**केशव सुवेदी**

**सहप्राध्यापक**

**नेपाली केन्द्रीय विभाग**

**त्रि.वि., कीर्तिपुर**

# कृतज्ञताज्ञापन

प्रस्तुत 'गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र मैले आदरणीय गुरुवर केशव सुवेदीको कुशल निर्देशनमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार गरेकी हुँ । यसको तयारीका क्रममा आएका समस्या र वाधाको निराकरण गर्न आफ्नो अति व्यस्त र मूल्यवान् समयको पर्वाह नगरी अमूल्य सुझाव, प्रेरणा र उत्तरदायित्वपूर्ण निर्देशन दिई ठूलो सहयोग गर्नुहुने श्रद्धेय शोधनिर्देशकप्रति म पूर्ण आभारी छु र कृतज्ञता ज्ञापन गर्दछु ।

यसैगरी मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्न अनुमति प्रदान गर्ने नेपाली केन्द्रीय विभाग, लेखन कार्यमा सुभाव प्रदान गर्नुहुने सोही विभागका सम्पूर्ण गुरुहरूप्रति पनि म आभार व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक शोधसामग्रीहरू उपलब्ध गराई हृदयदेखि नै सहयोग गर्ने शोधनायकका छोराहरू डा. दीपकप्रसाद भट्टराई, किशोरप्रसाद भट्टराई, केशवप्रसाद भट्टराई, बुहारी श्रीमती इल्या भट्टराई, नातिनी लूना सापकोटा जीवनचन्द्र कोइरालालगायतका व्यक्तिहरूले लगाएको गुनको कदर गर्दै उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा विभिन्न पुस्तक, पत्रपत्रिका, लेखरचना आदि उपलब्ध गराई आवश्यक सहयोग प्रदान गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, ने.प्र.प्र. पुस्तकालय, मदनपुस्तकालयप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्रको टङ्कण गर्दा छिटोछरितो गरिदिनुहुने रेसुङ्गा कम्प्युटर सर्भिस, कीर्तिपुरका श्री नारायण वस्नेतलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । मलाई शिक्षाको यस स्तरसम्म पुग्न हौसला र सहयोग गर्नुहुने मेरा पूजनीय मातापिताप्रति म हार्दिक आभार व्यक्त गर्दछु साथै समग्र घरपरिवार, इष्टमित्रहरू एवम् साथीहरूप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०६२/०६३

मिति : २०६५/ /

पार्वती पोखेल

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौँ

# त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## नेपाली केन्द्रीय विभाग
## त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा पार्वती पोखेलले त्रि.वि. नेपाली केन्द्रीय विभागअन्र्तगत स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गर्नुभएको साहित्यकार 'गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्न गरी स्वीकृत गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

| **क्र.सं.** | **नाम** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | प्राध्यापक राजेन्द्र सुवेदी | विभागीय प्रमुख | .................. |
| २. | सह-प्रा. केशव सुदेवी | शोधनिर्देशक | .................. |
| ३. | .............................. | बाह्य परीक्षक | .................. |

मिति : २०६५/ /

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| क्र.सं. | क्रम सङ्ख्या |
| प्रा. | प्राध्यापक |
| ने.रा. प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| सं. | संस्करण |
| भू.पू. | भूतपूर्व |
| वि.सं. | विक्रम सम्वत् |

# विषयसूची

**पृष्ठ संख्या**

## पहिलो परिच्छेद


१. शोधपरिचय १
१.१ शोधशीर्षक १
१.२ शोधकार्यको प्रयोजन १
१.३ विषयपरिचय १
१.४ समस्याकथन १
१.५ शोधकार्यका उद्देश्यहरू २
१.६ पूर्वकार्यको समीक्षा २
१.७ शोधकार्यको औचित्य ३
१.८ शोधकार्यको सीमाङ्कन ३
१.९. शोधविधि ३
१.१० शोधपत्रको रूपरेखा ४


## दोस्रो परिच्छेद


२. गोविन्दप्रसाद भट्टराईको जीवनी ५
२.१ जन्म र जन्मस्थान ५
२.२ पुर्खा र वंशपरम्परा ५
२.३. बाल्यकाल ७
२.४ चूडाकर्म तथा व्रतबन्ध ८
२.५ शिक्षादीक्षा ८
२.६ विवाह, सन्तान र दाम्पत्यजीवन १०
२.७ पारिवारिक वियोग ११
२.८ बसोबास १२
२.९ पारिवारिक आर्थिक अवस्था १२
२.१० रुचि १३
२.११ सुख दु:खका स्मरणीय क्षणहरू १३
२.१२ धार्मिक आस्था १४

२.१३ कार्यक्षेत्रमा संलग्नता १४
२.१४ विविध क्षेत्रमा सक्रियता १५
२.१५ सम्मान तथा पुरस्कार १५
२.१६ लेखनको प्रारम्भ र प्रकाशनको थालनी १६
२.१७ साहित्यिक मान्यता १६
२.१८ जीवनको अन्तिम प्रहर १६
२.१९ देहावसान १७
२.२० जीवनदर्शन १७

**तेस्रो परिच्छेद**

३. गोविन्दप्रसाद भट्टराईको व्यक्तित्व १८
३.१ पृष्ठभूमि १८
३.२ शारीरिक बनोट तथा बाह्य व्यक्तित्व १८
३.३ व्यक्तित्वका विभिन्न पाटाहरू १८
३.३.१ साहित्यकार व्यक्तित्व १८
३.३.२ शिक्षक-प्राध्यापक व्यक्तितत्व २०
३.३.३ प्रवचक व्यक्तितत्व २०
३.३.४ समाजसेवी व्यक्तितत्व २०

**चौथो परिच्छेद**

४. गोविन्दप्रसाद भट्टराईका कृतिहरूको अध्ययन २२
४.१ कृति विवरण २२
४.२ प्रकाशित कृतिहरूको विवरण २२
४.३ प्रकाशोन्मुख अवस्थामा रहेका कृतिहरू २३
४.४ कृतिहरूको अध्ययन २३
४.४.१ साहित्यिक कृतिहरूको अध्ययन २३
१) सिर्जनात्मक कृतिहरूको अध्ययन २३
(१) 'पृथ्वी-महेन्द्र' महाकाव्यको अध्ययन २३
(२) 'भावना' महाकाव्यको अध्ययन ३१
(३) 'कवि जगन्नाथ भट्टराई' अध्ययन ३८

(४) 'सत्यसङ्कल्प' उपन्यासको अध्ययन ४३
(५) 'नेपाल र नेपाली' कृतिको अध्ययन ५०
(६) 'रामाङ्क नाटिका'को अध्ययन ५६
(७) 'श्रीमद्भगवद्गीता'को अध्ययन ५९
२) समालोचनात्मक कृतिहरूको अध्ययन ६१
(१) 'पूर्वीय काव्यसिद्धान्त'को अध्ययन ६१
(२) 'वृत्तकल्पलतिका'को अध्ययन ७४
(३) 'भरतमुनिको नाट्यशास्त्र'को अध्ययन ७६
३) साहित्येतर कृतिहरूको अध्ययन ८७
(१) 'पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार' कृतिको अध्ययन ८७
(२) 'मूर्तिकला'को अध्ययन ८९
४) फुटकर कृतिहरूको अध्ययन ९१
(१) 'मर्यादा' त्रैमासिक पत्रिकामा प्रकाशित फुटकर लेख रचनाहरू ९१
(२) 'प्रज्ञा' त्रैमासिक पत्रिकामा प्रकाशित फुटकर लेख रचनाहरू ९५

**पाचौँ परिच्छेद**

५. उपसंहार तथा निष्कर्ष ९९

**सन्दर्भविवरण**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषयपरिचय

गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यका बिर्सनै नहुने साधक हुन् । भट्टराईको जन्म वि.सं. १९६७ अश्विन ८ गते शुक्रवारका दिन पिता जगन्नाथ भट्टराई र माता विष्णुकुमारी भट्टराईका जेष्ठ पुत्ररत्नका रूपमा सिन्धुली जिल्लाको झाँगाझोली, परेवाडाँडामा भएको हो । संस्कृत साहित्यमा आचार्य गरेका भट्टराईले संस्कृत प्रधान पाठशाला रानीपोखरी, वाल्मीकि महाविद्यालय, भक्तपुर कलेज तथा त्रिभुवन विश्वविद्यालय त्रिपुरेश्वर जस्ता शैक्षिक संस्थाहरूमा अध्यापन कार्य गरेको पाइन्छ । उनले वि.सं. २०२५ देखि २०३५ सम्म वेदका व्याख्याता एवम् धार्मिक प्रवचकको रूपमा रेडियो नेपालमा समेत काम गरेको पाइन्छ । नेपाली भाषा तथा साहित्यका क्षेत्रमा भट्टराईले एक दर्जन पुस्तकहरू प्रकाशित गरेका छन् । विचार, अनुवाद, जीवनी, उपन्यास, समीक्षाजस्ता विधामा भट्टराईले विशेष रूपमा कलम चलाएको पाइन्छ ।

## १.४ समस्याकथन

गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको खोज तथा अनुसन्धान गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ । त्यसैले यो शोधकार्य निम्नलिखित समस्याहरूको समाधानमा केन्द्रित रहेको छ :

१. गोविन्दप्रसाद भट्टराईको जीवनी के-कस्तो छ ?

२. गोविन्दप्रसाद भट्टराईको व्यक्तित्वका के-कस्ता पाटाहरू छन् ?

३. गोविन्दप्रसाद भट्टराईका कृतिहरू के के हुन् र ती कस्ता-कस्ता छन्?

## १.५ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त समस्याहरूको विश्लेषणमा आधारित प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू यसप्रकार छन् :

१. गोविन्दप्रसाद भट्टराईको जीवनीवृत्तको विवेचना गर्नु,

२. गोविन्दप्रसाद भट्टराईका व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु,

३. गोविन्दप्रसाद भट्टराईका कृतिहरू के कति छन् भन्ने कुराको निर्क्योल गरी तीमध्ये प्रकाशित र प्राप्त कृतिहरूको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

गोविन्दप्रसाद भट्टराईका बारेमा केही लेखक तथा समालोचकहरूले छिटफुट रूपमा केही अध्ययनहरू गरेको देखिए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा भने यसभन्दा अगाडि खास अध्ययन गर्ने कार्य भएको छैन । उनका बारेमा हालसम्म जे जति पूर्वअध्ययनहरू भएका छन् तिनलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

क) 'नेपालको विद्वत्परम्परा' (२०५१) नामक ग्रन्थमा डा. भूपहरि पौडेलले गोविन्दप्रसाद भट्टराई प्राध्यापन पेसामा मात्र समर्पित थिएनन् । उनले संस्कृत र नेपाली भाषामा असङ्ख्य कृतिको रचना गरेका छन् । अहिलेसम्म उनका संस्कृत भाषामा भन्दा नेपाली भाषामा लेखिएका कृतिहरू नै बढी पाइएका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

ख) 'महाकवि देवकोटा र उनका महाकाव्य' (२०५२) नामक पुस्तकमा कुमारबहादुर जोशीले गोविन्दप्रसाद भट्टराईलाई महाकाव्यकारका रूपमा चर्चा गर्दै भट्टराईका 'पृथ्वी-महेन्द्र' (२०१९) र 'भावना' (२०२०) लाई मौलिक महाकाव्यका रूपमा चर्चा गरेका छन् ।

ग) 'नेपाली काव्य र कवि' (२०५८) नामक पुस्तकमा समालोचक राममणि रिसालले गोविन्दप्रसाद भट्टराईको 'पृथ्वी-महेन्द्र' र 'भावना' क्रमशः इतिहास र पुराणको सहायता लिएर लेखिएका महाकाव्यहरू हुन् भनेका छन् ।

घ) 'नेपाली महाकवि र महाकाव्य' (२०५९) नामक ग्रन्थमा विनयकुमार शर्मा नेपालले गोविन्दप्रसाद भट्टराई विचार, अनुवाद, नाटक, जीवनी, उपन्यास र समीक्षातिर कलम चलाउने व्यक्ति हुन् र उनको सेवा आजको युवावर्गलाई प्रेरणादायी रहेको छ भनेका छन् ।

ङ) 'नेपाली समालोचना परम्परा र प्रवृत्ति' (२०६१) नामक ग्रन्थमा राजेन्द्र सुवेदीले पूर्वीय लक्षणलाई आधार बनाएर कृति सिर्जना गर्ने भट्टराई 'भरतको नाट्यशास्त्र' का आधारमा

नाटकको, 'वृत्तकल्पलतिका' का आधारमा छन्दविधानको र 'पूर्वीय काव्यसिद्धान्त' का आधारमा काव्यिक सौन्दर्यको स्थापना गर्ने समीक्षक हुन् भनेका छन् ।

च) 'सिन्धुलीका तेह्रतारा' (२०६२) नामक पुस्तकमा कृष्णहरि बरालले गोविन्दप्रसाद भट्टराईको जीवनी र कृतिहरूको बारेमा सामान्य चर्चा गर्नु बाहेक खासै विस्तृत अध्ययन भएको पाइँदैन ।

गोविन्दप्रसाद भट्टराईका बारेमा गरिएका माथि उल्लिखित केही चर्चा परिचर्चाले उनको ज्यादै छोटो परिचय मात्र दिएका छन् । उनको कृतित्वका नामोल्लेख बाहेक खासै विस्तृत जानकारी दिएको पाइँदैन । बहुमुखी प्रतिभाका धनी गोविन्दप्रसादको समग्र योगदानबारे माथि उल्लिखित सीमित चर्चा परिचर्चाहरूले समेट्न सकेका छैनन् । यसरी उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा अझसम्म विस्तृत रुपमा ठोस र प्रभावकारी अध्ययन भएको देखिँदैन ।

**१.७ शोधकार्यको औचित्य**

गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यका एक मूर्धन्य व्यक्तित्व हुन् । यिनका बारेमा केही विद्वान्हरूले गरेका उपर्युक्त सानातिना चर्चाबाहेक प्रामाणिक कुराहरू त्यति प्रकाशमा आएका छैनन् । भट्टराईको निधन भइसकेकाले अब उनका नवीन कृतिहरू थपिन सक्ने सम्भावना पनि छैन । त्यसैले भट्टराईका प्रकाशित कृतिहरूको खोज, अध्ययन, विश्लेषण गर्ने कार्य अत्यावश्यक भएकाले बहुमुखी व्यक्तित्वका धनी भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको खोजमा आधारित यस शोधकार्यको औचित्य स्वतःसिद्ध छ ।

**१.८ शोधकार्यको सीमाङ्कन**

गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यका बहुमुखी साधक हुन् । उनका एक दर्जन पुस्तकहरू प्रकाशित छन् । कतिपय अप्रकाशित पुस्तकहरू पनि रहेको जानकारी पाइन्छ । तर पनि यस शोधकार्य भट्टराईका नेपाली भाषामा प्राप्त कृतिहरूको परिचयात्मक अध्ययन कार्यमा मात्र सीमित रहेको छ ।

**१.९. शोधविधि**

प्रस्तुत शोधकार्य प्रमुख रूपमा पुस्तकालय विधिमा आधारित रहेको छ । यसका साथै शोधनायकसँग सम्बद्ध व्यक्तिहरूसँगको अन्तर्वार्ता पनि यसमा समेटिएको छ । यसरी सङ्कलित सामग्रीको विवेचनाका क्रममा आवश्यकताअनुसार यहाँ जीवनीपरक समालोचना, सम्बद्ध विधा सिद्धान्त तथा प्रभावपरक समालोचना विधिको उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : गोविन्दप्रसाद भट्टराईको जीवनीको अध्ययन

३. तेस्रो परिच्छेद : गोविन्दप्रसाद भट्टराईको व्यक्तित्वको अध्ययन

४. चौथो परिच्छेद : गोविन्दप्रसाद भट्टराईका कृतिहरूको अध्ययन

५. पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदमा विभाजित यस शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

## दोस्रो परिच्छेद

## गोविन्दप्रसाद भट्टराईको जीवनी

### २.१ जन्म र जन्मस्थान


गोविन्दप्रसाद भट्टराईको जन्म वि.सं. १९६७ साल असोज ८ गते शुक्रबारका दिन भएको थियो ।[१] उनी हालको सिन्धुली जिल्लाको झाँगाझोली, परेवाडाँडा भन्ने ठाउँमा जन्मेका थिए ।[२]

### २.२ पुर्खा र वंशपरम्परा

गोविन्दप्रसाद भट्टराई थरका वशिष्ठ गोत्रीय ब्राह्मण कुलमा जन्मेका थिए ।[३] भट्टराईहरूको मूल थलो ज्ञाति र गल्कोट (पर्वत र वाग्लुङ) हो । ज्ञातिका भट्टराईहरूमध्येकै भट्टराई राजदरबारमा भण्डारे बन्न गए ।[४] ज्ञातिका भट्टराईहरूमध्येकै कतिपय अन्यत्र बसाइँ सरेका थिए । बसाइँ सर्ने क्रममा कोही चिशंगुमा, कोही चालिसेमा, कोही शालुकमा पुगेका थिए ।[५] गल्कोटे भट्टराईहरू पनि कोही ठोटेखोलामा, कोही सिन्धु धुसेनीमा, कोही सिन्धुकोटमा बसाइँ सरेका थिए ।[६] सिन्धुधुसेनीमा जाने भट्टराईहरूले ठूलो ख्याति र बिर्ता पनि पाएका थिए ।[७] सिन्धुले भट्टराईमध्येकै कुनै भाइले गोरखा दरबारमा प्रवेश पाएका थिए र त्यहीँ प्रसिद्धि कमाउन सफल भएका थिए ।[८] त्यसैगरी सिन्धुले भट्टराईहरूमध्येकै कुनै सुन्दरीजलमा, कुनै सिन्धुकोटमा कुनै गोनाङ्गमा प्रवेश गरेका थिए ।[९] त्यसकारण भट्टराईहरूले सिन्धुले, गोनाङ्गे, चिशंखुले, शालुके भन्ने प्रसिद्धि पाएका हुन् ।[१०] सिन्धुले भट्टराईहरूमध्येकै एक भाइ स्वतिकानन्द सिन्धुमा सन्तानमा फापेनन् भनी सिन्धुलीकै झाँगाझोली परेवाडाँडामा बसाइँ सरेका थिए ।[११] तिनै स्वतिकानन्दबाट गोविन्द्रप्रसादसम्मका जम्मा ६ पुस्तासम्मको पुस्तावली उपलब्ध भएको छ जसको वंशवृक्ष निम्नानुसार रहेको छ :

---

[१] गोविन्दप्रसाद भट्टराईको अप्रकाशित 'आत्मकथा' ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] ऐजन ।
[९] ऐजन ।
[१०] ऐजन ।
[११] ऐजन ।




माथिको वंशवृक्षबाट गोविन्दप्रसाद प्रेमनिधिका पनाति, कृष्णदत्तका नाति र जगन्नाथका छोरा हुन् भन्ने प्रस्ट हुन्छ । यीमध्ये कृष्णदत्तका कान्छीपट्टिका जेठा छोरा जगन्नाथ (वि.सं. १९४३–२००४) को दुम्जाका कोइरालाकी छोरी विष्णुकुमारीसँग विवाह भएको थियो । यिनै जगन्नाथ र विष्णुकुमारीको कोखबाट प्रथम पुत्रका रूपमा गोविन्दप्रसादको जन्म भएको थियो । जगन्नाथ र विष्णुकुमारीका कोखबाट जम्मा ६ जना छोराछोरीको जन्म भएको थियो ।

गोविन्दप्रसादका हजुरबा कृष्णदत्त पण्डित थिए । उनी अग्ले भट्टराईका नामले पनि परिचित थिए ।[१२] उनका छोरा जगन्नाथ मालमा जागिरे थिए र उनी कवि पनि थिए भनिन्छ ।[१३]

---

[१२] ऐजन ।

[13] ऐजन ।

## २.३. बाल्यकाल

गोविन्दप्रसाद भट्टराईले बाल्यकालमा परिवारबाट पर्याप्त माया ममता पाएका थिए ।[१४] पाँच वर्षको उमेरसम्म आमाबाबुकै साथमा रहे पनि पाँचदेखि आठवर्षको उमेरसम्म उनी हजुरबा हजुरआमाको विशेष रेखदेखमा रहे ।[१५] गोविन्दप्रसाद हजुरबा हजुरआमाको जेठो नाति भएकाले पनि पर्याप्त माया ममता प्राप्त गरेका थिए । गोविन्दप्रसादले बाल्यकालमा जतिसुकै खराब काम गरे पनि उनका हजुरबा हजुरआमाले बाललीला मानेर माया नै गर्ने गर्दथे ।[१६] मौसम अनुसारका फलफूल मिस्री, नरिवल आदि कुराहरूको उनलाई दुःखै थिएन ।[१७] गोविन्दप्रसाद बाल्यकालमा कसैसँग डराउँदैनथे । सबैले उनलाई माया गरेकाले उनी आफूलाई सबैभन्दा ठूलो राजा जस्तै सम्झन्थे । उनी तपाईं, तिमी जस्ता आदरसूचक शब्दहरू हजुरबा हजुरआमालाई मात्र प्रयोग गर्दथे । "नगर" भनेको कुरा नगरी नछोड्ने बानी उनको थियो । उनी जबरजस्ती गर्न खोज्नेसँग जबरजस्ती नै गर्दथे । उनी घरका भण्डार, कोठाचोक चाहारेर तमाखुको भाँडोदेखि लिएर दही, घ्यूका सिङमाङ र ठेकी सखरका डाला र सोली सबै खोतली भ्याउँथे । उनले एकपटक घरको मझेरी खनेर हजुरबाले गाडेर राखेको पैसा झिकी फेरि त्यही राखी पुरेका थिए । मावल जाँदा चनौटोमा एकपटक उनले नै दिशा गरिदिएका थिए ।[१८] यसरी गोविन्दप्रसाद बाल्यकालमा जति बदमास थिए उत्तिकै इमानदार पनि थिए । कहींबाट रुपियाँपैसा ल्याउनुपरेमा हजुरबाले चिट लेखिदिन्थे र उनी सोहीबमोजिम रुपियाँपैसा ल्याएर बुझाउँथे ।[१९]

गोविन्दप्रसादलाई निरोगी बनाउन उनकी हजुरआमा हरप्रयास गर्ने गर्दथिन् ।[२०] यसक्रममा कहिले बाखाको दूध दुहेर खुवाउने त कहिले सिङ्गै सारौंका बच्चा उसिनेर खुवाउने काम हुन्थ्यो । यस कामको जिम्मा बाँधा, सनमान र गङ्गी नामका कामदारहरूलाई दिइन्थ्यो ।[२१] यसप्रकार गोविन्दप्रसादको बाल्यकाल निकै सुखद तवरले बितेको पाइन्छ ।

---

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

## २.४ चूडाकर्म तथा व्रतबन्ध

हालको सिन्धुली जिल्लाको झाँगाझोली परेवाडाँडामा जन्मिएका गोविन्दप्रसादको बाल्यकाल आफ्नै जन्मस्थलमै बित्यो ।[२२] आफ्नो जागिरका कारण उनका पिता बाहिरै बस्नुपर्ने बाध्यता थियो भने आमा पनि प्रायः पिताकै साथमा बस्थिन् । त्यसैले पितामाता घर आएका बखत वि.सं. १९७४ साल चैत्र महिनामा आठ वर्षको उमेरमा हजुरबा कृष्णदत्तले उनको चूडाकर्म संस्कार सम्पन्न गरिदिएका थिए ।[२३]

## २.५ शिक्षादीक्षा

गोविन्दप्रसाद भट्टराईको प्रारम्भिक शिक्षा घरबाट नै सुरु भयो ।[२४] आफ्ना काहिँला हजुरबाबाट उनले अक्षरारम्भ गरेका थिए ।[२५] व्रतबन्धको समयसम्म दुःख र अभावको सामना नै गर्नु नपरेका गोविन्दप्रसादले व्रतबन्ध पश्चात दुःख र अभावको सामना गर्नुपर्‍यो । अर्को संयुक्त परिवार छुट्टभिन्न भएपछि हजुरबा हजुरआमा कान्छा काकासँग बस्न थाले ।[२६] जागिरका कारणले गर्दा गोविन्दप्रसादका पिता घर बाहिर नै हुन्थे । त्यसैले घरमा जेठोबाठोको नाताले सबै काम हेर्नुपर्ने बाध्यता उनमा नौ बर्षको उमेरदेखि नै पर्न थाल्यो ।[२७] पढाइप्रति अत्यन्तै रुचि भएका गोविन्दप्रसादलाई सानैदेखि विभिन्न घरायसी समस्याहरू आइलाग्न थाले । ती समस्याहरूको सामना गर्दै उनले गाँउकै गणेशथानको वरपीपलको चौतारीमुनि वेद र रुद्री पढ्न सुरु गरेका थिए ।[२८] वि.स. १९८० मा मटिहानीमा पढ्न भनी रामपुर पुगेका गोविन्दप्रसादलाई काठमाडौँ रानीपोखरी पाठशालामा पढाइ राम्रो हुन्छ भन्ने सुनेर पिताले काठमाडौँ फर्काइदिएका थिए ।[२९] काठमाडौँमा गोविन्दप्रसादका पिताकी फुपू मानकुमारी बस्थिन् । त्यसैले उनी त्यहीँ बसी पढ्न थाले ।[३०] त्यस घरमा गोरखा आरुघाटका

---

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] ऐजन ।

पं. भूपध्वज पनि बस्थे ।[३१] उनले गोविन्दप्रसादलाई रातमा बडो प्रेमपूर्वक पाठ घोकाइदिन्थे ।[३२]

विविध सुखदुःखजन्य परिस्थितिका बीचमा पनि गोविन्दप्रसादले मिहिनेतपूर्वक पढ्दै थिए । त्यसैक्रममा मानकुमारीकै घरमा डेरा गरी बस्ने भैरवप्रसादले झूटो कुरा गरी घरबाट बोलाउनुभएको छ भनी उनलाई घर पठाइदिए ।[३३] उनी घर त गए तर घरबाट बोलाएकै रहेनछन् । त्यसपछि उनी घरबाट उम्कन पाएनन् र गाउँकै पाठशालामा पढ्न थाले ।[३४] गोविन्दप्रसादलाई पढ्नको ठूलो तृष्णा थियो । खेतमा काम गर्दा होस् वा गोठालो जाँदा, उनी पढि नै रहन्थे । मकै गोड्दा पनि अगाडितिर पुस्तक राखी घोक्दै मकै गोड्थे ।[३५] घरमा पढ्न जान्छु भन्दा नपाएकोले अब उनले भागेर पढ्न जाने विचार गरे । खर्चको लागि आफ्नी श्रीमतीलाई कानमा लगाएको मुन्द्री फुकाल्न अनुरोध गरे तर श्रीमतीले सो कुरा स्वीकार गरेपनि फुकाल्न भने सकेनन् ।[३६] आमाले मासको बीऊ किन्न दिएको पैसा, दक्षिणा स्वरूप जम्मा भएको आफ्नै केही पैसा र मरेको भाइको कल्ली बोकेर मावल जान्छु भनी भागेर दुम्जा कुशेश्वरको दर्शन गरी “पण्डित हुन सकूँ त्यसपछि तिम्रो प्राङ्गणमा आई सप्ताह भन्नेछु” भन्ने भाकल गरी भविष्यका दुःख सम्झी रुँदै रोसी खोलाको पानीले आँसु पखाली उनी काठमाडौँ हिँडेका थिए ।[३७]

काठमाडौँ आएपछि उनले रानीपोखरी पाठशालामा पढ्न थाले । पढ्न पाएकोमा खाने र बस्ने कुराको पर्वाह नगरी नमीठो पनि अमृत मानेर खाई उनले अध्ययनमै मन लगाउन थाले ।[३८] यसरी अनेकौँ सङ्घर्षका साथ आफ्नो पढाइलाई अगि बढाई गोविन्दप्रसाद भट्टराईले वि.स.१९८९ सालमा रानीपोखरी पाठशालाबाट सम्पूर्ण मध्यमा र पछि काठमाडौँमै बसी स्वाध्ययन गरेर बनारस हिन्दू विश्वविद्यालयबाट सं १९९६ मा साहित्यमा आचार्य उत्तीर्ण गरेका थिए ।[३९]

---

[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] ऐजन ।
[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] ऐजन ।
[३७] ऐजन ।
[३८] ऐजन ।
[३९] ऐजन ।

## २.६ विवाह, सन्तान र दाम्पत्यजीवन

वि.सं. १९८४ मा १७ वर्षको उमेरमा गोविन्दप्रसादको पहिलो विवाह भएको थियो।[४०] उनको पहिलो विवाह बोहाराटार रातामाटाका आचार्यकी १० वर्षीया छोरी लोकमातासँग भएको थियो ।[४१] उनको दोस्रो विवाह ३० वर्षको उमेरमा भू.पू. प्रधानाध्यापक तथा व्याकरणका विद्वान् विष्णुहरि रिमालका काहिँला छोरा कीर्तिप्रसाद रिमालकी माहिली छोरी अच्युतकुमारीसँग भएको थियो ।[४२]

गोविन्दप्रसाद भट्टराई र उनका दुई श्रीमतीहरूका चार छोरा र छ छोरीहरू गरी जम्मा दस सन्तानहरूको जन्म भएको थियो ।[४३] जेठी श्रीमती लोकमाताका कोखबाट चार सन्तान माधव, उर्मिला, विमला र केशवको जन्म भएको थियो । हाल विमला  र केशव जीवित छन् भने माधव र उर्मिलाको बाल्यकालमै निधन भएको थियो ।[४४] गोविन्दप्रसादकी कान्छी श्रीमती अच्युतकुमारीको कोखबाट छ सन्तान इन्दिरा, दीपक, किशोर, विन्दु, उषा र शोभा गरी दुई छोराहरू र चार छोरीहरूको जन्म भएको थियो । हाल यी सबै आ-आफ्ना कार्य कर्मक्षेत्रमा क्रियाशील छन् ।[४५]

गोविन्दप्रसादका जीवित आठ सन्तानहरूमा उनको विद्वत्ताको प्रभाव प्रशस्त मात्रामा परेको पाइन्छ । उनकी जेठी छोरी इन्दिरा डाक्टर, माहिली छोरी विमला व्यापारी तथा अन्य छोरीहरूमा बिन्दु र उषा शिक्षिका र शोभा अङग्रेजी बिषयमा एम्.ए. गरी हाल अमेरिकामा बस्दै आएकी छन् ।[४६] छोराहरूमा जेठा छोरा डा. दीपकप्रसाद भट्टराई सिभिल इन्जिनियर, नेपाल इन्जिनियरिङ कलेजका संस्थापक एवम् आफ्नो क्षेत्रका एक चर्चित व्यक्ति हुन् । माहिला छोरा किशोरप्रसाद भट्टराई कलेज अफ एप्लाइड विजनेसमा प्राध्यापनरत छन् । उनी राइजिङ नेपालको पूर्व सहायक सम्पादक पनि हुन् । कान्छा छोरा केशवप्रसाद भट्टराई नेपाल शिक्षक महासङ्घका पूर्व अध्यक्ष, सार्क शिक्षक महासङ्घका पूर्व महासचिव, अध्यापन

---

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] केशवप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[४४] ऐजन ।

[४५] डा. दीपकप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[४६] ऐजन ।

पेसाबाट अवकाश प्राप्त गरी वर्तमानमा नेपाल शिक्षक युनियनको अध्यक्ष रहेका छन ।[४७] हाल सबै सन्तानहरूको आर्थिक अवस्था मजबुत रहेको छ ।

१७ वर्षको उमेरमा पहिलो र ३० वर्षको उमेरमा दोस्रो विवाह गरेका गोविन्दप्रसादले जेठी श्रीमती लोकमातासँग ५८ बर्ष र कान्छी श्रीमती अच्युतकुमारीसँग ४५ वर्ष लामो दाम्पत्यजीवन यापन गरेका थिए । दुई पत्नीका बीच रहेर पनि कहिल्यै मनोमालिन्य भएको थिएन ।[४८] दुवै श्रीमतीहरू सामान्य लेखपढ गर्न जान्ने, आफ्ना सन्तान धर्म परम्परामा आस्था राख्ने एवम् सन्ततिहरूको लालनपालन गर्नमा समर्पित थिए ।[४९] गोविन्दप्रसाद पनि सादा जीवन रुचाउने, नैतिक विचारवान् एवम् परिश्रममा विश्वास गर्ने व्यक्ति थिए ।[५०] यसरी गोविन्दप्रसादको दाम्पत्य जीवन सफल नै रहेको देखिन्छ ।

## २.७ पारिवारिक वियोग

गोविन्दप्रसाद भट्टराईले आफ्नो ७५ वर्षे लामो जीवनयात्रामा आफ्ना परिवारका धेरै सदस्यहरूसँगको बिछोडको पीडा खप्नुपरेको थियो । पाँचजना दाजुभाइ तथा एउटी बहिनीमध्येका जेठा गोविन्दप्रसाद भट्टराईले माहिला र कान्छा दुई भाइहरू र एक बहिनीसँगको बिछोडको पीडा सानै उमेरमा झेल्नुपरेको थियो । यी घटनाहरूले पनि उनको मनमा नराम्रो चोट परेको थियो । [५१] त्यसपछि वि.स. १९८२ सालमा उनलाई प्राणसरी प्यार गर्ने हजुरबा कृष्णदत्त भट्टराईको देहावसान भयो ।[५२] यस घटनाबाट गोविन्दप्रसाद ज्यादै दुःखी भएका थिए । त्यसपछि उनले एक छोरा माधव र एक छोरी उर्मिलाको असामयिक निधनलाई पनि खप्नपरेको थियो ।[५३] उनले वि.स.२००४ सालमा आफ्ना पिता जगन्नाथ भट्टराईको देहावसानको दुःखद घटना पनि सहनुपरेको थियो ।[५४] वि.स. २०१२ सालमा उनकी आमा विष्णुकुमारी भट्टराईको पनि निधन भएको थियो ।[५५] यी घटनाहरूबाट उनी ज्यादै दुःखी हुन पुगेका थिए ।

---

[४७] ऐजन ।

[४८] किशोरप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] गोविन्दप्रसाद भट्टराईका अप्रकाशित 'आत्मकथा' अनुसार ।

[५२] ऐजन ।

[५३] केशवप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[५४] गोविन्दप्रसाद भट्टराईका अप्रकाशित 'आत्मकथा' अनुसार ।

[५५] ऐजन ।

## २.८ बसोबास

हालको सिन्धुली जिल्लाको झाँगाझोली परेवाडाँडामा जन्मेका गोविन्दप्रसाद भट्टराईको बाल्यकाल जन्मस्थलमै बिते तापनि पछि पढाइ र जागिरका सिलसिलामा उनको धेरैजसो उमेर राजधानी काठमाडौँका विभिन्न ठाँउहरूमा बितेको थियो ।[५६] लामो समयसम्म राजधानीकै विभिन्न ठाँउमा भाडामा बसी पछि जागिरबाट पैसा कमाएर काठमाडौँको महाराजगन्जमा जग्गा किनी घर बनाएर त्यही उनी स्थायी रूपमा बसोबास गर्न थालेका थिए ।[५७]

## २.९ पारिवारिक आर्थिक अवस्था

गोविन्दप्रसाद भट्टराईको जन्म पहाडी परिवेशमा सम्पन्न परिवारमा भएको थियो ।[५८] उनका हजुरबा पण्डित थिए भने पिता पनि मालमा जागिरे थिए । यिनीहरूको खान पुग्ने जग्गा जमिन, प्रशस्त गाई, गोरु, भैंसी, बाख्रा आदि थिए । बाल्यकालमा उनले दुःखको सामना गर्नुपरेन ।[५९] ठीक पढ्ने उमेरमा गोविन्दप्रसादको संयुक्त परिवार एकल हुन पुग्यो । त्यसपछि उनको जीवनमा आर्थिक अभावका लक्षणहरू देखापर्न थाल्यो ।[६०]

उमेर बढ्दै जाँदा गोविन्दप्रसादका जिम्मेवारीहरू पनि थपिँदै गए तर आर्थिक अवस्था भने मजबुत हुन सकेन । जागीर खाए पनि दुई श्रीमतीहरू तथा छोराछोरीहरू पनि धेरै हुनाले उनले आफ्नो आर्थिक अवस्था सुधार्न भने सकेनन् ।[६१] समय बित्दै जाँदा गोविन्दप्रसादले पनि महाराजगंजमा जग्गा किनी घर बनाएर त्यहीँ स्थायी रूपमा बसोबास गर्न थालेका थिए ।[६२] वास्तवमा गोविन्दप्रसाद मध्यमवर्गीय र उच्च बौद्धिकता भएका व्यक्ति थिए । [६३]

---

[५६] डा. दीपकप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।
[५७] ऐजन ।
[५८] ऐजन ।
[५९] ऐजन ।
[६०] ऐजन ।
[६१] ऐजन ।
[६२] ऐजन ।
[६३] ऐजन ।

## २.१० रुचि

लगाउने तथा खानेकुरामा खासै सोख नभएका गोविन्दप्रसाद सामान्य दालभात नै मन पराउँथे । त्यस्तै लगाउने लुगामा पनि उनी साधारण दौरा सुरुवाल नै रुचाउँथे ।[६४] उनी परिस्थिति अनुसार जो उनी मिल्छ त्यही खाने लाउने गर्दथे ।[६५]

फूलहरूमा भने उनको असाध्यै रुचि थियो । रातो गुलाफको फूल उनलाई असाध्यै मनपर्थ्यो ।[६६] सनातन धर्ममा अगाध आस्था राख्ने गोविन्दप्रसाद हरेक बिहान नित्यकर्म सकी पाञ्चायनादिको पूजा सकेर मात्र भोजन गर्न रुचाउँथे ।[६७] उनी इष्टदेव तथा देवीको रूपमा विष्णु र दुर्गा भगवतीको आराधना गर्दथे ।[६८] नेपाली पञ्चैबाजा असाध्यै मन पराउने गोविन्दप्रसाद 'बन्दीपुरे उकाली लामो', बोलको गीत रुचिका साथ सुन्ने गर्दथे भने गायकमा हरिप्रसाद रिमाल र गीतकारमा म.वि.वि.शाहलाई मनपराउँथे ।[६९] रङहरूमा रातो रङ मन पराउने गोविन्द स्थानहरूमा भने आफ्नो जन्मस्थल सिन्धुली जिल्लाको पुरानो झाँगाझोली नै मन पराउँथे ।[७०]

नेपालमा समन्वयात्मक राजनीति होस् भन्ने चाहना राख्ने गोविन्दप्रसाद वी.पी. कोइरालाको राजनैतिक चिन्तन असाध्यै मनपराउँथे ।[७१] साहित्यकारमा सोमनाथ र लेखनाथलाई मनपराउँथे । त्यस्तै शास्त्रसम्मत साहित्यप्रति नै उनको विशेष रुचि थियो । यताउता हिँडदा उनी साइत हेरेर हिँड्न रुचाउँथे ।[७२]

## २.११ सुख दुःखका स्मरणीय क्षणहरू

बाल्यकालमा अत्यन्तै पुलपुलिएका गोविन्दप्रसादले घरमा श्राद्ध खान आएका आफ्ना जेठाबाबुलाई जथाभावी गाली गरेका र उनले खान नखाईकन फर्केको घटनालाई जीवनको

---

[६४] ऐजन ।
[६५] ऐजन ।
[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन ।

उत्तरार्द्धसम्म पनि नमीठोसँग सम्झने गर्दथे ।[७३] विद्यार्थी जीवनको सुरुआतसँगै स्थायी जस्तै बनेका दु:खका क्षणहरू भने गोविन्दप्रसादको मनमा सधैँ ताजा नै रहने गर्दथे । [७४]

गोविन्दप्रसादले एक दिन घुम्दैजाँदा १९९७ सालको पर्चाकाण्डमा मुछिएर झुन्ड्याइएका धर्मभक्तलाई देखेका थिए ।[७५] त्यस रात उनले सपनामा सातचोटि धर्मभक्तलाई झुन्ड्याएकै दृश्य देखेका थिए ।[७६] त्यस्तो हृदयविदारक घटनाले सधैंभरी आफ्ना मनमा गहिरो चोट लागेको कुरा उनी सधैंभरि स्मरण गर्ने गर्दथे । धर्मभक्तको त्यस्तो दृश्य देखेर मर्माहत बनेका गोविन्दप्रसादले गङ्गालाललाई फाँसी दिएको दृश्य हेर्न जान नसकेको कुरा पनि स्मरण गरेका छन ।[७७]

आफ्नो सन्ततिहरूको पढाइप्रति अत्यन्त सजग एवम् चिन्तित गोविन्दप्रसादले ठूली छोरी इन्दिरालाई कलकत्तामा डाक्टर पढाउन महेन्द्रबाट सहयोग पाएपछि अत्यन्तै हर्षित भएका थिए र उक्त क्षणलाई उनले आफ्नो जीवनको एक सुखद क्षण मानेका देखिन्छ ।[७८]

### २.१२ धार्मिक आस्था

संसार विश्वासमा अडेको छ र त्यो विश्वास मान्छेले हरेक कुराहरूमा गरेको हुन्छ । त्यस्तै विश्वास गर्ने एउटा विषय धर्म पनि हो । हरेक मानिसमा आ-आफ्नो धर्मप्रति अगाध आस्था एवम् विश्वास रहेको हुन्छ । यो एक मानवसुलभ गुण नै हो ।

गोविन्दप्रसाद भट्टराई पनि धर्ममा विश्वास गर्दथे । उनी हिन्दू सनातनी धर्म मान्दथे । मानिसको समग्र विकासमा स्वधर्मको ठूलो महत्त्व हुन्छ भन्नेमा उनी गहिरो विश्वास गर्दथे । उनी आफ्नो इष्टदेव तथा इष्टदेवीका रूपमा भगवान विष्णु र दुर्गाको भगवतीको पूजा-अर्चना गर्दथे । उनी हरेक विहान नित्यकर्मपश्चात् पाञ्चायनादिको पूजा सकेर मात्र भोजन गर्दथे । धर्मको नाममा देखिने विकृतिहरूप्रति उनी खुलेर विरोध गर्ने गर्दथे ।

### २.१३ कार्यक्षेत्रमा संलग्नता

अनौपचारिक रूपमा विद्यार्थी जीवनदेखी नै कार्यक्षेत्रमा लागिसकेका गोविन्दप्रसादले औपचारिक रूपमा भन्ने शास्त्री उत्तीर्ण गरेपछि दुम्जास्थित स्कूलमा केही समय पढाएका

---

[७३] गोविन्दप्रसाद भट्टराईका अप्रकाशित 'आत्मकथा' अनुसार ।

[७४] ऐजन ।

[७५] ऐजन ।

[७६] ऐजन ।

[७७] ऐजन ।

[७८] ऐजन ।

थिए ।[७९] १९९६ सालमा आचार्य उत्तीर्ण गरेपछि उनले रानीपोखरी पाठशालामा अध्यापन कार्य  गर्न थालेका थिए ।[८०] त्यसपछि संस्कृत महाविद्यालय (हालको त्यसपछि वाल्मीकि क्याम्पस), भक्तपुर क्याम्पस, त्रिभुवन विश्वविद्यालय त्रिपुरेश्वरमा पनि प्राध्यापन गरेका थिए ।[८१] उनले २०२५ देखि २०३५ सम्म रेडियो नेपालमा धार्मिक प्रवचनकर्ता एवम् वेदको व्याख्याताका रूपमा कार्य गरेका थिए ।[८२] २०३० सालदेखि भने क्याम्पसबाट अवकाश प्राप्त गरी घरमै रहेर अध्ययन एवम् ग्रन्थ रचना गरी शेष जीवन बिताएका थिए ।

## २.१४ विविध क्षेत्रमा सक्रियता

मानिस आफ्नो जीवनमा केही न केही काम गर्न चाहन्छ । यो मानिसको स्वभाव नै हो । गोविन्दप्रसादले पनि आफनो जीवनकालमा धेरै कामहरू गरेका थिए । आफ्नो अध्ययनकै क्रममा पनि विभिन्न कार्यमा संलग्न हुँदै आएका गोविन्दप्रसाद २००७ साल अघि केही समय राजनीतिमा सक्रिय भएका थिए तर २००७ देखि २०१७ सम्मका राजनैतिक घटनाहरूले उनमा राजनीतिप्रति वितृष्णा पैदा गरिदिए । फलस्वरूप तत्कालीन राजनेताहरूको आलोचना गर्दै उनी राजनीतिबाट टाढा भएका थिए ।[८३]

साहित्य साधनमा विशेष रुचि भएका गोविन्दप्रसादले महाकाव्य, उपन्यास, निबन्धका अतिरिक्त अनुवाद साहित्यमा पनि कलम चलाएका छन् । समाज सुधारका कार्यमा पनि गोविन्दप्रसादको चासो रहेको पाइन्छ । उनले महाराजगन्जको कान्ति पुस्ताकालय स्थापना गर्न र कान्ति सांस्कृतिक केन्द्रको भवन निर्माण गर्न ठूलो सहयोग गरेका थिए ।[८४]

## २.१५ सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा ठूलो योगदान गरेका तथा प्राध्यापनका अतिरिक्त अन्य कार्यहरूमा पनि संलग्न गोविन्दप्रसादले विभिन्न सम्मानहरू पनि प्राप्त गरेका थिए । २०१७ मा संस्कृत छात्रसङ्घ नेपाल तथा संस्कृत महाविद्यालय छात्र समितिबाट प्रशंसापत्र पनि प्राप्त गरेका थिए ।[८५] २०१९ मा भक्तपुर कलेजबाट पुनः प्रशंसापत्र तथा २०१९ मै संस्कृत

---

[७९] गोविन्दप्रसाद भट्टराईका अप्रकाशित 'आत्मकथा' अनुसार ।

[८०] ऐजन ।

[८१] ऐजन ।

[८२] ऐजन ।

[८३] डा. दीपकप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[८४] ऐजन ।

[८५] ऐजन ।

महाविद्यालय छात्र समितिको तर्फबाट प्रशंसापत्र प्राप्त गरेका थिए ।[८६] उनले २०२६ सालमा श्री ५ महेन्द्रबाट गोरखा दक्षिणबाहु प्राप्त गरेका थिए ।[८७] त्यस्तै २०३० मा जनपद सेवा तथा २०३० मै दीर्घ सेवापट्ट पनि प्राप्त गरेका थिए ।

## २.१६ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

साहित्यप्रति निकै रुचि भएका गोविन्दप्रसाद भट्टराईले मध्यमा उत्तीर्ण गरेपछि नै लेखनकार्य आरम्भ गरे पनि उनको पहिलो प्रकाशित कृति भने 'पृथ्वी महेन्द्र' (२०१९) नै हो । त्यसपछि उनका 'भावना' महाकाव्य लगायतका अन्य थुप्रै कृतिहरू प्रकाशित भएका छन् । उनको अन्य फुटकर रचनाहरू भने 'मर्यादा', 'प्रज्ञा' तथा 'जयतुसंस्कृतम्' जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । यसरी थुप्रै कृतिहरूको सृजना गरेका गोविन्दप्रसादका कतिपय कृतिहरू अझै प्रकाशोन्मुख अवस्थामा पनि रहेका छन् ।[८८]

## २.१७ साहित्यिक मान्यता

इतिहासका गौरवगाथा र पूर्वीय पौराणिक विषयहरूबाट नै आफ्ना साहित्यको विषय चयन गर्ने गोविन्दप्रसादले कुनै पनि साहित्यिक कृति पूर्वीय साहित्यशास्त्रले स्थापना गरेका आधारभूत मान्यतानुरूप नै रचिनुपर्नेमा विश्वास गर्दथे ।[८९]

## २.१८ जीवनको अन्तिम प्रहर

गोविन्दप्रसाद भट्टराईले जीवनभर नेपाली साहित्यको सेवा गरिरहे ।[९०] बुढेसकालसम्म पनि उनी अत्यन्त जोस र जाँगरका साथ साहित्य साधनामै दत्तचित्त रहे ।[९१] जागिरबाट अवकाश प्राप्त गरेपछि पनि उनी घरमै बसी लेख्न तथा अध्ययन कार्यमा व्यस्त रहेका थिए ।[९२] जीवतका अन्तिम दिनहरू उनले महाराजगन्जस्थित आफनो घरमै बिताएको पाइन्छ ।[९३]

गोविन्दप्रसाद भट्टराई आफ्ना जीवनका अन्तिम दिनहरूसम्म पनि आफ्ना कृतिहरूप्रति असाध्यै चिन्तित थिए ।[९४] आफूले लेखेका कृतिहरू कहिले प्रकाशित होलान्

---

[८६] ऐजन ।

[८७] ऐजन ।

[८८] ऐजन ।

[८९] ऐजन ।

[९०] डा. दीपकप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[९१] ऐजन ।

[९२] ऐजन ।

[९३] ऐजन ।

[९४] ऐजन ।

भन्ने चिन्ता मात्र गरिरहन्थे ।[९५] आफ्ना सन्तानहरूको राम्रो भएको देख्न र आफ्ना कृतिहरू प्रकाशित भएको हेर्न उनको मन सधैं चिन्तित रहन्थ्यो ।[९६] २०४२ साल साउन महिना उनलाइ वीर अस्पताल लगियो ।[९७] उनलाई दाहिने पिडौलाको नशामा रगत जम्ने रोगले च्यापेको रहेछ ।[९८] त्यहाँ उपचार गराइसकेपछि ठीक हुन्छ भन्दै डाक्टरले एक हप्ताका लागि औषधी थप गरी घर फर्काइदिएका थिए । त्यसपछि उनलाई केही बिसेक भएझैं भएको थियो ।[९९]

### २.१९ देहावसान

गोविन्दप्रसाद भट्टराई, वीर अस्पतालमा उपचार गराएर घर फर्किए । उनीलाई ठीक भयो र अझै बाँच्छु भन्ने आत्मबल पनि बढेर आयो । त्यसपछि उनले घरमा जम्मा भएका छोराछोरीलाई आ आफ्नो कार्यक्षेत्रमा फर्काइदिएर उनी महाराजगन्जस्थित आफ्नो घरमा चतुरबहादुर मगर नामको पियनका साथमा बसेका थिए ।[१००] यसैबीच २०४२ साल साउन २८ गते चतुरबहादुर मगरकै काखमा भेनस थम्बोसिस नामक प्राणघातक रोगका कारण उनले देहत्याग गरे ।[१०१]

### २.२० जीवनदर्शन

गोविन्दप्रसाद भट्टराईको जीवनदर्शन पूर्वीय परम्पराबाट प्रभावित थियो ।[१०२] उनी पूर्वीय सनातनी धर्म परम्परालाई मान्दथे ।[१०३] मानिसको जीवनमा स्वधर्मको ठूलो महत्त्व हुन्छ र त्यसैले मानिसलाई नैतिकवान् बनाउँछ भन्ने कुरामा उनको ठूलो विश्वास थियो ।[१०४] उनी हिन्दू सनातनी धर्ममा देखापरेका रुढिहरूप्रति ज्यादै सजग थिए । उनलाई आफ्नो देश, आफ्नो जाति र आफ्नो सिर्जनाहरूप्रति अगाध आस्था थियो । उनको जीवनजगत्प्रतिको दृष्टिकोणलाई हेर्दा उनी एक आदर्शवादी व्यक्तिका रूपमा देखापर्दछन् ।[१०५]

---

[९५] ऐजन ।
[९६] ऐजन ।
[९७] ऐजन ।
[९८] ऐजन ।
[९९] ऐजन ।
[१००] ऐजन
[१०१] ऐजन ।
[१०२] ऐजन ।
[१०३] ऐजन ।
[१०४] ऐजन ।
[१०५] ऐजन ।

# तेस्रो परिच्छेद

# गोविन्दप्रसाद भट्टराईको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिका विशेषताहरू थाहा पाउनका लागि उसको व्यक्तित्वको पहिचान गर्नुपर्दछ । सामान्यतः व्यक्तित्व दुईप्रकारको हुन्छ :- आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्व । व्यक्तिको आन्तरिक व्यक्तित्व उसका आन्तरिक गुणसँग सम्बन्धित हुन्छ भने बाह्य व्यक्तित्व शारीरिक बनोट रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ । यस परिच्छेदमा गोविन्दप्रसाद भट्टराईका व्यक्तित्वका यिनै दुई पाटाहरूको विवेचना गरिएको छ ।

## ३.२ शारीरिक बनोट तथा बाह्य व्यक्तित्व

गोविन्दप्रसाद अग्लो, गहुँगोरो वर्ण, लाम्चो अनुहार भएका व्यक्ति थिए ।[१०६] सरल, विनम्र, मिलनसार र हँसिला गोविन्दप्रसाद कडा परिश्रममा विश्वास गर्ने, साहसी तथा उच्च मनोबल भएका व्यक्ति थिए ।[१०७] रिसाइहाले पनि तुरुन्त शान्त भइहाल्ने उनको स्वभाव थियो ।[१०८] जीवनमा उनी सदैव क्रियाशील तथा सृजनामा समर्पित भइरहन्थे ।[१०९] उनका शारीरिक व्यक्तित्व र स्वभावको गुणहरू नै उनको आन्तरिक व्यक्तित्व निर्माणका आधारस्तम्भ सावित भएका छन् ।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसले जीवनमा गरेका विभिन्न कार्यहरूबाटै स्थापित भएको हुन्छ । मानिसको व्यक्तित्व निर्धारणमा उसको परिवार, सामाजिक, आर्थिक एवम् सांस्कृतिक पृष्ठभूमिका साथै राजनैतिक घटनाक्रम एवम् व्यक्तिका रुचि, स्वभाव, शिक्षादीक्षा, पेसा तथा जीवनजगत्प्रतिको दृष्टिकोणले पनि निर्णायक भूमिका खेलेका हुन्छन् । यी सबै पक्षहरूका आधारमा गोविन्दप्रसादका बहुआयामिक व्यक्तित्वका पाटाहरूलाई निम्नानुसार वर्गीकरण गरी चर्चा गर्न सकिन्छ :

### ३.३.१ साहित्यकार व्यक्तित्व

सिर्जनशील व्यक्तित्व नै गोविन्दप्रसाद भट्टराईको एक प्रमुख एवम् महिमाशाली व्यक्तित्व हो । उनले आफ्नो जीवनमा विद्यार्थीकालदेखि नै सिर्जनामा रुचि लिएको पाइन्छ ।

---

[१०६] किशोरप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[१०७] ऐजन ।

[१०८] ऐजन ।

[१०९] ऐजन ।

उनका एकदर्जन जति कृतिहरू छापिएका छन् । तिनै कृतिहरूका माध्यमबाट उनले नेपाली साहित्यको श्रीवृद्धि गर्नमा योगदान पुऱ्याएका छन् ।

गोविन्दप्रसाद भट्टराई बहुमुखी साहित्यकार हुन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । पद्यतर्फ पनि उनले कलम चलाएका छन् भने गद्यतर्फ पनि उनको कलम त्यत्तिकै सशक्त रूपमा चलेको पाइन्छ । पद्यमा उनको महाकाव्य प्रकाशित भएको छ भने गद्यमा उपन्यास, निबन्ध, नाटिका तथा अन्य समालोचनात्मक कृतिहरू पनि प्रकाशित भएका छन् । त्यसैगरी अनुवाद साहित्यमा पनि उनको रुचि रहेको पाइन्छ । उनको बहुमुखी साहित्यिक व्यक्तित्वका प्रमुख आयामहरू यसप्रकार रहेका छन् :

**(क) कवि**

गोविन्दप्रसाद भट्टराई नेपाली काव्याकाशमा एक सुपरिचित नाम हो । उनका दुईवटा महाकाव्यहरू प्रकाशित भएका छन् । प्रकाशनको दृष्टिकोणले उनको 'पृथ्वी-महेन्द्र' महाकाव्य पहिलो प्रकाशित काव्यकृति हो । 'भावना' महाकाव्य उनको दोस्रो प्रकाशित काव्यकृति हो । फुटकर कविताहरू पनि प्रकाशित भएको जानकारी प्राप्त भएपनि ती कविताहरू हाल उपलब्ध छैनन् । यसरी हेर्दा दुई प्रकाशित महाकाव्यकृतिहरूको माध्यमबाट मात्रै पनि गोविन्द प्रसाद भट्टराई नेपाली साहित्यका सफल कवि व्यक्तित्वका रूपमा स्थापित हुन पुगेका छन् ।

**(ख) निबन्धकार**

गोविन्दप्रसाद भट्टराई आफ्नो साहित्यिक यात्रामा निबन्धकारका रूपमा पनि परिचित छन् । उनको 'नेपाल र नेपाली' नामक निबन्ध-सङग्रह पनि प्रकाशित भएको छ । यसरी हेर्दा गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यको निबन्ध विधामा पनि सशक्त रूपले कलम चलाउने एक निबन्धकार व्यक्तित्वका रूपमा परिचित छन ।

**(ग) उपन्यासकार**

गोविन्दप्रसाद भट्टराई नेपाली साहित्यमा उपन्यासकारका रूपमा पनि परिचित छन् । उनको 'सत्यसङकल्प' नामक उपन्यास २०३७ सालमा प्रकाशित भएको छ । 'जयश्री' नामक उपन्यासको पनि रचना गरेको तर आर्थिक अभावका कारण प्रकाशन गर्न नसकेको कुरा 'पृथ्वी-महेन्द्र' महाकाव्यको भूमिकामा उल्लेख गरेका छन् । यसरी हेर्दा उनी उपन्यास विधामा पनि सशक्त रूपमा कलम चलाउन सक्ने स्रष्टाका रूपमा देखिएका छन् ।

**(घ) अनुवादक एवम् समालोचक**

गोविन्दप्रसाद भट्टराई कविता, निबन्ध, उपन्यास सिर्जनाका अतिरिक्त अनुवाद कार्यमा पनि सक्रिय रहेका छन् । उनले संस्कृत दर्शन र साहित्यिक कृतिहरूको नेपालीमा अनुवाद गर्ने कार्य गरेका छन् । उनका अनूदित कृतिहरूमा 'वृत्तकल्पलतिका', 'रामाङ्क नाटिका (२०२९)', 'भरतमुनिको नाट्यशास्त्र' (२०३९), 'श्रीमद्भगवद्गीता' (२०४२) हुन । यी कृतिहरू मार्फत उनले आफूलाई एक सफल अनुवादको रूपमा स्थापित गरेका छन् । अर्को 'पूर्वीय काव्य-सिद्धान्त' (२०३१) उनको एक अत्यन्त महत्त्वपूर्ण समालोचनात्मक ग्रन्थ हो ।

यी बाहेक भट्टराईले लेखेका साहित्येतर पुस्तकहरू पनि प्रकाशित भएका छन् । तत्कालीन समयको राजनीति झल्कने 'पञ्चायत व्यवस्था : पृष्ठभूमि र आधार' नामक कृति उनले २०२५ सालमा प्रकाशित गरेका छन् । त्यस्तै नेपालमा विद्यमान मूर्तिहरू बारे जानकारी लिन उनले पाठकहरूलाई सजिलो होस भनेर 'मूर्तिकला' नामक कृति(२०४२) पनि प्रकाशित गरेका छन् ।

### ३.३.२ शिक्षक-प्राध्यापक व्यक्तित्व

सिन्धुलीको झाँगाझोलीमा ब्राह्मण परिवारमा जन्मी साहित्यमा आचार्य गरेका गोविन्दप्रसाद भट्टराईको शिक्षक तथा प्राध्यापक व्यक्तित्व अर्को एक महत्त्वपूर्ण उल्लेखनीय व्यक्तित्व हो । वि.स.१९९४ साल मार्ग महिनादेखि रानीपोखरी पाठशालामा शिक्षकको रूपमा प्रवेश गरेका भट्टराईले वाल्मीकि क्याम्पस, भक्तपुर कलेज तथा त्रिभुवन विश्वविद्यालय त्रिपुरेश्वरमा प्राध्यापकको रूपमा कार्य गरी अवकाश प्राप्त गरेका थिए ।

### ३.३.३ प्रवचक व्यक्तित्व

पूर्वीय दर्शनका ज्ञाता गोविन्दप्रसाद भट्टराईले २०२५ देखि २०३५ सम्म रेडियो नेपालमा धार्मिक प्रवचन एवम वेदको व्याख्याताका रूपमा कार्य गरेका थिए । यसबाट उनको प्रवचनकर्ता व्यक्तित्व पनि मुखरित भएको थियो ।

### ३.३.४ समाजसेवी व्यक्तित्व

मानिस चेतनशील प्राणी हो । ऊ स्वभावैले आफ्नो र आफ्नो समाजको उन्नति एवम् प्रगति चाहन्छ । गोविन्दप्रसाद भट्टराईमा पनि समाजसेवी भावना विद्यमान थियो ।

पेसाका हिसाबले प्राध्यापनमा लागेका भट्टराई सिर्जनामा समेत निकै रुचि राख्दथे । तत्कालीन समसामयिक परिवेशबाट प्रभावित भई गोविन्दप्रसाद भट्टराईले २००७ सालदेखि

राजनितिमा पनि चासो लिन थालेका थिए । तर २००७ देखि २०१५ सम्मका राजनैतिक घटनाक्रमबाट देशमा अस्थिरता उत्पन्न भएको महसुस गरी उनी त्यसबाट टाढा भएका थिए । यसबाट पनि भट्टराईमा समाजसेवाको भावना स्पष्ट हुन्छ । त्यसैगरी सार्वजनिक हितका कार्यमा पनि उनको चासो रहेको पाइन्छ भन्ने कुरा उनले महाराजगन्जको पुस्तकालय स्थापना गर्न र कान्ति सांस्कृतिक केन्द्रको भवन बनाउन प्रत्यक्ष सहयोग गरेबाछ पनि प्रस्ट हुन्छ ।

# चौथो परिच्छेद

# गोविन्दप्रसाद भट्टराईका कृतिहरूको अध्ययन

## ४.१ कृति विवरण

२०१९ सालमा 'पृथ्वी-महेन्द्र' महाकाव्य प्रकाशित गराएर नेपाली साहित्यका क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका गोविन्दप्रसाद भट्टराईले आफ्नो जीवनावधिमा थुप्रै साहित्यिक कृतिहरूको रचना गरेका छन् । उनका दर्जनौं पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनले साहित्यिक र साहित्येतर दुवै विद्यामा कलम चलाएका छन् । उनका २ वटा महाकाव्य, एउटा निबन्ध सङ्ग्रह, एउटा उपन्यास, ४ वटा अनूदित कृतिहरू तथा २ वटा साहित्येतर कृतिहरू पनि प्रकाशित भएका छन् ।

## ४.२ प्रकाशित कृतिहरूको विवरण

गोविन्दप्रसाद भट्टराईले थुप्रै पुस्तकाकार कृतिहरूको रचना गरेका भए तापनि प्रकाशित कृतिहरू चाहिँ निम्नानुसार छन :

| क्र.स. | प्रकाशित कृति | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | पृथ्वी-महेन्द्र महाकाव्य | स्वयम् | २०१९ |
| २ | भावना महाकाव्य | जगदम्बा | २०२० |
| ३ | पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार | स्वयम् | २०२५ |
| ४ | कवि जगन्नाथ भट्टराई | नेपाली पूर्णाङ्क ५३ | २०२९ |
| ५ | पूर्वीय काव्य-सिद्धान्त | ने.रा.प्र.प्र. | २०३१ |
| ६ | रामाङ्क-नाटिका | ने.रा.प्र.प्र. | २०३२ |
| ७ | वृत्तकल्पलतिका | राष्ट्रिय अभिलेखालय | २०३२ |
| ८ | सत्यसङ्कल्प | स्वयम् | २०३७ |
| ९ | नेपाल र नेपाली निबन्ध | स्वयम् | २०३७ |
| १० | भरतको नाट्यशास्त्र | ने.रा.प्र.प्र. | २०३९ |
| ११ | मूर्तिकला | स्वयम् | २०४१ |
| १२ | श्रीमद्भगवदगीता | स्वयम् | २०४२ |

### ४.३ प्रकाशोन्मुख अवस्थामा रहेका कृतिहरू

२०३४/०३५ सालतिर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वत्वृत्ति प्राप्त गर्दा गोविन्दप्रसाद भट्टराईले 'वेदमा विष्णु' भन्ने ग्रन्थ तयार गरी प्रकाशनको लागि उक्त संस्थामा बुझाएका थिए तर हालसम्म पनि सो ग्रन्थ प्रकाशित भएको छैन ।[११०] 'वेदमा विष्णु' भन्ने ग्रन्थ अत्यन्त महत्त्वपूर्ण एवम् अनुसन्धानका दृष्टिकोणले पनि ज्यादै उच्चकोटिको थियो ।[१११] गोविन्दप्रसाद भट्टराईका पुस्तकाकार र फुटकर गरी थुप्रै कृतिहरू अझै अप्रकाशित अवस्थामा रहेका छन् ।[११२]

### ४.४ कृतिहरूको अध्ययन

#### ४.४.१ साहित्यिक कृतिहरूको अध्ययन

गोविन्दप्रसाद भट्टराईका साहित्यिक कृतिहरू पनि सिर्जनात्मक र समालोचनात्मक गरी दुई थरी रहेका छन् जसको निम्नानुसार क्रमशः अध्ययन गरिएको छ ।

**१) सिर्जनात्मक कृतिहरूको अध्ययन**

गोविन्दप्रसाद भट्टराईका सिर्जनात्मक साहित्यिक कृतिहरू पनि मौलिक र अनूदित गरी दुई किसिमका रहेका छन् जसको निम्नानुसार क्रमशः अध्ययन गरिएको छ :-

(१) 'पृथ्वी-महेन्द्र' २०१९

(२) 'भावना' २०२०

(३) 'कवि जगन्नाथ भट्टराई' २०२९

(४) 'सत्यसङ्कल्प' २०३७

(५) 'नेपाल रनेपाली' २०३७

(६) 'रामाङ्क नाटिका' २०३२

(७) 'श्रीमदभगवदगीता' २०४२

**(१) 'पृथ्वी-महेन्द्र' महाकाव्यको अध्ययन**

**क. महाकाव्य रचनाको पृष्ठभूमि**

'पृथ्वी-महेन्द्र' महाकाव्य गोविन्दप्रसाद भट्टराईको लेखन तथा प्रकाशनको दृष्टिले प्रथम महाकाव्य हो र यो उनको प्रथम प्रकाशित पुस्तकाकार साहित्यिक कृति पनि हो । यस महाकाव्यको रचना २०१६/०१७ सालतिर गरेका कुरा गोविन्दप्रसादले यसै महाकाव्यको

---

[११०] किशोरप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

[१११] ऐजन ।

[११२] ऐजन ।

प्राक्कथनमा गरेका छन् । मातृभाषाको सेवा गर्ने उद्देश्यले प्रस्तुत महाकाव्यको रचना गरेका कुरा पनि गोविन्दप्रसादले प्राक्कथनमै गरेका छन् । यस महाकाव्यकी प्रकाशिका अच्युतकुमारी भट्टराई हुन् । यस महाकाव्यको समर्पण लेख योगी नरहरिनाथ र सोमनाथ शर्माले लेखेका छन् । अवतरणिका र परिचय लेखनकार्य क्रमशः सुन्दरप्रसाद शाह 'दुःखी' र इन्द्रप्रसाद काफ्लेले गरेका छन् ।

**ख. महाकाव्यका आधारभूत तत्त्वका आधारमा 'पृथ्वी–महेन्द्र' महाकाव्य**

**शीर्षकविधान**

गोविन्दप्रसाद भट्टराईद्वारा रचित महाकाव्यको शीर्षकविद्यान काव्यमा प्रस्तुत गरिएका नायकहरूका नामबाट गरिएको छ । यसमा पृथ्वीनारायण शाहदेखि श्री ५ महेन्द्रसम्मको नेपालको एतिहासिक घटनाक्रमको चर्चा क्रमबद्धरूपमा गरिएको छ । यसमा नेपालको विभिन्न समयका १० जना शासकहरू नायकका रूपमा उपस्थित भएका छन् । शीर्षकमा 'पृथ्वी-महेन्द्र' भए तापनि यसको गर्भमा अन्य नायकहरूको नाम लुकेको छ ।

**सर्गबद्धता**

महाकाव्य सर्गबद्ध हुनुपर्छ भन्ने आधारभूत मान्यता पालना गर्दै प्रस्तुत 'पृथ्वी-महेन्द्र' महाकाव्य रचिएको छ । प्रस्तुत महाकाव्यलाई गोविन्दप्रसादले जम्मा सोह्र सर्गमा पूरा गरेका छन् । महाकाव्यमा अखण्ड जीवनको परिपूर्ण चित्र प्रस्तुत भएको हुन्छ । यस आधारमा प्रस्तुत महाकाव्यमा लेखकले जीवनको समग्रतालाई चित्रण गर्ने प्रयास गरेका छन् । यस महाकाव्यको प्रथम सर्गमा शाहवंशको पृष्ठभूमिको सामान्य चर्चा गरिएको छ भने त्यसपछिका सर्गहरूमा पृथ्वीनारायण शाहदेखि महेन्द्रको समयसम्म घटेका घटनावलीहरूको चित्रण गरिएको छ । यति हुँदाहुँदै पनि यस महाकाव्यमा राजा महेन्द्रको समयको चर्चा अलिक बढी नै गरिएको छ । सर्गबद्धताको नियमलाई पालना गर्दै सर्गान्तमा छन्द परिवर्तनसहित पछिल्लो कथानकको सामान्य सूचना दिनेजस्ता नियमहरूको पनि उनले पालना गरेका छन् ।

**कथानक**

प्रस्तुत 'पृथ्वी -महेन्द्र' महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित महाकाव्य हो । यसमा नवनेपालका निर्माता पृथ्वीनारायण शाहदेखि राजा महेन्द्रसम्मको लामो समयको इतिहासलाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस महाकाव्यको कथावस्तुको आरम्भ शाहवंशको पूर्वज मिचाखानदेखि द्रव्य शाह, राम शाह, नरभूपाल शाहसम्मका प्रमुख

घटनाहरूका साथै उनीहरूका विभिन्न सुधारका कार्यहरूसँगै गरिएको छ । त्यसपछि पृथ्वी नारायण शाहको जन्मका साथसाथै विशाल नेपालको निर्माणार्थ विभिन्न समयका भिन्दाभिन्दै ठाँउमा भएका आक्रमण प्रतिआक्रमणका घटनाहरू चर्चा गरिएको छ । यसमा प्राचीन ऐतिहासिक घटनाक्रम निरन्तर रूपमा बहेको छ । पृथ्वीनारायण शाहबाट भएका विभिन्न ठाँउहरूको विजयको घटना पनि ज्यादै सहज ढङ्गमा गरिएको छ । त्यसपछि पृथ्वीनारायण शाहको अवसान तथा प्रतापसिंह शाहको उदयसँगै बाइसी, चौबिसी राज्यसँगको लडाइँ एवम् विजय पराजयका घटनाहरूको चर्चा गरिएको छ । दुई मित्रराष्ट्रहरूसँगको सन्धि सम्झौताका कुराहरू, देवर भाउजू तथा काका भतिजाबीचको मनमुटाव नेपालको सिमाना सतलजसम्म पुगेको कुराहरूको पनि रोचक ढङ्गले चर्चा गरिएको छ । त्यसपछि नेपालमा एक शासकको अवसान र अर्काको उदयको क्रम निरन्तर चलिरहेको र कुशल शासकको पालामा नेपाल उत्थानतिर तथा कमजोर शासकको पालामा नेपाल पतनतिर उन्मुख भएका कुराहरू पनि यसै महाकाव्यमा रहेका छन् । नेपालको सुन्दरताप्रति आर्कषित हुँदै अङ्ग्रेजहरूले चारैतिरबाट आक्रमण गरेका र भक्ति थाापा, अमरसिंह थापा, बलभद्र कुँवर जस्ता वीर योद्धाहरूले आइमाई र केटाकेटी मिली साहसपूर्वक लडेका घटनाहरूपनि यसमा रहेका छन् । कोतपर्व तथा भण्डारखालपर्व घटाई जहाँनिया निरङ्कुश राणाशासनको उदय राजा राजेन्द्रको पालामा भएको र नेपाललाई तथा नेपाली जनतालाई १०४ वर्षसम्म अन्धकारमा राखेका कुराहरू पनि प्रस्तुत भएको छ । राणा प्रधानमन्त्रीहरूमा सुधारवादी प्रवृत्तिका पनि रहेका र उनीहरूको सुधारका कार्यहरूको वर्णन पनि यसमा रहेको छ । अत्याचारी राणाशासनको अन्त्यका लागि भएको जनविद्रोहका साथै राजा त्रिभुवनले चालेका कदमको वर्णन पनि यसै महाकाव्यमा रहेको छ । १०४ बर्षीय जहानिया राणाशासनको अन्त्य एक प्रभावशाली शासक त्रिभुवनको अन्त्यले नेपाली जनतामा छाएको शोकको चर्चा ज्यादै मार्मिक ढङ्गमा गरिएको छ । राजा महेन्द्रले राजकाज सम्हालेपछि छाएका अस्थिरताहरू पनि मार्मिक ढङ्गले चित्रित भएका छन् । यसमा मन्त्रीमण्डल गठन र विघटन, जननिर्वाचनका कुरा तथा निर्दलीय पञ्चायत व्यवस्थाको घोषणाका कुराहरू पनि यस महाकाव्यमा प्रस्तुत भएका छन् । यस महाकाव्यमा अन्यको तुलनामा राजा महेन्द्रको समयको चर्चा बढी गरिएको छ । यो महाकाव्य राजभक्तिको एक अनुपम उदाहरणीय कृति हो ।

शाहवंशीय राजाहरू र उनीहरूकै समयमा नेपालमा घटेका विविध ऐतिहासिक घटनावलीहरूको वर्णनमा केन्द्रित प्रस्तुत 'पृथ्वी-महेन्द्र' महाकाव्य एक ऐतिहासिक

बिषयवस्तुमा आधारित महाकाव्य हो । यसको प्रथम सर्गमा मङ्गलाचरणपछि शाहवंशको पृष्ठभूमिको वर्णनसँगै कथावस्तुको आरम्भ गरिएको छ । त्यसपछि राणाशासनको उदयसँगै कथावस्तुले मध्यभागमा प्रवेश गरेको छ । राणाशासनको पतनसँगै कथावस्तुले उत्कर्षता प्राप्त गरेको छ भन्ने अन्तिम षोडश सर्गको सुरुआतसँगै कथानक फलागमतिर उन्मुख हुन पुगेको छ ।

**पात्रविधान**

प्रस्तुत 'पृथ्वी-महेन्द्र' महाकाव्यमा धेरै पात्रहरू रहेका छन् । यसमा पृथ्वीनारायण शाहदेखि महेन्द्रसम्मको समयमा नेपालमा घटेका विभिन्न घटनाहरूका साथै घटनाहरू प्रत्यक्ष भोग्ने एवम् घटना घटाउने पात्रहरू पनि रहेका छन् ।

प्रस्तुत महाकाव्यमा पुरुष पात्र तथा नारीपात्रहरूको उल्लेख्य भूमिका रहेको छ । यसमा पृथ्वीनारायण शाह जस्तो वीर, विश्वविजयाकाङ्क्षी, दूरदर्शी राजादेखि लिएर उनका सन्ततिहरू प्रतापसिंह शाह, रणबहादुर शाह, गीर्वाणयुद्धविक्रम, राजेन्द्र, सुरेन्द्र, पृथ्वीविक्रम, त्रिभुवन र महेन्द्रजस्ता राजनेताहरू नायकका रूपमा उपस्थित भएका छन् । नेपालको चौतर्फी विकास एवम् अस्तित्व कायम गर्ने कार्यमा भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवर, भीमसेन थापा जस्ता महान् पुरुषहरू पनि यसमा रहेका छन् । नेपाल र नेपालीको अस्मितामाथि खेलवाड गर्ने, जहाँनिया निरङ्कुश शासनको सुरुआत गर्ने राणा प्रधानमन्त्री जङ्गबहादुर जस्तो खलनायक र उनका भारदारहरू पनि खल चरित्रकै रूपमा महाकाव्यमा उपस्थित भएका छन् । जननिर्वाचित नेताहरू पनि यस महाकाव्यका चरित्रका रूपमा देखिएका छन् ।

नेपालको इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्ने नारी पात्रहरू पनि प्रस्तुत महाकाव्यमा उपस्थित भएका छन् । यस्ता महान् नारीहरूमा राजेन्द्रलक्ष्मी, राजराजेश्वरी, ललितत्रिपुरासुन्दरी हुन् । यिनीहरू यस महाकाव्यमा प्रमुख नारीका रूपमा उपस्थित भएका छन् । यसमा अन्य पनि थुप्रै नारी पात्रहरू रहेका छन् । विभिन्न राजाका महारानीहरू जसले देशमा विभिन्न समयमा सुधार गर्न तथा अस्थिरता उत्पन्न गर्न पनि प्रत्यक्ष र परोक्ष रूपमा सफल भए तिनीहरू पनि नारीपात्रको रूपमा उपस्थित भएका छन् ।

प्रस्तुत महाकाव्यमा नेपालको १८२५ देखि २०१८ सम्मको राजनीतिक घटनाहरू भएकोले अनगिन्ती पात्रहरू रहेका छन् ।

**लयविधान**

छन्द सम्पूर्ण काव्यविधाकै एक अनिवार्य तत्त्व हो । यसमा १५ वटा शास्त्रीय वर्णमात्रिक छन्द र एकमात्र मात्रिक छन्दको प्रयोग महाकाव्यकारले गरेका छन् । प्रस्तुत महाकाव्यमा दोधक, स्वगता, शार्दूलविक्रीडित, वसन्ततिलका, स्रग्धरा, उपजाति, मन्दाक्रान्ता, अनुष्टुप, मालिनी, प्रहर्षिणी, द्रुतविलम्बित, पृथ्वी, जस्ता श्रुतिमधुर शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोगका साथै एकमात्र मात्रिक छन्द आर्या छन्दको प्रयोग गरेका छन् र यी बाहेक सवाई, भ्न्याउरे जस्ता लोकछन्दहरूको प्रयोग पनि महाकाव्यकारले गरेका छन् ।

प्रस्तुत महाकाव्यमा कविले नेपाली भाषाका शब्दहरूले लेख्य मानक रूपकै प्रयोग गरेका छन् भने लय मिलाउनका लागि कतै-कतै कथ्य नेपाली भाषानुरूपका शब्दहरूको प्रयोग पनि गरेका छन् । यसमा कतिपय व्याकरणिक अशुद्धता पनि फेला पर्दछन् तापनि ज्यादाजसो अन्त्यानुप्रासीयता र आन्तरिक अनुप्रासीयताका प्रयोगले यस महाकाव्यको लयप्रयोग निकै प्रवाहमय र श्रुतिमधुर बन्न पुगको छ ।

**भावविधान**

भावविधान वा रसविधान समग्र साहित्यकै एक अत्यन्तै महत्त्वपूर्ण तत्त्व भए जस्तै महाकाव्यको पनि एक महत्त्वपूर्ण तत्त्व हो । महाकाव्यको आधारभूत सिद्धान्तले महाकाव्यमा रससमग्रताको अभिव्यक्तिको चाहना गरेको हुन्छ । जीवन समग्रताको अभिव्यक्ति महाकाव्यमा हुने भएकाले समग्र रसको अपेक्षा महाकाव्यले गर्नु स्वाभाविकै हो । महाकाव्यकारले यस महाकाव्यमा अङ्गीरसका रूपमा वीररसको प्रयोग गरेका छन् । यसका ऐतिहासिक घटना नै प्रमुख कथानकको रूपमा प्रस्तुत भएकोले अङ्गीरसको रूपमा हुनु अत्यन्त स्वाभाविक छ । लडाईका प्रसङ्गमा यहाँ भयानक रौद्र जस्ता रसहरू पनि प्रवाहित भएका छन् । राजारानीहरूको प्रेम प्रसङ्गमा श्रृङ्गार तथा नायक नायिकाहरूको निधनमा करुण रस पनि प्रवाहित भएको पाइन्छ ।

यसरी प्रस्तुत महाकाव्यमा रसभावका दृष्टिले उपर्युक्त अनेक रसभावको प्रयोग भएको देखिन्छ ।

**भाषाशैली र शिल्प**

भाषाशैली महाकाव्यसम्बन्धी महत्त्वपूर्ण तत्त्व हो । महाकाव्यमा भव्य, उदात्त किसिमको भाषाशैलीको आवश्यक पर्दछ । प्रस्तुत महाकाव्यमा पनि गोविन्दप्रसादले भव्य एवम् उदात्त किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । यस महाकाव्यमा संस्कृत तत्सम

शब्दहरूकै बहुलता रहेको छ । यसमा झर्रा नेपाली शब्दहरू लगायत कहीँ कतै अङ्ग्रेजी, हिन्दी स्रोतका आगन्तुक शब्दहरूको प्रयोग पनि भेटिन्छ । यसमा नयपाल, चिदालय, काव्यविधु, मदनानल, नृप, महीपाल, शक्तित्रय, पुष्पवाटीका, नृपमातृ, कपाट, सुत, तिमिर, भास्कर आदि जस्ता संस्कृत तत्सम शब्दहरू पब्लिक, डलर, प्रोजेक्ट, मेशिन, इन्जिन, रेल्वे, रिकण्डीशन, हेन्डपम्प आदि जस्ता अङ्ग्रेजी आगन्तुक र दूर, खातिर, पठानी जस्ता हिन्दी आगन्तुक शब्दहरू पनि यसमा प्रयोग भएको छ । प्रस्तुत काव्यमा कविले सुरुदेखि अन्त्यसम्म नै प्रायः अन्त्यानुप्रासीयताको श्रुतिरम्यताको मधुरता भरेका छन् ।

शिल्पपक्ष समग्र काव्यविधाकै एक अनिवार्य तत्त्व हो त्यसैले प्रस्तुत महाकाव्यमा अनेक बिम्ब र अलङ्कारहरूको सहज आयोजना गरिएको देखिन्छ । यसमा अलङ्कार विधानका दृष्टिले हेर्दा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरिएको छ । यसरी विभिन्न अलङ्कारहरूको प्रयोगले गर्दा प्रस्तुत काव्यको शिल्पपक्ष सुन्दर बन्न पुगेको छ । यस काव्यमा प्रयुक्त केही अलङ्कारका उदाहरणहरू यसप्रकार छन् :–

**समासोक्ति**

रावणादि र सुयोधन आदि
वीर विश्रुत महीपति छाडी
कीर्ति रामहरूका पछि लागी
धन्य छन् नृपकवीश्वररभागी ॥

('पृथ्वी-महेन्द्र', प्रथम सर्ग, पृ.५)

**लोकोक्ति**

न्याय काँहि नमिले हूँदि गोर्खा
जानु, यो प्रसिद्ध उखान
रामका समयदेखि चलेर
आइरेछ सव देश भरेर ॥

(ऐजन, प्रथम सर्ग, पृ.२१)

**अर्थान्तरन्यास**

उपादेशामृतहरू पृथ्वीबाट मिले कति
विना मधुकरी मिल्ला कहाँ माध्वीक निर्झरी ।

(ऐजन, तृतीया सर्ग, पृ.५१)

**यमक**

सुरभि सुन्दर सुन्दर पुष्प झन्
बिसुरमा सुरमा पनि फुल्दछन्
वकुलको कुलको कोपिल झुमछन्
अब रसाल रसालस झुल्दछन् ॥

(ऐजन, द्वादश सर्ग, पृ.२३६)

**रूपक**

नेपाल यो हो नन्दन वन राजा हुन् महेन्द्र
उनीको वाणी अमृत ठाँन मन्दार नरेन्द्र
मुलुक सब स्वर्ग नै संझ रहन्न अधर्मा
रानी हुन् शची चरित्रवती सभा छ सुधर्मा ॥

(ऐजन, षोडश सर्ग, पृ.३३३)

'पृथ्वी-महेन्द्र' महाकाव्यमा कविले मूलतः वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । साथै काव्यका कतिपय स्थलहरूमा संवादात्मक तथा नाट्यात्मक उक्तिपद्धतिको पनि अवलम्बन गरेका छन् ।

**उद्देश्य**

कुनै पनि काम गर्नुका पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ नै । महाकाव्य रचना गरेपछि त्यसले कुनै न कुनै उद्देश्य लिएकै हुन्छ । महाकाव्यमा पुरुषार्थ चतुष्टय धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एकको प्राप्ति हुनै पर्दछ । 'पृथ्वी-महेन्द्र' महाकाव्यले खाली शाहवंशको वर्णन गरेको र केवल भक्तिस्वरूप यो काव्य रचेको कुरा स्वयं महाकाव्यहरूले स्वीकार गरेका छन् । कविले षोडश सर्गमा उक्त कुरालाई यसरी श्लोकवद्ध गरेका छन्:

नेपालेश्वरका अनन्त गुण छन् जो वर्णनातितका
तेजोदान-धृति-क्षमा–विनयिता चातुर्य विज्ञानका
ती सारा गुणको मरुस्थ मछू के जान्दथें बर्णन
खाली सुर्यविषे निराजन सरी हो भक्तिको अर्पण ॥

(ऐजन, षोडश सर्ग, पृ.३३४)

कविले आफूले रचना गरेको काव्यमा कमजोरी वा दोष रहेको स्वीकार गर्दै त्यसका लागि माफी पनि मागेका छन् । निम्न श्लोकमा कविले आफ्ना भनाइहरू यसरी प्रस्तुत गरेका छन् :

ब्रह्मारोऽश्वरलाई भक्त जसरी अर्पन्छ पुष्पाञ्जली
त्यस्तै धृष्ट बनेछु माफ रहदा यस्मा म छू साञ्जली
होलान् दोष जती भने पनि यहाँ होवैनकी लक्षण
रीति-स्थान र वृत्ति सद्‌गुण-रसलङ्कार-भाव क्रम ॥ (ऐजन, षोडश सर्ग, पृ. ३३५)

प्रस्तुत महाकाव्य कवि भट्टराईले केवल राष्ट्रभक्तिको उद्देश्यले नै रचना गरेको कुरा बताएका छन् । श्रद्धाप्रेरित भई काव्य रचेको तर सफल काव्य बन्न नसकेको आशङ्का व्यक्त गर्दै कविले निम्न श्लोकहरूमार्फत् व्यक्त गरेका छन् :

यस्तो हो त पनि विशुद्ध दिलको यो राष्ट्रको भक्ति हो ।
श्रद्धा प्रेरित भै रचें जति सके कन्दै कथें काव्य यो
के रच्थें तर काव्य सच्चरितको यो एक सौगन्ध्य हो
श्रद्धा फूल हो विशुद्ध दिलको यो एक उद्‌गार हो ।
(ऐजन, षोडश सर्ग, पृ. ३३५) ।

प्रस्तुत महाकाव्य कविले केही राष्ट्रभक्ति र धेरै राजभक्तिले प्रेरित भई रचेको देखिन्छ ।

**ग) निष्कर्ष**

'पृथ्वी-महेन्द्र' गोविन्दप्रसाद भट्टराईको पृथ्वीनारायण शाहदेखि श्री ५ महेन्द्रसम्मका शाहवंशीय राजाहरूलाई नायक बनाई रचिएको प्रसिद्ध ऐतिहासिक विषयवस्तुमा आधारित महाकाव्य हो । यस काव्यको द्वितीय सर्गदेखि षोडश सर्गसम्म पृथ्वीनारायण शाहदेखि राजा महेन्द्रसम्मका समयमा घटित ऐतिहासिक घटनावलीहरूको वर्णन गरिएको छ । यसमा शाहवंशको पृष्ठभूमिसँगै नेपाल एकीकरण, भाइभारदारहरूबीच उत्पन्न भएका मनमुटाव, राजाहरूको जन्मदेखि मृत्यु नेपालका विभिन्न समयका राजनैतिक घटनाक्रमहरूको उत्थान र पतन, राणाशासनको उदय र अन्त्य, कोतपर्व, भण्डारखाल पर्व, सहिदकाण्ड जस्ता विभिन्न घटनाहरूको ज्यादै मार्मिक ढङ्गले चित्रण गरिएको छ । वास्तवमा यस महाकाव्यमा १८२५ देखि यता २०१८ सम्मको नेपालको वास्तविक इतिहास प्रस्तुत गरिएको छ ।

प्रस्तुत महाकाव्य शास्त्रीय वर्णमात्रिक छन्दहरू तथा लोकलयको प्रयोग गरी रचना गरिएको छ । वर्णनात्मक शैलीका साथै संस्कृत तत्सम् शब्दहरूको बहुलता यस काव्यको भाषाशैलीमा पाइन्छ । तत्सम् शब्दहरूको बहुलताकै कारण यस महाकाव्य त्यति सरल र

सम्प्रेष्य बन्न सकेको छैन । यस महाकाव्य त्यति उत्कृष्ट बन्न नसकेकोमा कविले आफूलाई अल्पज्ञ भनी षोडश सर्गको ३३ औं श्लोकमा स्वीकारेका छन् । अन्ततः प्रस्तुत महाकाव्य राजभक्तिको एक अनुपम उदाहरणीय काव्यको रूपमा देखापरेको छ ।

(२) **'भावना' महाकाव्यको अध्ययन**

**क) महाकाव्य रचनाको पृष्ठभूमि**

'भावना' महाकाव्य गोविन्दप्रसाद भट्टराईको लेखन तथा प्रकाशनका दृष्टिले दोस्रो महाकाव्य हो र दोस्रो पुस्तकाकार साहित्यिक कृति पनि हो । प्रस्तुत महाकाव्य जगदम्बा प्रकाशनबाट २०२० सालमा प्रकाशित भएको हो । उनले नेपाली जगत्का आदर्श महापुरुषहरूको खोजी गरी नेपाली समाजसमक्ष प्रस्तुत गर्ने क्रममा प्रस्तुत 'भावना' महाकाव्यको रचना गरेका छन् ।[११३] नेपाली भईकन पनि भारतवर्षको शासन गर्ने राजा भरतको चरित्रगान प्रस्तुत महाकाव्यमा गरिएको छ । प्रस्तुत महाकाव्यमा सम्मति लेखनकार्य योगी नरहरिनाथले गरेका छन् ।

**ख) महाकाव्यका आधारभूत तत्त्वहरूका आधारमा 'भावना' महाकाव्यको विवेचना**

**शीर्षकविधान**

शीर्षकविधान वा नामकरण कुनै पनि साहित्यिक कृतिको एक अनिवार्य एवम् महत्त्वपूर्ण तत्त्व हो । महाकाव्य पनि काव्यविधाअन्तर्गत बृहत् आयाममा रचिने एक साहित्यिक उपविधा भएकाले शीर्षकविधान महाकाव्यको पनि अनिवार्य तत्त्व हो । महाकाव्यको शीर्षकविधान वा नामकरण नायक वा नायिकको नामबाट वा कथावस्तुको आशय वा प्रसङ्गबाट गर्ने प्रचलन छ । प्रस्तुत 'भावना' महाकाव्यको नामकरण पनि कवि गोविन्दप्रसाद भट्टराईले कथावस्तुको प्रसङ्ग वा आशयनुसार नै गरेको पाइन्छ । प्रस्तुत महाकाव्यमा सांसारिक सुखभोगबाट टाढा रहेर मोक्ष प्राप्तिको 'भावना' अवलम्बन गरेमा नै मानव जीवन सार्थक बन्ने कुरा कविले औंल्याएका छन् । एकआपसमा अहम्को भावना, रिस, राग, द्वेष, वैमनस्य, माया, मोह जस्ता क्षणिक सुखभोग दिलाउने तत्त्वहरूबाट माथि उठेर सबैमा सेवाको भावना राख्नुपर्ने कुरा प्रस्तुत महाकाव्यमा आएको छ र तद्अनुसार नै कविले काव्यको 'भावना' भनी नामकरण गरेका छन् ।

---

[११३] भट्टराई, गोविन्दप्रसाद, 'प्राक्कथन' भावना महाकाव्य (ललितपुरः जगदम्बा प्रकाशन, २०२०) ।

**सर्गबद्धता**

महाकाव्य सर्गबद्ध हुनुपर्छ भन्ने मान्यताअनुसार गोविन्दप्रसाद भट्टराईले 'भावना' महाकाव्यलाई स्पष्ट रूपमा सर्गमा विभाजन गरेका छन् । प्रस्तुत महाकाव्य चौध सर्गहरूमा संरचित छ । महाकाव्यमा अखण्ड जीवनको परिपूर्ण चित्र प्रस्तुत भएको हुन्छ । जीवनका प्रत्येक खण्डहरूको चित्र महाकाव्यका प्रत्येक सर्गहरूमा प्रस्तुत भएको हुन्छ । प्रस्तुत महाकाव्यमा पनि महाकाव्यकार भट्टराईले भरतको तीन जन्मसम्मको जीवनगाथालाई खण्डखण्डमा यसका विभिन्न सर्गहरूमा प्रस्तुत गरेका छन् । सर्गान्तमा छन्दपरिवर्तन र अर्को कथानकको सुरुआत गर्नुपर्ने नियमलाई पनि कविले प्रायः यस काव्यमा पालना गरेकै छन् ।

**कथानक**

महाकाव्यमा प्रयोग गरिने कथानक बृहत् हुनुपर्छ भन्ने मान्यता अनुसार महाकाव्यकार गोविन्दप्रसाद भट्टराईले पनि भरतको पौराणिक बृहत् गाथालाई 'भावना' महाकाव्यको विषयवस्तुको रूपमा चयन गरेका छन् । यस महाकाव्यमा भरतको तीन जन्मसम्मको कथानकको चर्चा यहाँ गरिएको छ । भरतको प्रथम जन्मको कथामा ऋषभदेवका छोरा भरतको चर्चा गरिएको छ । राजा भई अखण्ड रूपले राज्य गरी भारतवर्ष नाम चलाउन सफल पौराणिक पात्र भरतलाई नेपाली मूलका हुन् भनी प्रस्ट पार्ने कोसिस यसमा भएको छ । यस क्रममा उनै भरतको तपोभूमि हालको बागलुङको पुलहाश्रम हो भन्ने कुराको उल्लेख गरिएको छ । राजा भरतले जीवनको उत्तरार्धमा राजकाज छाडेर बाग्लुङको पुलहाश्रममा गई कृष्णगण्डकीको तीरमा बसी तपस्या गरेर अन्त्यमा त्यही मोक्ष प्राप्त गरेको कुरा यस महाकाव्यमा प्रस्तुत गरिएको छ । त्यसपछि भरतको मृगजन्मको चर्चा पनि गरिएको छ । भरतको अर्को जन्म अङ्गिरा ऋषिका जेठा छोरा जो पढ्न तथा विभिन्न शास्त्रका ज्ञानहरू लिन असाध्यै चाख लिन्थे, उनी पनि कास्कीमै गएर पढ्ने इच्छा बाबुसमक्ष प्रकट गर्दछन् । नेपालबासीलाई भारतको काशीसरह नेपालको कास्की रहेको कुरा जानकारी गराउँदै त्यहीँ गएर ज्ञान हासिल गर्ने चाहना बाबुआमासमक्ष व्यक्त गर्दछन् । त्यसपछि बिदा लिएर कास्की गएर ज्ञान हासिल गरी घर फर्कन्छन् र उमा नामकी सुशील कन्यासँग विवाह गर्दछन् । उनै अङ्गिरा पुत्र र उमाको कोखबाट पुनः भरतले अर्को जन्म लिन्छन् । अङ्गिरा पुत्र पनि सांसारिक मोहमा भुलेर मोक्ष प्राप्तिको मार्ग भुलेको अनुभव गर्दै सबै त्यागी ज्ञानको खोजमा लाग्छन् । त्यसपछि जड भरतको चर्चा प्रस्तुत महाकाव्यमा

गरिएको छ । आफ्नो ज्यानको ख्याल नगर्ने, जे पायो त्यही खाने, जस्तो पायो उस्तै लाउने, जसले जे भन्यो सुनिरहने प्रतिक्रिया नदिने भरतको जडस्वरूपको चर्चा यसमा छ । जडभरतलाई नचिनेर सिन्धुपाल्चोकका राजाले आफ्नो डोले समेत बनाएका र मनपरी बोलेका कुराहरू पनि यसमा आएको छ । अन्त्यमा भरतलाई चिनेर माफी मागेका कुराहरू पनि यस काव्यमा आएका छन् । जडस्वरूप भरतलाई तिम्रो तपस्या पूरा भयो भनेर अनेक देवी देवताहरूले भन्दा पनि नसुन्ने देख्दैमा ज्यादै फोहोरी, डरलाग्दो स्वरूपको चर्चा पनि यसमा छ । जडभरतले सिन्धुपाल्चोकका राजालाई सांसारिक माया, मोह, सुखसयल गरेर अरूको मर्म नबुझ्ने वा अरूलाई दुःख दिने काम नगरी सेवाको भावना लिनुपर्छ भन्ने कुराहरू सम्झाउँछन् र बिदा लिन्छन् ।

यसरी ऋषभदेवको राज्यको वर्णनसँगै कथानकको सुरुआत भई विभिन्न आरोह अवरोह पार गर्दै जडभरतको जडस्वरूपको चर्चासँगै कथानकले फलागमतिर प्रवेश गर्दछ । अतः प्रस्तुत भावना महाकाव्यमा भरतको तीन जन्मसम्मको बयान गर्दै अन्त्यमा मोक्ष प्राप्त गरेका कुराहरूको चर्चा गरिएको छ । यसमा क्षणिक आनन्द दिलाउने सांसारिक माया मोहको भावनाबाट मानिस टाढै रही चीर आनन्द प्राप्तिको मार्गतर्फ लाग्नुपर्ने सन्देश दिइएको छ । वर्णाश्रम धर्मको महत्त्वबारे पनि प्रस्तुत महाकाव्यमा प्रकाश पारिएको छ ।

**चरित्रविधान**

प्रस्तुत 'भावना' महाकाव्यमा धेरै पात्रहरू रहेका छन् । यसमा अखण्ड रूपमा भारतवर्षको राज्य चलाउने राजा भरतलाई नायकको रूपमा एवम् प्रमुख पात्रको रूपमा प्रस्तुत गरिएको छ । भरत एक पौराणिक एवम् ऐतिहासिक पात्र हुन् । यसमा भरतको तीन जन्मसम्मको कथानक प्रस्तुत गरिएको छ र तीनै जन्ममा भरतको भूमिका प्रमुख रहेको छ । ऋषभदेवका छोरा भरत जसले भारतवर्ष राज्य चलाएका थिए उनैको राजकाजको वर्णनसँगै अन्त्यमा राजकाज छाडी तपस्या गर्नतर्फ लागेको कुराको चर्चा गरिएको छ । त्यसपछि भरतले मृगजन्म धारण गरी देहत्याग गरेको कुराको समेत उल्लेख गरिएको छ । त्यसपछि अङ्गिरापुत्रको पुत्रको रूपमा जन्मेका जडभरत र उनको सांसारिक मोह एवम् जालबाट मुक्त जडस्वरूपको चर्चा प्रमुख रूपमा गरिएको छ ।

प्रस्तुत महाकाव्यका अन्य पुरुष पात्रहरूमा राजा ऋषभदेव र उनका भारदारहरू, ऋषि अङ्गिरा र उनका पुत्रहरू, सिन्धुपाल्चोकका राजा र उनका डोलेहरू पनि उपस्थित भएका छन् । यिनीहरूको भूमिका प्रमुख रूपमा नभई गौण रूपमा आएको छ ।

भावना महाकाव्यमा नारी पात्रहरूको नाम उल्लेख त्यति गरिएको छैन र स्पष्ट भूमिका पनि त्यति देखिँदैन । यसमा ऋषभदेवका रानीहरू, भरतका रानीहरू अङ्गिरा पत्नी, जडभरतकी आमा आदि रहेका छन् । यसमा उनै जडभरतकी आमाको उमा भनी स्पष्ट नाम उल्लेख गरिएको छ ।

प्रस्तुत महाकाव्यमा कविले भारतवर्षको राज्य गर्ने भरतको, मृगजन्म लिएका भरतको र जडभरतको विशेष चर्चा गरेका छन् । अङ्गिरा ऋषि, उनकी स्त्री, पुत्रहरू, सिन्धुपाल्चोके राजा, उनका डोलेहरू आदि पात्रहरूको चर्चा प्रसङ्गअनुसार गरेकै छन् ।

**लयविधान**

महाकाव्यमा छन्द एक महत्त्वपूर्ण तत्वको रूपमा रहेको हुन्छ । 'भावना' महाकाव्यमा महाकाव्यकार गोविन्दप्रसाद भट्टराईले विभिन्न शास्त्रीय वर्णमात्रिक छन्दहरूका अतिरिक्त नेपाली जनजिब्रोमा प्रचलित झ्याउरे र सवाईका साथै मुक्त छन्दको पनि प्रयोग गरेका छन् । यसमा शिखरिणी, भुजङ्गप्रयात, पञ्चचामर, रथोद्धता, स्वगता, उपजाति, शालिनी, वसन्ततिलका, मन्दाक्रान्ता, स्रग्धरा, शार्दूलविक्रीडित, पृथ्वी जस्ता शास्त्रीय वर्णमात्रिक छन्दहरूका अतिरिक्त झ्याउरे र सवाई जस्ता लोकछन्दहरू र मुक्त छन्दको पनि प्रयोग गरेका छन् । शिखरिणी छन्दको प्रयोग भएको एक श्लोक, जस्तै :

अहा ! यस्तो राम्रो सुरपुरसरीको मधुरिमा
निहाली नेपाली क्षितिबिच जमेको छ महिमा
कि वा काली-मेचीसहित रचियो कौशिकाजिले
नयाँ अर्के स्वर्ग त्रिदिवसँग इर्ष्यालु मतिले ॥

('भावना', प्रथम सर्ग, पृ. १)

प्रस्तुत महाकाव्यमा महाकाव्यकार भट्टराईले नेपाली भाषाको लेख्य मानक रूपकै प्रयोग गरेका छन् तापनि कतै कतै बोलचालमा प्रचलित भाषिक रूपको पनि प्रयोग गरेका छन् । खासगरी छन्द मिलाउने क्रममा भाषाका कथ्य रूपहरूको प्रयोग गरेको देखिन्छ । साथै ज्यादाजसो अन्त्यानुप्रासीयता र आन्तरिक अनुप्रासको सचेतता देखाइएकाले प्रस्तुत महाकाव्यको लयप्रयोग निकै श्रुतिमधुर र प्रवाहमय बन्न पुगेको छ ।

**भावविधान**

भावविधान वा रसविधान महाकाव्यका अतिरिक्त समग्र साहित्यिक अभिव्यक्तिकै एक अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । महाकाव्यमा समग्र जीवनको अभिव्यक्ति हुने भएकाले यसले

रससमग्रताको अपेक्षा गर्दछ । महाकाव्यले अङ्गीरसका रूपमा वीर, श्रृङ्गार र शान्तमध्ये कुनै एकको अपेक्षा गर्दछ । प्रस्तुत 'भावना' महाकाव्यमा शान्त रसलाई अङ्गीरसका रूपमा प्रस्तुत गरिएको छ । यसमा सांसारिक माया मोह वा विषयभोगको चाहनाबाट विमुख भई मोक्षप्राप्तिको मार्ग अवलम्बन गर्नुपर्ने कुराको विशेष चर्चा गरिएको छ । यसबाट पनि यस महाकाव्यमा अङ्गीरसका रूपमा शान्त रस प्रस्तुत भएको कुरा प्रस्ट हुन्छ । यसका अतिरिक्त यस महाकाव्यमा श्रृङ्गार, वीर, भक्ति, हास्य, वीभत्स, वात्सल्य जस्ता रसहरूले पनि यथोचित स्थान पाएकै छन् ।

यसरी प्रस्तुत महाकाव्यमा अनेक रसभावहरूको प्रयोग भएको छ ।

**भाषाशैली र शिल्प**

महाकाव्यसिद्धान्तले अपेक्षा गर्ने अर्को आधारभूत तत्त्व भाषाशैली र शिल्प पनि हो । भाषाविना कुनै पनि साहित्यिक अभिव्यक्ति अस्तित्वमा रहन सक्दैन । त्यस्तै शैली शिल्पविना कुनै पनि साहित्यिक अभिव्यक्ति परिष्कृत बन्न सक्दैन । महाकाव्यले भव्य एवम् उदात्त किसिमको भाषाशैलीको अपेक्षा गर्दछ । सोहीबमोजिमको भाषाशैली 'भावना' महाकाव्यमा पनि प्रयोग गरिएको छ । प्रस्तुत महाकाव्यमा पनि कविले संस्कृत तत्सम शब्दहरूकै प्रयोग ज्यादा गरेका छन् भने कतिपय सन्दर्भमा आगन्तुक शब्दहरूको प्रयोगमा पनि कवि चुकेका छैनन् । यसमा त्रिदिव, भूपति, नृप, पञ्च, जननी, उदर आदि जस्ता संस्कृत तत्सम् शब्दहरूको प्रयोग गरिनुका साथै सललल, हललल, चलपल, चिरिरी, चुँ, चुँ, कुलुकुलु आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरिएको छ । यसमा कविले सुरुदेखि अन्त्यसम्म नै प्रायः अन्त्यानुप्रासीयताको नियमको परिपालन गरेका छन् ।

शिल्पपक्ष पनि काव्यविधाको अर्को अनिवार्य एवम् महत्त्वपूर्ण पक्ष हो । प्रस्तुत महाकाव्यमा पनि शिल्पपक्षलाई सशक्त तुल्याउन अलङ्कारहरूको सहज आयोजना कविले गरेकै छन् । अलङ्कारविधानका दृष्टिले हेर्दा प्रस्तुत काव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरिएको छ । यही आलङ्कारिक आयोजनाले गर्दा काव्यको शिल्पपक्ष सबल बन्न पुगेको छ । प्रस्तुत काव्यमा प्रयोग भएका केही अलङ्कारका उदाहरणहरू यसप्रकार छन् :

**स्वभावोक्ति :**

कतै को-को-को-हो-कुकुर चिरिरी चिर्रर-चूँ-चूँ
चिंची-चाचा-काका कुलुकुलु-कुरु किर्र कुरुर
सुनीरौँ जस्तो भो वनबिच भरद्वाज मुनिया
जुरेली-त्यो मैना पिक सुक चिभे ढुक्कुर रूत ॥

(ऐजन, प्रथम सर्ग, पृ. १४)

**व्यतिरेक**

अहा ! छ कस्तो स्मितको प्रकाश या
त्यो चन्द्रिका अल्पप्रकाश मानियो
सदैव आल्हादन गर्छ यो स्मित
रात्रीमहाँ मात्र छ रम्य चन्द्रिका ॥

(ऐजन, चौथो सर्ग, पृ. ६५)

**अतिशयोक्ति**

मृदुत्व ती पल्लवका गुनी गुनी
सौन्दर्य सारा अरबिन्दको चुनी
जुटाइ लौहित्य विशेषको तल
बन्यो यिनको शुभ पाद कोमल

(ऐजन, चौथो सर्ग, पृ. ६८)

**यमक**

सकल भोगी नवीन नवीनता
अविरंगी विरंगी विषयादिक
गरिसकी मनमोज थरी थरी
मन समालि लिए अब बेसरी

(ऐजन, चौथो सर्ग, पृ. ९६)

**समासोक्ति**

सारा शत्रु विनाशि नाशि जनता अज्ञात वाधा सब
देखाई शुभ मार्ग सन्तत भलो ख्याली लिई वैभव
आफ्नो राज्य निभालने सुर गरी आकाश प्रसादमा
माथिल्लो तहमा रहे स्थिर हुँदै सम्राट बनी भास्कर ॥

(ऐजन, एघारौँ सर्ग, पृ. १६९)

**रूपक**

सर्वात्माले हरि गुरुजिको पाउ नै पद्ममाथि
चेलारूपी भमरगणले भक्ति निष्पन्द चाखी
पाए जस्तो अमर पदवी लौकिकी माकुराले
के पाउँथे तर पनि सधैँ तान तुन्छन मजाले

(ऐजन, चौधौं सर्ग, पृ. २१०)

प्रस्तुत महाकाव्यमा कविले वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । काव्यका कतिपय स्थलहरूमा कविले संवादात्मक तथा नाट्यात्मक कथनपद्धतिको प्रयोग गरेका छन् ।

**उद्देश्य**

महाकाव्य रचनाका पछाडि कुनै न कुनै उद्देश्य हुनै पर्छ । महाकाव्यमा विशेषगरी पुरुषार्थ चतुष्ट्य धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एकको प्राप्ति आवश्यक ठानिन्छ । यस मान्यताको अवलम्बन गर्दै गोविन्दप्रसाद भट्टराईले 'भावना' महाकाव्यको रचना गरेका छन् । यसमा भारतवर्षको राज्यगरी आफ्नो नाम चलाउन सफल पौराणिक पात्र भरतको गाथालाई कथावस्तुको रूपमा प्रस्तुत गर्दै उनलाई नेपाली महापुरुषको रूपमा चिनाएका छन् । यिनै भरतको तीन जन्मसम्मका घटनाहरू प्रस्तुत गर्दै नेपाली भूमिमै उनले मोक्ष प्राप्त गरेको कुरा देखाइएको छ । तिनै पौराणिक पात्र भरतको माध्यमबाट कविले क्षणिक सुख एवम् विषयभोगको सुखमा नभुली मोक्षप्राप्तिलाई नै जीवनको महत्त्वपूर्ण विषय बनाउनुपर्ने सन्देश यसमा दिएका छन् । यसरी हेर्दा मोक्षप्राप्तिको महिमा यसमा गाइएको छ । यसमा वर्णाश्रम धर्मको पालना गर्दै मोक्ष प्राप्तिको मार्ग अवलम्बन गर्नुपर्ने कुरा पनि औंल्याइएको छ ।

गोविन्दप्रसाद भट्टराईले 'भावना' महाकाव्यको रचना नेपाली महापुरुषहरूको चरित्र नेपाली जनसमक्ष प्रस्तुत गर्ने उद्देश्यले गरेको कुरा प्रस्तुत महाकाव्यको प्राक्कथनमै गरेका छन् । उनले पौराणिक पात्र भरतलाई नेपाली मुलकै महापुरुषका रूपमा चिनाएका छन् । राष्ट्रप्रेमको भावनाले ओतप्रोत कवि भट्टराईले राष्ट्रको सेवा गर्ने उद्देश्यले यस महाकाव्यको रचना गरेको कुरा अन्तिम ६ श्लोकहरूमार्फत प्रस्ट पारेका छन् ।

अतः प्रस्तुत महाकाव्यको उद्देश्य मोक्ष प्राप्तिको महिमागान गर्नुका साथै नेपाली महापुरुषका रूपमा पौराणिक भरतलाई प्रस्तुत गर्ने जमर्को गर्नु नै रहेको छ ।

### ग) निष्कर्ष

'भावना' गोविन्दप्रसाद भट्टराईले भारतवर्षको राज्य गर्ने भरतको जीवनकथालाई विषयवस्तु बनाई रचना गरेको महाकाव्य हो । भरतलाई नेपाली आदर्श महापुरुषका रूपमा प्रस्तुत गर्नु कविको मुख्य ध्येय रहेको छ । भरतका तीन जन्मसम्मका घटनाहरूको वर्णन प्रस्तुत महाकाव्यमा गरिएको छ । पशुजन्मसहित उनका तीनै जन्म नेपालमै भएका र नेपालमै उनले मोक्ष प्राप्त गरेको घटनाको वर्णन गरी भरतलाई नेपाली भएको प्रमाणित गर्ने प्रयास प्रस्तुत काव्यमा गरिएको छ ।

'भावना' महाकाव्य विभिन्न शास्त्रीय वर्णमात्रिक छन्दहरूका साथै सवाई, झ्याउरे जस्ता नेपाली लोकछन्दहरूको पनि प्रयोग गरी रचना गरिएको छ । प्रस्तुत महाकाव्यमा गोविन्दप्रसाद भट्टराईले तुलनात्मक रूपमा संस्कृत तत्सम् शब्दहरूकै प्रयोग बढी गरेका छन् । प्रस्तुत महाकाव्यमा वर्णनात्मक शैली अँगालिएको छ । संस्कृत तत्सम् शब्दहरूकै बहुलताको कारण प्रस्तुत महाकाव्य त्यति सरल र सम्प्रेष्य बन्न सकेको छैन । शब्दालङ्कार र अर्थालङ्कारहरूको प्रयोगले गर्दा प्रस्तुत महाकाव्यको शिल्पपक्ष सिंगारिन पुगेको छ । महाकाव्य अपेक्षा गरिए जति गुणस्तरीय बन्न नसकेको कुरा स्वयम् कविले यसै महाकाव्यको चौधौं सर्गको अन्तिम श्लोकहरूमार्फत गरेका छन् ।

### (३) **'कवि जगन्नाथ भट्टराई' को अध्ययन**

### क) पृष्ठभूमि

गोविन्दप्रसाद भट्टराईको 'कवि जगन्नाथ भट्टराई' नामक कृति आफ्नै पिताको सम्झनामा लेखेको एक जीवनीमुलक साहित्यिक कृति हो । प्रस्तुत कृति ३८ पृष्टको लघुआकारको छ । प्रस्तुत कृतिको प्रकाशन पुस्तकाकार रूपमा २०२९ सालमा प्रथम पटक 'नेपाली' (पूर्णाङ्क, ५३) मा भएको हो । त्यसपछि भने पुनः प्रकाशनमा आएको पाइँदैन ।

### ख) मुख्य विषयसन्दर्भ

गोविन्दप्रसाद भट्टराईले 'कवि जगन्नाथ भट्टराई' नामक कृतिमा आफ्ना पिता जगन्नाथ भट्टराईको  जीवनवृत प्रस्तुत गरेका छन् । पिता जगन्नाथ भट्टराईको जन्मदेखिका प्रमुख वृतान्तहरूको चर्चा गरेका छन् । यस क्रममा उनले कवि जगन्नाथ भट्टराईको जन्म वि.स.१९४३ श्रावण ४ गते सिन्धुलीमै भएको कुरा बताएका छन् । जीवनीकार गोविन्दका अनुसार जगन्नाथ भट्टराईको न्वारनको नाम यज्ञप्रसाद भट्टराई हो, उनी विद्याध्ययनमा सोख राख्ने, अतिविनयी, निरन्तरभिमानी एवम् सरल स्वभावको  भएकोले उहाँलाई अजात शत्रु

भन्दथे  र उहाँसँग प्रेम गर्नेमात्र थिए द्वेषभाव राख्न कोही नभएको कुरा उक्त कृतिमा लेखकले उल्लेख गरेका छन् ।

कवि जगन्नाथ भट्टराई मालमा जागिरे थिए मालमा ईश्वरीप्रसाद धिताल हाकिम थिए । कवि जगन्नाथ भट्टराई मुखिया पदमा कार्यरत थिए । पं काशीनाथ आ.दी.ले श्री ३ चन्द्रबाट बाखर भन्ने जङ्गल बिर्ता पाएका थिए । उक्त जङ्गल धेरै समयदेखि आवाद गर्न खोज्दा पनि सकेका थिएनन् । धितालले कवि जगन्नाथलाई लगाएर केही जग्गा दिने कबुल गरेका थिए तर आबाद भइसकेपछि एक धुर पनि दिएनन् । गोविन्दप्रसाद भट्टराई स्वयम् मटिहानी गएका थिए । त्यहाँ उनीलाई धितालले बिरामी जाँचको दरखास्त लेख्ने काम लगाएका थिए । त्यहाँबाट गोविन्दप्रसादलाई १, २ रूपैँया दिने गर्दथे । त्यसबाट भट्टराई तथा धिताल दुवै खुसी नै थिए तर कवि जगन्नाथ भट्टराई भने दुःखी भएका थिए । यस्ता दुःखका क्षणहरूमा कवि जगन्नाथ भट्टराई कविता लेख्ने गर्दथे । यस्तै अवस्थामा उनले लेखेको कविताको एउटा श्लोक यहाँ प्रस्तुत गरिएको छ -

साथमा न धन छ न त छुटदछ यो दुराशा ।
वैराग्य छोडि मन खोज्दछ मोह पाशा ।
झुण्डी मँरू अगति, मागुँ म हुन्छु हेलाँ
हे प्राण ! जल्दि अब जा, किन हो अबेला ।

(कवि जगन्नाथ भट्टराई, पृ.५)

घरबाट समय-समयमा चिठी नआएको गुनासो पनि कवि भट्टराई कवितामै गर्ने गर्दथे । जस्तै-

सब् इष्टमित्रहरू छन् अरूका जगतमा ।
लेख्छन् चिठी मिल्छ हालखबर बखतमा ॥
मेरा त शुन्य भइगयो भुवर्ने तमाम
कस्तो रहेछु म हरे ! शिव ! राम !! ॥

(ऐजन, पृ.५)

लेखक गोविन्दप्रसाद भट्टराईले कवि जगन्नाथ भट्टराई अलङ्कृत कविताहरू रच्न सिपालु थिए भन्दै उदाहरणस्वरूप निम्न कविता प्रस्तुत गरेका छन्

यो विश्वरूप जलधिमा छ तरङ्गमाया ।
सोही तरङ्गबीच घुम् विधिले अह्राया
उत्रन्छु डुब्छु क्षणमा कहि हुन्न पार
हे ईश ! तार भवसागरमा नमार

(ऐजन, पृ.५)

कवि जगन्नाथ भट्टराईले वैराग्यमालाका कविताहरू पनि रचेका छन् । उनमा विभिन्न शास्त्रीय छन्दमा कविता रच्न सक्ने खुबी थियो भन्ने कुराको पुष्टि उनकै कविताका उदाहरणद्वारा गरेका छन् ।

'कलिवर्णनको' प्रसङ्गलाई लिएर आउने अवस्थाबारे कवि जगन्नाथ भट्टराईको भावना र अनुमान कवितामार्फत निम्नानुसार प्रस्तुत भएको छ ।

छोराले पुरुषार्थ देख्तछ ठूलो जो जन्मदाता पिता
माताका सँगमा ऊ गर्छ झगडा धौ अंश भन्ला किता ॥

(ऐजन, पृ.११)

देहात्मवादीलाई सम्झाउदै शरीरको अनित्यताका बारेमा पनि कवि जगन्नाथ भट्टराईले कविता लेखेका छन् भन्दै गोविन्दप्रसाद भट्टराईले अर्को कविताका केही श्लोकहरू प्रस्तुत गरेका छन् । उदाहरणस्वरूप गोविन्दप्रसादले यहाँ एक श्लोक प्रस्तुत गरेका छन् ।

आफू केवल देह-पोषण गरी दुःखीहरूमा रति
याद बीचारहरू नराखिकन क्यै बस्या मुह मति ।
कस्तो अस्थिर देह यो छ त भन्या हाडको छ खम्बा पनि
बन्धनहरू नशा छ मांस रगतै यस्को छ लेपन अनि ॥

(ऐजन, पृ.१२)

विरक्तलाई जस्तो आनन्द कसैलाई छैन भनी संसारको असारताको वर्णन पनि कवि जगन्नाथ भट्टराईले कवितामार्फत नै गरेको कुरा गोविन्दप्रसाद भट्टराईले यसमा प्रस्तुत गरेका छन् ।

कवि जगन्नाथ भट्टराईले स्वार्थलाई त्यागेर ईश्वरलाई चिन्न प्रयास गर्नुपर्ने भावना आफ्ना कविताहरू मार्फत व्यक्त गरेका छन् ।

त्यस्तै कवि जगन्नाथ भट्टराईले समस्यापूर्तिका कविताहरू पनि रच्ने गर्दथे । कविले 'के जान्दछू सहधर्मिणीको चरूवा' नामक समस्या राखेर अनेक अभिप्राय व्यक्त गर्दै

करूवादेखि हरूवासम्मका ककारादि  क्रममा शब्दद्वारा आफ्नो मनोदशा निम्नानुसार व्यक्त गरेका छन् ।

विद्या इलम् सुकृत गर्न सकिन केही
दुःखार्त मात्र छ सदा अति तुच्छ देही ॥
सीधा हुँदैन मन सधै करूवा
के जान्दछु म सहधर्मिणीको चरूवा ॥

(पृ.१३)

कवि जगन्नाथ भट्टराईलाई रामपुरबाट मालको जागिरे जीवन उराठ लागेपछि आफ्ना छोरा लेखक गोविन्दप्रसाद भट्टराईलाई पनि साथ लिएर नफर्कने गरी घर जाने विचार गरेका थिए तर पछि आफू एक्लै घर गएका थिए । धेरै समयसम्म कार्यालयमा हाजिर नभएपछि हाकिमले त्यही कार्यालयका तल्लो तहका कर्मचारी हीरालाललाई प्रमोसन गरे । पछि जगन्नाथ भट्टराईको छोरा गोविन्दप्रसादलाई लिन रामपुर पुगेका थिए । त्यहाँ पुगेपछि ईश्वरीप्रसाद  धितालले अनेक तरहले पुनः त्यही तल्लो तहमा राख्न मन्जुर गरे । यसरी नाम यज्ञप्रसाद राखेर कवि जगन्नाथ भट्टराईलाई तल्लो तहको जागिर खुवाएबाट उनको मनमा साह्रै ठूलो अन्तर्वेदना पैदा भएको थियो । यसरी उनले झट्ट हेर्दा लेखनाथको 'पिंजडाको सुगा' जस्तो लाग्ने 'कोल्हुको गोरु' शीर्षकको कविता रचेका थिए । उक्त कविताको एक अंश निम्नानुसार छ :

द्विज धनानामा एक बयेल, झुलिरहेछ परि विधिखेला
मेरा ज्ञाति सब परिवार छन् ति बसेका बिनु आधार ।

(ऐजन, पृ.१९)

गोविन्दप्रसाद भट्टराईले जगन्नाथ भट्टराई एक कुशल गजलकार पनि थिए भन्ने कुराको पुष्टि उनीद्वारा रचित 'चीरहरण' (द्रौपती विलाप) गजलमार्फत गरेका छन् । जस्तै-

रजसोला छु तिन्दिनकी शरीर्को वस्त्र एक् सारी
खिच्यो अैले उही सारी सभामा व्यैजती पारी ॥
प्रभो ! मेरो इजत हुर्मत लियो सारा दुशासन्ले
यसोरी व्यैजती हूँला भनी ठानिन यो मन्ले ॥

(ऐजन, पृ.२१)

कवि जगन्नाथ भट्टराईले श्रीमद्भागवदको मत चार श्लोकमा प्रस्तुत गरेका छन् भन्दै गोविन्दप्रसाद भट्टराईले उक्त श्लोकहरू पनि उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । यसै गरी अनेक किसिमका लहडी श्लोकहरू पनि कवि भट्टराईले लेखेका कुरा गोविन्दप्रसादले उल्लेख गरेका छन् ।

गोविन्दप्रसाद भट्टराईले कवि जगन्नाथ भट्टराईले गद्य र पद्य दुवै मिश्रित 'सुभद्रा-हरण' नामको एक महानिबन्धात्मक काव्य लेखेको कुरा पनि बताएका छन् ।

'कृष्णदान लीला' र 'पारिजात हरण' त्यसभित्र समेटिएका प्रासङ्गिक काव्य हुन् भन्ने कुरा गोबिन्दप्रसादले बताएका छन् । कवि भट्टराईको 'चिन्त श्रीवत्स' नामक अर्को गद्यकाव्य पनि रहेको कुरा लेखक भट्टराईले उल्लेख गरेका छन् ।

आफ्नो कुलको महत्त्वको वर्णन गर्दै सात पुस्तासम्मको वर्णन पनि कवि जगन्नाथले कवितामै गर्ने गर्दथे भन्ने कुरा लेखक गोविन्दप्रसाद भट्टराईले उल्लेख गरेका छन् । 'सुभद्रा-हरण' नामक कृतिको अन्त्यमा कवि जगन्नाथ भट्टराईले आफ्नो परिचय निम्नानुसार दिएका छन् भन्दै प्रस्तुत कृति 'कवि जगन्नाथ भट्टराई' को अन्त्यमा लेखक भट्टराईले प्रस्तुत गरेका छन् । जस्तैः

थर् भट्टराई अनि यज्ञप्रसाद नाँउ
घर दोलखातिर छ धेर कति बिन्ति लाउँ
श्लोकबद्ध भो जि.स.पि.राम्पुर माल महाँ
काटीलिया सहि नसक्नु नि हाल जहाँ

लेखक गोविन्दप्रसाद भट्टराईले कवि जगन्नाथ भट्टराई केवल आत्मसन्तुष्टिका लागि कविता लेख्ने गर्दथे भन्ने कुरा बताएका छन् । राणाशासनमा राजधानी बाहिर नोकरी गर्ने व्यक्तिले प्रकाशन गराउने धन कमाउने कुरा सोचेका थिएनन् भन्ने कुरा गोविन्दप्रसादले बताएका छन् । कवि जगन्नाथ भट्टराईका ५ छोरा र एक छोरीमध्ये कान्छा र माहिला दुई छोराहरू व्रतबन्ध नहुँदै बितेका थिए, भन्ने कुरा पनि गोविन्दप्रसाद भट्टराईले चर्चा गरेका छन् ।

**ग) निष्कर्ष**

'कवि जगन्नाथ भट्टराई' नामक कृतिका लेखक गोविन्दप्रसाद भट्टराईले आफ्ना पिताजीको सम्झनामा यो कृति लेखेका हुन् । प्रस्तुत कृतिमा गोविन्दप्रसादले कविका रूपमा आफ्ना पिताजीको पहिचान गराएका छन् । विभिन्न समय र प्रसङ्गमा फरक

किसिमका कविताहरूको रचना आफ्नो पिताजीले गरेका र तिनको प्रकाशन भने नभएको कुरा पनि लेखक गोविन्दप्रसाद भट्टराईले बताएका छन् ।

'कवि जगन्नाथ भट्टराई' नामक कृतिमा लेखक गोविन्दप्रसाद भट्टराईले आफ्नो पिता जगन्नाथ भट्टराईको जन्मदेखि मृत्युपर्यन्तका प्रमुख घटनाहरूको चर्चा गरेका छन् । यसमा उनका पिताको १९४३ सालदेखि २००४ सम्मका प्रमुख घटनाहरूको साथै कविका रूपमा आफ्ना पिता जगन्नाथ भट्टराईलाई प्रस्तुत गरेका छन् ।

(४) **'सत्यसङ्कल्प' उपन्यासको अध्ययन**

**क) पृष्ठभूमि**

गोविन्दप्रसाद भट्टराईको 'सत्यसङ्कल्प' उपन्यास २०३७ सालमा प्रथम पटक प्रकाशित भएको हो । प्रस्तुत उपन्यासकी प्रकाशिका अच्युतकुमारी भट्टराई हुन् ।

**ख) विधातत्त्वका आधारमा 'सत्यसङ्कल्प' उपन्यासको अध्ययन**

विधातत्त्वका आधारमा 'सत्यसङ्कल्प' उपन्यासको अध्ययन निम्नानुसार गर्न सकिन्छ:

**कथावस्तु**

'सत्यसङ्कल्प' समाजिक पृष्ठभूमिमा लेखिएको उपन्यास हो । यसले देशभक्तिको भावनालाई पनि आत्मसात गरेको छ । यस उपन्यासले 'सन्तान नभए स्वर्गको बाटो बन्द हुन्छ' भन्ने पौराणिक रुढिमा अल्भेका दुई दम्पतिको सन्तानेच्छालाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । नेपालको राजधानी काठमाडौँबाट व्यापारको सिलसिलामा भारतको कलकत्ता पुगेका शिवचन्द्र र ललिता तथा व्यापारकै सिलसिलामा नेपालको सिन्धुली जिल्लाबाट भारतको कलकत्ता पुगेका कर्मसिंह र वदनश्री नै प्रस्तुत उपन्यासका सन्तानहीन दुई दम्पति हुन् । यी दुवै दम्पतिले सन्तान प्राप्तिको लागि हाम्रो पौराणिक मान्यताले अवलम्बन गरेका जस्तो पूजाआजा, दान, व्रत इत्यादि कार्यहरूका साथै वैज्ञानिक विधिअनुरूपका औषधोपचार पनि गर्दछन् । यी दुवै जोडीमा मित्रताको बन्धन अत्यन्त बलियो थियो । त्यसपछि यी दुवै जोडीलाई सन्तान प्राप्त हुन्छ, शिवचन्द्रको छोरो सुकुमारचन्द्र र कर्मसिंहकी छोरी जयश्री दुवै दम्पतिका सन्तानहरू पनि एकै ठाँउमा खेल्ने, सँगै हिँडने र ज्यादै मिल्ने गर्दथे । यी दुवै दम्पतिले आ-आफ्ना सन्तानको उमेर पुगेपछि एक आपसमा विवाह गरिदिने 'सत्यसङ्कल्प' गर्दछन् । समय बित्दै जाँदा शिवचन्द्रको घर काठमाडौँबाट घर फर्कने खबर आउँछ । सोही बमोजिम शिवचन्द्र पनि आफ्नै देश फर्केर

व्यापार गरी आफ्नै मुलुकमा आर्थिक उन्नति गर्ने देशभक्तिले ओतप्रोत विचार मनमा लिएर आफ्नी अर्धाङ्गिनी र सन्तान लिएर काठमाडौँ फर्किन्छन् । त्यसपछि सुकुमारचन्द्रको विछोडबाट जयश्रीमा ज्यादै ठूलो चोट पर्छ, त्यसपछि जयश्री बिरामी पर्छिन । उनी बिरामी पर्नाका कारण गर्मी मौसम हो । पहाडी शीतल वातावरणमा केही समय आराम गराएमा उनको रोग निको हुन्छ भन्ने वैद्यको सल्लाह बमोजिम जयश्रीको बाबुआमा पनि आफ्नै घर फर्कने निधो गर्छन् र सदाको लागि सिन्धुली फर्कन्छन् । शिवचन्द्र र कर्मसिंहको मित्रता पत्रमार्फत कायमै रहन्छ । छोराछोरीका उमेर पुगेपछि विवाह गरिदिने आफूहरूले गरेका पूर्वसत्यसङ्कल्पबमोजिम पत्रमार्फत कर्मसिंहले सम्झना गराउँछन् । शिवचन्द्र पनि आफ्ना छोरा सुकुमारचन्द्रको विवाहपूर्व सत्यसङ्कल्पबमोजिम कर्मसिंहकी छोरी जयश्रीसँग गरिदिने विचार गरी पत्नी ललितासँग सल्लाह गर्छन् । तर छोराको आमा बन्ने सौभाग्य पाएकोमा तथा राजधानी काठमाडौँकी बासिन्दा बनेकोमा ललितामा एक प्रकारको अहम्भाव उत्पन्न भइसकेको थियो । फलतः उनी उक्त कुरा मान्न तत्पर भइनन् र सहरकै धनी परिवारकी छोरी नै बुहारीको रूपमा भित्र्याने विचारमा लागिन् । उता आफ्नै छोरो सुकुमारचन्द्र भने प्रेयसी जयश्रीबाहेक अरूसँग विवाह नगर्ने सत्यसङ्कल्प गर्दछन् तर बाबुआमाको सामुन्ने भन्ने आँट भने गर्दैनन् । उता कर्मसिंह पत्रको जवाफको आशामा बस्दा बस्दा जवाफ नपाएपछि अन्यत्र केटा खोज्न थाल्दछन् । छोरी जयश्री भने चिन्ताले मूर्छा पर्छिन र सुकुमारचन्द्रबाहेक अरू केटासँग विवाह नगर्ने सत्यसङ्कल्प गर्छिन् तर आफ्ना आमाबाबुसमक्ष यो कुरा व्यक्त गर्दिनन् । शिवचन्द्र छोराको मनोविज्ञान नबुझी नारीहठ सहर्ष स्वीकार गर्छन् । छोरा सुकुमारचन्द्र यही कारणबाट दुई चार दिन मन बहलाउने बहानामा घरबाट निस्कन्छन् र सिन्धुली जयश्री कै घरमा पुग्छन् र भेटछन् पनि । भोलि बिहान नहुँदै त्यहाँबाट हिँड्ने सर्तमा सुकुमारचन्द्र र जयश्री त्यस रात छुटिन्छन् तर भोलि बिहान नहुँदै आइते नामक गुण्डाको फन्दामा परी जयश्री उसैसँग हिँड्छिन् । सुकुमारचन्द्र भने गुण्डाको आरोपमा गाउँलेहरूबाट सजाय पाउँछन् र अन्त्यमा निर्दोष सावित भएपछि छाडिन्छन् । जयश्री पनि बाटामा धेरै पर पुगेपछि नक्कली सुकुमारचन्द्र भनी थाहा पाएपछि त्यसको फन्दाबाट साहसपूर्वक उम्कन सफल हुन्छिन् र त्यहाँबाट हिँड्छिन । बाटामा युरोपियन युवकहरूको फन्दामा फस्नलाग्दा साहसपूर्वक हेलिकप्टर चलाएर भारतको मैसुरराज्यमा पुग्छिन् र सुकुमारचन्द्रको प्रतीक्षामा पुरुषभेष धारण गरी व्यापार गर्न थाल्छिन् । सुकुमारचन्द्र पनि जयश्रीको खोजीमा साधुको भेषमा हिँडछन । मैसुर राज्यमा

अनेक सङ्घर्ष गर्दै सुकुमारको प्रतीक्षामा रहन्छिन् । जयसिंहबहादुर नामक प्रख्यात व्यापारी बनेपछि मैसुर राज्यका प्रधानमन्त्रीकी छोरीसँग विवाह गर्न बाध्य भएपनि अन्त्यमा साधुभेषी सुकुमारसँग भेटेपछि आफ्नो भेद साहसपूर्वक खोल्छिन् । सबैले उनीलाई धन्यवाद दिन्छन् । यसरी यी विभिन्न घटनाहरूलाई ज्यादै रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यासमा कुतूहलता प्रशस्त पाइन्छ । कौतूहलले नै उपन्यासलाई रोचक बनाएको छ । कथावस्तु पढ्न थालेपछि नै कौतूहल सुरु हुन्छ । उपन्यासमा घटित हरेक घटना एकपछि अर्को गर्दै कौतूहल जगाउने खालका छन् ।

प्रस्तुत उपन्यासको कथावस्तु श्रृङ्खलित रूपमा अघि बढेको छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कथावस्तु बगेको छ । शिवचन्द्र र ललिता कर्मसिंह र वदनश्रीको सन्तानेच्छा र सन्तानप्राप्तिका लागि गरेका प्रयास र सन्तान प्राप्तिको घटना उपन्यासको आदिभाग हो । त्यसपछि यी दुवै जोडीबीच उमेर पुगेपछि आफ्ना सन्तानहरूको एक आपसमा विवाह गरिदिने सत्यसङ्कल्प तोडेपछि कथाले मध्यभागमा प्रवेश गर्ने मौका पाउछ । त्यसपछि दुवै जोडीका सन्तानहरू सुकुमारचन्द्र र जयश्री पनि आफूहरू दुईको मिलन आफ्ना अभिभावकहरूबाट नहुने ठहर भएपछि घर छोडी हिँड्छन् । त्यहाँबाट कथावस्तु उत्कर्षतर्क मोडिन्छ । साधुभेषी सुकुमारचन्द्र र पुरुषभेवी जयश्रीको मिलन भएपछि कथावस्तुको अन्त्य हुन्छ ।

**चरित्र–चित्रण**

'सत्यसङ्कल्प' उपन्यास बहुपात्रीय उपन्यास हो । प्रस्तुत उपन्यासमा शिवचन्द्र, ललिता, कर्मसिंह, वदनश्री, सुकुमारचन्द्र, जयश्री, आइते, कान्छी, मीरा, हीरा, गीता, थरुनी, युरोपियन युवकहरू, प्रधानमन्त्री, सरला, मैसुर महाराज, साधुहरू आदि मुख्य, सहायक र गौण पात्रहरू छन् । उपन्यासमा कलकत्ता, काठमाडौँ, सिन्धुलीलगायतका नेपालका विभिन्न ठाँउहरूका अतिरिक्त भारतका भिन्दाभिन्दै स्थानमा अनेकथरी पात्रहरू उपस्थित भएका छन् । यी सबै पात्रहरूले उपन्यासमा आ-आफ्नो भूमिका निर्वाह गरेका छन् ।

प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यासका प्रमुख पात्रहरूको सामान्य चर्चा निम्नअनुसार गर्न सकिन्छ :-

**शिवचन्द्र**:शिवचन्द्र प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यासमा प्रमुख पुरुष पात्रकै रूपमा उभिएका छन् । उनी विवाह गरेको लामो समयसम्म सन्तान नभएका कारण चिन्तित बन्न पुगेका एक सम्पन्न व्यापारी हुन् । सन्तानप्राप्तिका लागि अनेकौ औषधोपचार र दान, धर्मकर्म

इत्यादि कार्यहरू गर्छन् । त्यसपछि सुकुमारचन्द्र छोराको जन्म भएपछि खुशी मान्ने एक बाबुको भूमिकामा पनि उनी उभिएका छन् । सुख, सयल र ठाँउमा बसेपछि मित्रसँग सत्यसङ्कल्प पूरा गर्ने एक धोकेवाज मित्र, श्रीमतीको खराब सल्लाह पनि मान्ने एक आज्ञाकारी पतिको रूपमा पतिका रूपमा शिवचन्द्रको उपस्थिति छ । कलकत्ताबाट आफ्नो मातृभुमिको कर्तव्य सम्झी स्वदेश फर्कने देशप्रेमी व्यक्तिको रूपमा पनि उनी उभिएका छन् । पहिले गल्ती गरेपनि पछि गएर गल्तीको महसुस गर्ने पात्रको रूपमा उनको उपस्थिति रहेको छ । उनी एक गतिशील पात्र हुन् ।

**ललिता**ः ललिता शिवचन्द्रकी धर्मपत्नी र सुकुमारचन्द्रकी आमा हुन् । उनमा सुरुमा असल व्यवहार भएपनि पछि गएर छोराको आमा बनेकामा र राजधानी सहरमा बसेकोमा अह्मभाव उत्पन्न भएको छ । अह्मकै कारण ललिताले आफूले गरेको सत्यसङ्कल्प तोड्नाका साथै नराम्रो परिणाम भोग्न पुगिन् । उनी एक अवसरवादी नारीका रूपमा उपन्यासमा प्रस्तुत भएकी छिन् । उनी पनि एक गतिशील पात्र नै हुन् ।

**कर्मसिंह**ः कर्मसिंह वदनश्रीको श्रीमान तथा जयश्रीको पिताका रूपमा उपन्यासमा उपस्थित भएका छन् । शिवचन्द्रको असल मित्रका रूपमा पनि उनी देखिएका छन् । उनी पनि एक व्यापारीकै रूपमा उपन्यासमा देखिएका छन् । कर्मसिंहको दम्पतीले शिवचन्द्रको दम्पतिसँग आफ्ना छोराछोरीका विवाह गरिदिन गरेको सत्यसङ्कल्प पूरा गर्न खोज्ने, आफ्नो वचनबाट भाग्न नचाहने एक असल पात्र हुन् । आफ्नो सन्तानको मनोविज्ञान नबुझ्ने पात्रको रूपमा उनी उभिएका छन् । उनी पनि एक गतिशील पात्र नै हुन् ।

**वदनश्री**ः वदनश्री कर्मसिंहकी धर्मपत्नी तथा जयश्रीकी आमा हुन् । सन्तानको चाहना गर्दा छोरीको चाहना गर्ने पुरुषजीवन भन्दा नारीजीवन सुखी देख्ने आम नारीहरूभन्दा भिन्न सोचाइ भएकी नारी हुन् । सन्तानको विछोडमा चिन्तित ममताले भरिपूर्ण आमाको रूपमा पनि देखिएकी छन् । उनी पनि गतिशील पात्र हुन् ।

**सुकुमारचन्द्र**ः सुकुमारचन्द्र, शिवचन्द्र र ललिताको छोरो तथा जयश्रीको प्रेमीको रूपमा उपन्यासमा उपस्थित भएका छन् । खासगरी उपन्यासमा नायकको भूमिकामा देखिए पनि नायकमा हुनुपर्ने गुण उनमा कत्ति पनि छैन । बाबुआमासमक्ष आफ्नो यथार्थ कुरा भन्न नसक्ने बरु समस्याबाट भागी हिँड्ने एक कमजोर एवम् आफ्नो कुराहरू बाहिर नखोल्ने अन्तर्मुखी पात्रका रूपमा देखा परेका छन् । आफ्नी प्रेमिकासँग सजिलै भेट नहुने ठहर गरे तापनि भविष्यमा अवश्य भेट हुन्छ भन्दै उनकै सम्झनामा साधुभेष धारणा गरी हिँड्ने एक

सच्चा प्रेमीको रूपमा पनि उनी देखीएका छन् । सुरुदेखि अन्त्यसम्म नै जयश्रीकै सम्झना सँगाली हिँड्ने उपन्यासको नायक भएर पनि नायकमा हुनुपर्ने गुणहरू जस्तो साहस, धैर्य जस्ता कुराहरू नभएको कमजोर पात्रका रूपमा उनी देखिएका छन् ।

**जयश्री**:जयश्री उपन्यासकी प्रमुख नारी पात्र तथा नायिका नै हुन् । उनी कर्मसिंह र वदनसिंहकी छोरी तथा सुकुमारचन्द्रकी प्रेयसी हुन् । उनी बाबुआमासँग आफ्नो यथार्थ कुरो भन्न नसक्ने एक अन्तर्मुखी पात्र हुन् । आफ्नो प्रेमी ठानी गुन्डा आइतेसँग भागे पनि पछि गुन्डा हो भन्ने चिनेर बुद्धिमतापूर्वक उक्त गुन्डाको फन्दाबाट फुत्कन सफल तथा युरोपियन युवकहरूको फन्दाबाट पनि भाग्न सफल भई भारतको मैसुर राज्य गई पुरुषभेष धारण गरी व्यापार गर्दै मिलन अवश्यभावी छ भनी प्रेमी सुकुमारचन्द्रको प्रतीक्षा गर्ने एक धैर्यशील तथा साहसी नारीको रूपमा उपन्यासमा जयश्रीको स्थान छ । छद्मभेष धारण गरी मैसुर राज्यमा व्यापार गरी ठूलो ख्याति पाएपछि मैसुर राज्यका प्रधानमन्त्रीकी छोरी सरलासँग विवाह बन्धनमा बाँधिन बाध्य भइन् र उक्त विवाहमा 'सुकुमारार्थम' भन्ने वाक्य उच्चारण गरी अन्त्यमा सुकुमारचन्द्रसँग भेट भएपछि सरला र आफू दुवै सुकुमारकी दुई पत्नी भएर बस्न राजी हुन्छिन् । यसरी सुकुमारको पत्तो लागेपछि जयसिंह बहादुर नाम राखी व्यापार गर्ने जयश्री आफ्नो वास्तविकता खोल्ने धैर्यशाली नारीको रूपमा देखिएकी छन् ।

'सत्यसङ्कल्प' उपन्यासमा आइते, युरोपियन युवकहरू जस्ता खराब पात्रहरू, मीरा, गीता, हीरा, आदी जयश्रीका साथीहरू, कान्छी, सरला, मैसुर राज्यका महाराज तथा मन्त्रीहरू जस्ता धेरै पात्रहरू छन् जसले उपन्यास सफल पार्न आ-आफ्नो स्थानमा बलियो भूमिका निर्वाह गरेका छन् ।

**कथोपकथन/संवाद**

कथोपकथन वा संवाद पनि उपन्यासको एक महत्त्वपूर्ण तत्त्व हो । पात्रपात्राहरूबीच हुने वार्तालापलाई कथोपकथन वा संवाद भनिन्छ । 'सत्यसङ्कल्प' उपन्यासमा संवाद सशक्त छ । उपन्यासमा विभिन्न पात्रहरूले बोल्ने संवादले उपन्यासलाई दृश्यात्मक पनि बनाएको छ । उपन्यासमा पात्रका स्तर अनुसारको संवादको प्रयोग भएको छ ।

'सत्यसङ्कल्प' उपन्यासमा प्रयुक्त संवादहरू मौलिक छन् । नेपाली जनजिव्रोमा आइरहने उखानको पनि संवादको क्रममा प्रयोग भएका छन् । पुस्तक उपन्यासमा श्रीमान, श्रीमती बीचको संवाद, मालिक, मालिक्नी र नोकर्नी आदिका संवादहरू प्रयुक्त छन् । प्रेमको

संवाद, देशभक्तिको महिमा झल्कने संवाद आदि विभिन्न प्रकृतिका संवादहरू पनि प्रस्तुत उपन्यासमा प्रयोग भएका छन् ।

**द्वन्द्वविधान**

द्वन्द्वविधान पनि उपन्यासको एक महत्त्वपूर्ण तत्त्व हो । चरित्रहरूबीच हुने आन्तरिक र बाह्य द्वन्द्वले उपन्यासको कथाबस्तुलाई गति प्रदान गर्ने गर्दछ । प्रस्तुत 'सत्यसङ्कल्प' आन्तरिक र बाह्य दुवै द्वन्द्व पाइन्छ । उपन्यासका बाह्य द्वन्द्वमा शिवचन्द्र र ललिताको द्वन्द्व, शिवचन्द्र र कर्मसिंहको, सुकुमारचन्द्रको बाबुआमासँगाको द्वन्द्व, जयश्रीको बाबुआमाको द्वन्द्व, आइते, युरोपियन युवकहरूसँगको जयश्रीको द्वन्द्व आदि रहेका छ भने आन्तरिक द्वन्द्व सुकुमारचन्द्र र जयश्रीमा बढी पाइन्छ भने शिवचन्द्र, ललिता, कर्मसिंह, वदनश्री, आइते आदि पात्रहरूमा पनि आंशिक रुपमा पाइन्छ ।

**दृष्टिबिन्दु**

उपन्यासमा निहित पात्रको स्थान वा भूमिका नै दृष्टिबिन्दु हो । उपन्यासमा केन्द्रीय पात्रको स्थानका आधारमा नै दृष्टिबिन्दुको तय गरिन्छ । प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यासको दृष्टिबिन्दु उपन्यासकार स्वयं हो । उपन्यासकार सम्पूर्ण घटनाको सर्वदर्शी पात्रका रूपमा उपस्थित भएका छन् । उपन्यासकार स्वयं सर्वद्रष्टा भएर शिवचन्द्र, ललिता, कर्मसिंह, वदनश्री, सुकुमारचन्द्र, जयश्रीको जीवनमा घटेका सम्पूर्ण घटनाहरू व्यक्त गर्दछन् । उपन्यासको दृष्टिबिन्दु प्रथम पुरुष हो । यो उपन्यास सम्पूर्ण रूपमा वर्णनात्मक र संवादात्मक छ ।

**परिवेश/देश, काल र वातावरण**

उपन्यासमा घटनाहरू घट्ने स्थान, समय, परिस्थितिलाई परिवेश भनिन्छ । 'सत्यसङ्कल्प' उपन्यासले वर्तमान नेपालका र भारतका केही स्थानलाई समेटेको छ । उपन्यासमा वर्तमान नेपाली समाजमा घट्ने कतिपय वास्तविक घटनालाई समेट्न सफल भएको छ ।

'सत्यसङ्कल्प' उपन्यासले वर्तमान नेपालीहरू व्यापारको सिलसिलामा भारतको विभिन्न ठाँउमा पुगेका र आफ्नो राष्ट्रको महिमा बुझ्केकाहरू पुनः आफ्नै देशमा आई व्यापार व्यवसाय गरी बस्ने गरेको प्रसङ्गलाई राम्ररी प्रस्तुत गरेको छ । त्यस्ता व्यक्तिहरूको प्रतिनिधित्व उपन्यासमा शिवचन्द्र, कर्मसिंह आदिले गरेका छन् ।

प्रस्तुत उपन्यासले राष्ट्रप्रेमको महिमागान गर्नाका साथै पूर्वीय संस्कृतिको पनि महिमा गाएको छ । यसमा वर्तमान नेपालमा काठमाडौं, सिन्धुली, कोशीतट जस्ता स्थानहरूका अतिरिक्त नदीको पनि वर्णन भएको छ साथै भारतका कलकत्ता, मैसुरराज्य जस्ता प्रख्यात ठाउँहरूको वर्णन भएको छ । नेपालका वनजंगल, नदीनाला, हिंस्रक जन्तुहरू, रमणीय बस्तीहरू आदिको पनि प्रसङ्गअनुसार वर्णन गरिएको छ ।

**भाषाशैली**

भाषा र शैली दुई तत्वको संयुक्त रूप नै भाषाशैली हो । उपन्यासको संरचनामा पनि भाषाशैलीको महत्त्वपूर्ण स्थान छ । भाषा अभिव्यक्तिको साधन हो भने अभिव्यक्तिको तरिका नै शैली हो । सत्यसङ्कल्प उपन्यासको भाषा सरल प्रकारको ने छ । कहीं कतै संस्कृत तत्सम शब्दहरुको प्रयोग भए पनि सरल नेपाली शब्दहरुकै बहुलता रहेको छ । प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यास वर्णनात्मक शैलीको छ । लेखक स्वयं नै सर्वदर्शी भएर सम्पूर्ण घटनाको वर्णन गरेका छन् । पात्रहरूका बीचमा भएका संवादले उपन्यासको शैली संवादात्मक पनि बनाएको छ ।

**उद्देश्य**

कुनै पनि साहित्यिक कृति लेखनको उद्देश्य हुन्छ । त्यस्तै गरी 'सत्यसङ्कल्प' उपन्यास लेखनको पनि आफ्नै उद्देश्य रहेको छ । नेपाली उपन्यास लेखन परम्परामा एक ईटा थप्ने काम यस उपन्यासको प्रकाशनबाट भएको छ । पूर्वीय धर्म-संस्कृतिको महिमागान गर्नु पनि यस उपन्यास लेखनको एक उद्देश्य हो । आफ्नो राष्ट्रप्रति प्रेम गर्नुपर्छ भन्ने भाव पनि उपन्यासका एक प्रमुख पात्र शिवचन्द्रमार्फत देखाइएको छ । यसरी हेर्दा देशभक्तिको महिमागान गर्नु पनि उपन्यासलेखनको उद्देश्य हो । आफ्ना छोराछोरीहरूको मनोविज्ञान बुझेर मात्र उनीहरूको सवालमा बाबुआमाले हरेक कुराको निर्णय गर्नुपर्छ भन्ने कुराको पनि उपन्यासले सन्देश दिएको छ । नपढेकी श्रीमतीको सल्लाह मान्दा नराम्रो परिणाम भोग्न पुगेका शिवचन्द्रमार्फत त्यस्ता श्रीमतीको निर्णयलाई अन्तिम निर्णय मान्न नहुने कुराको सन्देश दिनु उपन्यासको प्रमुख उद्देश्यको रूपमा प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा उपन्यासकारमा उपन्यास लेखेर नयाँ सिद्धान्त वा मान्यता प्रतिपादन गर्ने लोभ पाइन्न । सामाजिक विषयवस्तुलाई लिएर उपन्यास लेख्नकै लागि लेखिएको हो भन्ने कुरा देखिन्छ ।

**ग) निष्कर्ष**

'सत्यसङ्कल्प' उपन्यास गोविन्दप्रसाद भट्टराईले सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखेका हुन् । उपन्यासमा सन्तानहीन दम्पतिको पीडा, सन्तान प्राप्त भएपछि छाएका खुसीहरू, परदेशिएका नेपालीहरूको आफ्नो देशप्रतिको माया ममता, सन्तानहरूको इच्छाविरुद्ध कार्य गर्ने बाबुआमाले भोग्नुपरेका दुःख, प्रेमी/प्रेमिकाका पीडा आदि कुराहरूको चर्चा गरिएको छ ।

प्रस्तुत 'सत्यसङ्कल्प' उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । पात्रहरूबिचका संवादले थप रोचकता प्रदान गरेको छ । सरल नेपाली शब्दहरूको बहुतला पनि उपन्यासमा रहेको छ ।

'सत्यसङ्कल्प' उपन्यास सामाजिक पृष्ठभूमिमा लेखिएको एक आदर्शवादी उपन्यास हो ।

(५) **'नेपाल र नेपाली' कृतिको अध्ययन**

**क) पृष्ठभूमि**

प्रस्तुत 'नेपाल र नेपाली' नामक कृतिका लेखक गोविन्दप्रसाद भट्टराई हुन् । प्रस्तुत कृतिलाई जाति भाषासम्बन्धी साहित्य तथा एक अनुसन्धनात्मक निबन्धका रूपमा लेखकले चिनाएका छन् । प्रस्तुत कृतिकी प्रकाशिका अच्युतकुमारी भट्टराई हुन् भने वि.स.२०३७ सालमा प्रथम पटक प्रकाशनमा आएको हो । यस कृतिको भूमिका लेखक स्वयंले खेलेका छन् ।

नेपालदेश र नेपाली कति प्राचीन हुन् भन्ने कुरा देखाउनु प्रस्तुत निबन्धको मूल लक्ष्य हो भन्ने कुरा पनि लेखकले भूमिकामै उल्लेख गरेका छन् । राष्ट्रभाषाको रूपमा स्थापित नेपाली भाषाको पूर्वरूप कस्तो थियो? भन्ने देखाउनु पनि यस कृतिको लक्ष्य हो भन्ने कुरा पनि भूमिकामै उल्लेख छ । प्रस्तुत कृति प्रकाशनको लागि दिंदा सत्यमोहन जोशीले हरायो भनी जवाफ दिएको गुनासो पनि लेखकले गरेका छन् र पछि बचेको खेस्राबाट दुःखसाथ तयार गरेको कुरा पनि उल्लेख गरेका छन् । अन्त्यमा पुस्तक प्रकाशन गर्न सल्लाह गरेकोमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानप्रति आभार व्यक्त गरेका छन् ।

**ख) मुख्य विषयसन्दर्भ**

प्रस्तुत 'नेपाल र नेपाली' निबन्धमा जम्मा बाईस वटा शीर्षकहरू रहेका छन् । प्रस्तुत शीर्षकहरू सबै नेपाल र नेपाली जाति, भाषासँग सम्बन्धित छन् । यसरी परस्पर सम्बन्ध भएका शीर्षकहरू हुनाले यसो हेर्दा यो एक प्रबन्धकाव्य जस्तो देखिन्छ । जम्मा १२८ पृष्ठ लामो पुस्तकमा लेखक गोविन्दप्रसाद भट्टराईले नेपाल र नेपाली जाति, भाषा, तथा साहित्यका बारेमा एक अनुसन्धानात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत शीर्षकहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

**पौराणिक नेपालः** प्रस्तुत शीर्षकमा लेखक भट्टराईले ब्रह्मा र विष्णुका वादविवाद महादेवले समाधान गरेका र उनीहरूलाई अनेक चटक देखाएर अन्त्यमा ब्रह्मालाई सृष्टि गर्ने तथा विष्णुलाई पालना गर्ने जम्मा दिइएका कुराहरू प्रस्तुत गरेका छन् ।

**नेपाल उपत्यकाः** यस शीर्षकमा लेखकले सत्य, त्रेता र द्वापर तीनै युगमा ज्योतिर्लिङ्ग उत्पत्ति भएको नेपाल उपत्याकाको बस्ती कसरी बस्यो भन्ने कुराहरू प्रस्तुत गरेका छन् । त्यसैगरी बौद्धमत अनुसार पानी भएको उपत्यकाको पानी कसरी कटाएर बस्तीयोग्य बन्यो भन्ने कुरा प्रस्तुत गरी नेपाल अति प्राचीन छ भन्ने कुरा देखाएका छन् ।

**नेमुनि र नेपालः** नेमुनि र नेपाल शीर्षकमा लेखकले ब्रहमाजीका नाति मरीचिका छोरा ने-नामका ऋषिले योगिनी देवीको वरदानबाट पाशुपत क्षेत्रको संरक्षक हुन पाए । नेमुनिले पालित हुनाले यो देशको नाम नेपाल रहन गएको हो भन्ने धारणा राखेका छन् र साथै प्रस्तुत धारणामार्फत् नेमुनि र नेपालबीचको सम्बन्ध प्रस्ट पारेका छन् । त्यसैगरी नेपालमा हजारौं पहाड आश्रम नदीनालाहरू ऋषिमुनिका नामबाट प्रख्यात छन् भन्दै पहाड, आश्रम र नदीनालाका अतिरिक्त देवालयहरूका नामबाट प्रस्तुत गरेका छन् ।

**प्रागैतिहासकालः** विश्वको सर्वोच्च शिखर हिमालयको चारैतिर फैलिएको आधुनिक एसिया प्रागैतिहासकालमा जम्बुद्वीप नामले प्रसिद्ध थियो । आधुनिक एसियाइ राष्ट्रदेखि केही भिन्न पूर्वी गोलार्धको जम्बुद्वीप विश्वसभ्यताको र संस्कृतिको जनक थियो भन्ने कुरा लेखकले प्रस्तुत शीर्षकमा प्रस्तुत गरेका छन् ।

**राजा भरत भारतवर्ष र भरतखण्डः** प्रस्तुत शीर्षकमा ऋषभदेवका छोरा भरतको चर्चा गरिएको छ । सत्ययुगमा जम्बुद्वीप आदि सातैद्वीपसमुह उनै भरतको भागमा पर्न गएको देशको नाम भारतवर्ष र भरतखण्ड समेत रहन गएको कुरा लेखकले प्रस्ट पारेका छन् । ब्रह्माका छैटौं पुस्ताका रूपमा पनि भरतको चर्चा लेखकले गरेका छन् ।

**आर्यवैदिक देश नेपालः** प्रस्तुत शीर्षकमा लेखकले ब्रहमाजीले सोच विचार गरेर पर्वतहरूको नजिकमा, नदीहरूको सङ्गमस्थलमा ब्राहमणको उत्पति गरेका कुरा उल्लेख गरेका छन् । यसैगरी उनले सबै देवता ऋषिमुनिहरूको बासस्थान पनि पर्वतामालाहरू नै रहेका कुरा उल्लेख गरेका छन् । नेपाल एक पहाडी मुलुक भएकोले यहाँका सम्पूर्ण हिमालय पर्वतहरूमा देवताहरूको बास छ । ब्राहमण जातिको बासस्थान पनि यहीँ हो भन्दै आर्यभूमिका रूपमा नेपाललाई चिनाएका छन् ।

**नेपालको इतिहासः** लेखक गोविन्दप्रसाद भट्टराईले नेपालको इतिहास खोतल्ने क्रममा ज्यादै पुराना ग्रन्थहरूको पनि अध्ययन गरी नेपालको नाम उल्लेख भएका साथै नेपालका विभिन्न ठाउँहरूको नाम नदीनालाहरूको नाम उल्लेख भएका कुराको पुष्टि गरेका छन् । यस क्रममा उनले रामायण, महाभारत जस्ता प्राचीन ग्रन्थहरूको सहायता लिएका छन् । विदेशीहरूले अज्ञानवश नेपाललाई होच्याउने हेतुले लेखेका इतिहास नपढ्न आग्रह गर्दै हाम्रा अतिप्राचीन ग्रन्थहरूमै नेपालको नाम उल्लेख भएकोले नेपालको इतिहास अतिप्राचीन छ भन्ने कुराको पुष्टि गरेका छन् ।

**नेपाली खस भाषाः** वर्तमान विकसित अवस्थामा पुगेको नेपाली भाषा पहिले खस भाषा त्यसपछि पर्वते भाषा र पछि गोर्खाली भाषाका नामले परिचित थियो । अन्य नेपाली जातिका आ-आफ्नो मातृभाषा भए जस्तै खस र बाहुनको खास भाषाका रूपमा यो भाषा रहयो । यो भाषा वर्तमान समयमा सम्पूर्ण नेपालभरिमा र प्रवासी नेपाली जनजीवनमा ज्यादै प्यारो भएर रहेको कुरा लेखकले प्रस्तुत शीर्षकमा व्यक्त गरेका छन् ।

**खस शब्द खसजाति र खसदेशः** प्रस्तुत शीर्षकमा लेखकले खस शब्दको अर्थ खोज्दै जाने क्रममा विभिन्न प्राचीन ग्रन्थहरूको पनि सहायता लिएका छन् । आखिर खस शब्दले खास गरेर खसदेश, खसदेशमा बस्ने जाति र खसदेशको राजालाई समेत बुझाउँछ भन्ने कुरा प्रस्ट पारेका छन् । खसजाति वा राजा पहिले क्षत्रिय थिए र पछि ब्राह्मणको सङ्गत छाडेर शुद्रको आचरण धारण गरे भन्ने प्राचीन ग्रन्थ मनुस्मृतिमा उल्लेख भएको कुरा पनि लेखकले उल्लेख गरेका छन् ।

**खस जातिको विस्तारः** खसहरू पहिले शिकारी पेसामा थिए । पछि पशुपाल्ने गोठाला वा खस जाति बने । हिमालयका यिनै पशुपालक खसहरू बिस्तार-बिस्तार पछि सभ्यश्रेणीका ठकुरी वा खत्री बने । आजसम्म पनि खस वा खत्रीको स्वरूप विभिन्न वर्णसाङ्कर्यबाट बन्दैछ । पहिले खस एक युद्धशील जाति थियो । उसले कहिले काहीँ विजय गरेर बख्तर,

पञ्जाव, अफगानिस्तान, तर्को, काबुल आदि आफ्नो अधीनमा गराएका थिए । त्यहिँबाट यो जाति कोही बिजेताको रूपमा शासक बनेर, कोही सेनाको रूपमा, कोही किसानको रूपमा, कोही पशुपालनको रूपमा संसारभर फैलिएको कुरा लेखकले प्रस्तुत शीर्षकमा गरेका छन् ।

**नेपालीजातिः** प्रस्तुत शीर्षकमा लेखकले नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूका बारेमा टिप्पणी गरेका छन् । खस, किराँत, लिच्छवि, मल्ल, मगर, गुरुङ्ग, तामाङ, भोटे, शेर्पा, चेपाङ, तोर्मा, थाक्से, नेवार जस्ता जातिहरूको बारेमा उल्लेख गरेका छन् ।

**राजा अरमुडिः** राजा अरमुडिलाई नेपालका सातौं शताब्दीका अन्त्यका भनी समय किटान गर्दै लेखकले तिनै राजाले कश्मीरका राजा जयपीडलाई आफ्नो अधीनमा गराउन चाहेका थिए भन्ने कुरा उल्लेख गरेका छन् । अरमुडि राजाको राजधानी नेपालको गण्डकी अञ्चलको कास्कीकोट र बाटुलेचौर अरमौलाको पाङ्दुर दुर्ग पाङपर्वत हो भन्ने कुरा पनि उल्लेख गरेका छन् । यसमा नेपालको अन्धकार इतिहासलाई अरमुडिको इतिहासले थोरै प्रकाश दिएपनि ती राजाले पश्चिम नेपालमा रहेर सम्पूर्ण नेपालकै शासन गर्थे कि पश्चिमको मात्र शासन गर्थे भन्ने कुरा अझ प्रस्ट हुन नसकेको कुरा पनि लेखकले उल्लेख गरेका छन् । यति हुँदाहुँदै पनि ती राजा पश्चिम नेपालका खसजातिका एक प्रसिद्ध राजा हुन भन्ने कुरा लेखकले प्रस्ट पारेका छन् ।

**गेलालवंश (पुण्यमल्ल)ः** पुण्यमल्ल प्रतापमल्लका छोरी ज्वाइँ थिए । प्रतापमल्लका छोरा नभएकोले छोरी शकुनमाला नै राज्यको हकदार भइन् । त्यसकारण पुण्यमल्लले राज्यको प्रतिनिधि हुने मौका पाए, भन्ने कुरा लेखक गोविन्दप्रसादले उल्लेख गरेका छन् । पुण्यमल्ल गेलालवंशका थिए प्रतापमल्लको राज्य अपुलाली पाएकाले उनले आफ्नो नामको पछाडी मल्ल जोडेको हुनुपर्छ भन्ने अनुमान इतिहासकारहरूको छ, भन्ने कुरा लेखकले प्रस्तुत गरेका छन् । त्यसपछि लेखकले खस भाषाको बारेमा कुरा गरेका छन् र आदित्यवंशका विभिन्न पुस्ताका नामहरू प्रस्तुत गरेका छन् ।

**वेदमा चन्द्रलोकयात्राः** चन्द्रमामा सात किसिमका पत्थर छन, त्यहाँ बखत बखतमा पहिरो गएर अनौठो किसिमका शब्दहरू आइरहन्छन भन्ने कुरा ऋग्वेदमा उल्लेख भएको कुरा लेखकले यहाँ प्रस्तुत गरेका छन् । चन्द्रलोक मनुष्यको जीवनोपयोगी छैन भन्ने कुरा पनि वेदमै उल्लेख भइसकेको कुरा लेखकले यहाँ प्रस्ट पारेका छन् ।

**मध्यएसियाबाट आर्य आएका हैननः** विशाल भारतवर्ष र वर्तमान नेपालमा आदिकालदेखि नै वैदिक आर्यहरू रहिआएका छन् भन्दै लेखकले आर्यहरूको उद्‌भव यही हिमवत्‌प्रदेशमा

भएको हो भन्ने कुराको उल्लेख गरेका छन् । यस्ता आर्यहरूलाई आजका इतिहासकारहरू इरान, मिश्र आदि देशबाट हिन्दूकुश पर्वत हुँदै पर्सियन खाडीको बाटोबाट सिन्धु नदीको तिरमा आई बसोबास गरेको मान्दछन् । लेखक भट्टराईले यी कुरा केवल अड्कलका आधारमा मात्र गरेका हो जस्तो लाग्छ भन्दै आर्यहरू मध्यएसियाबाट आएका होइनन् उनीहरू नेपालका र भारतका प्रसिद्ध नदीको किनारमा बस्दथे भन्ने कुरा ऋग्वेदमा पनि उल्लेख भएको कुरा प्रस्ट पारेका छन् ।

**प्राकृतबाट नेपाली :** आज नेपाली भाषा बन्न पुगेको प्राकृत भाषामा विभिन्न भाषा मिलेर खस भाषा बनेको हो । राजशेखरले काव्यमीमांशामा शब्द र अर्थ शरीर, संस्कृत मुख, प्राकृत बाहु, अपभ्रंश जघन, पैशाच पाउ र मिश्र (प्राकृत) छाती गरी काव्यको शरीर बनेको कुरा उल्लेख गर्दै लेखकले नेपालीभाषामा यी सबै भाषाहरूको मिश्रण छ त्यसैले यो भाषा पूर्ण छ भन्ने कुरा प्रस्तुत गरेका छन् ।

**नेपाली भाषामा शाहवंशको देनः** जैतखानका चारपुस्ता लमजुङका राजा यशोब्रहम शाह हुन् । यिनले पश्चिम नेपालको भाषालाई मान्यता प्रदान गरेका थिए । यिनका माहिला छोरा द्रव्यशाह गोर्खाका राजा बने । उनले पनि खसभाषालाई राजभाषा बनाए । विशेष गरेर पर्वत जिल्लामा यो भाषा खुबै फैलियो पछि गएर यसले पर्वते भाषाको नामले प्रसिद्ध भयो । यसका अतिरिक्त नुवाकोट र नेपालको उपत्यकामा पनि यो भाषाले मान्यता पाएको थियो । शाहवंशीय राजाहरूमा राम शाहले पनि अन्य सामाजिक सुधारका अतिरिक्त नेपाली भाषाको पनि सुधार गरे भन्ने कुरा लेखकले प्रस्तुत शीर्षकमा प्रस्तुत गरेका छन् ।

**नेपाली साहित्यको प्राथमिककालः** प्रस्तुत शीर्षकमा लेखकले गौरीश्वर पाण्डेको अङ्गस्फुरणको अनुवाद पूर्णिमा ४/२ मा प्रकाशित छ भन्दै यसलाई नै नेपाली भाषाको प्रथम अनुवाद मान्नु पर्ने कुरा व्यक्त गरेका छन् । प्रस्तुत नरभूपालका पिता पृथ्वीपतिका समकालीन गौरीश्वरले गरेको हुनाले नेपाली साहित्यको प्राथमिक कालको सुरुआत पनि यहीबाट भएको मान्नुपर्ने देखिन्छ । त्यसपछि त्यसकालमा देखिएका कृतिहरूमा वाणीविलास ज्योतिर्विदको 'ज्वरोतपत्ति चिकित्सा', १७२७ को प्रतापमल्लको अभिलेख, १७४० तिरको 'वाजचिकित्सा', १७८० तिरको प्रेमनिधि पन्तको 'प्रायश्चित प्रदीप' र नृपशलोकी, १८०९ को गङ्गाविष्णु द्विजको 'अजीर्णमञ्जरी', १८०० को 'औषधीरसायन' १८३३ को भानुदत्तको 'हितोप्रदेश मित्रलाभ', १८१७ को रामभद्रको 'लक्ष्मीधर्मसंवाद', १८५५ शक्तिबल्लभको 'हास्यकदम्ब', शिवनृसिंहको 'वाजलक्षण', १८६६को ज्योर्तिनरासिंहको 'तुलसीस्तव' १८०० तिरकै

रामाश्वमेधको अनुवाद आदि हुन् । यी मौलिक र अनुवादित कृतिहरूका साथै यसकालमा १८७५ को 'दशकुमार चरित' को अनुवाद, १८३३ को उदयानन्दको कुलवर्णन, विद्यापतिको गीतवाणी, सातराग, सातनायिका, १८४७-१९०० तिरको इन्दिरसको 'गोपिकास्तुति', १८९१-१९२४ को अम्बरगिरीको ब्रहमायज्ञ, वेदान्तवराग्याम्बर, शशिधरको 'जोसमनी जोगशास्त्र' १८८८-१९२९ को पद्मदासको 'विष्णुस्तोत', 'वशिष्ठगीता', 'अध्यात्मरामायण', 'सप्तशती', 'पातञ्जली भाषा', 'वेदान्तमृतभाषा', 'योगचिन्तामणिमाला', 'महाभारतविराट्पर्व', 'ज्ञानमाला', १९०६ को चतुरदामोदरको 'सङ्गीतदर्पण', १८५० को दैवज्ञकेसरीको 'अश्वशुभाशुभपरीक्षा', विद्यारण्यकेसरीको 'युगलगीत', 'द्रौपतीविलाप', 'वंशीचरित्र', वीरशाली पन्तको 'द्रोपतीविलाप' 'विमलबोधानुभव' १८६५ को यदुनाथ पोखज्यालको 'कृष्णचरित्र' स्तुतिपद्य १, २, ३ भाग, १८८४-१९०० को वसन्त शर्माको 'कृष्णचरित्र', 'समुद्रलहरी', १८६८-१९१८ को रघुनाथ पोखऱ्यालको 'सुन्दरकाण्ड' जस्ता उल्लेखनीय नेपाली रचनाहरू देखापरेका थिए भन्ने करा लेखकले प्रस्तुत गरेका छने ।

यसरी हेर्दा १८ औं १९ औ विक्रम सम्वत्को बीचतिर मौलिक साहित्यतिर हात नबढाएपनि अनुवादित कृतिहरूले नै स्थान पाएको पाइन्छ । यसै समयलाई नै लेखकले नेपाली साहित्यको प्राथमिककाल मान्न उचित हुने कुरा व्यक्त गरेका छन् ।

**नेपाली साहित्यको मध्यकालः** प्रस्तुत शीर्षकमा लेखकले नेपालमा मुद्रणयुगको सुरुआत भएको कुरा उल्लेख गरेका छन् । १९५८ मा पाशुपत छापाखाना स्थापित भयो त्यसपछि यसै साल गोरखापत्रले जन्म लिएको कुरा लेखकले उल्लेख गरेका छन् । त्यसपछि नेपाली भाषाले परस्कृत र शुद्ध बन्ने मौका पायो । मध्येकालका कविहरूमा भानुभक्त आचार्य, पतञ्जलि गजुऱ्याल, राजीवलोचन जोशी, मोतीराम भट्ट, होमनाथ खतिवडा, नाजीर पहेल्मानभक्त, शिवदास, नारायण, तीर्थराज पाण्डे, तीर्थप्रसाद आचार्य, वीरबहादुर मल्ल, वीरेन्द्रकेशरी अर्याल, शम्भुप्रसाद ढुङ्गेल, कृष्णप्रसाद रेग्मी, चिरञ्जीवि पौडेल, रमाकान्त बराल, रेवतीरमण न्यौपाने, हरिविक्रम थापा, नरेन्द्रनाथ रिमालहरूका नाम लेखकले उल्लेख गरेका छन् । यिनीहरूका मौलिक कृति र अनूदित कृतिहरूले नेपाली भाषाको विकास गर्नमा ठूलो योगदान दिएको कुरा पनि लेखकले प्रस्ट पारेका छन् ।

**आधुनिक साहित्यकाल :** प्रस्तुत शीर्षकमा पनि लेखकले आधुनिक साहित्यकालको स्पष्ट रूपमा समय किटान गरेका छैनन् । केवल केही प्रतिभाहरूको नामोल्लेख मात्र गरेका छन् । यस कालका साहित्यकारहरूमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, सोमनाथ सिग्देल,

लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भीमनिधि तिवारी, देवीदत्त पराजुली, जगन्नाथ गुरागाईहरूका नम उल्लेख गर्दै राष्ट्रभाषाको वाङ्मय भण्डार भर्ने काममा यिनीहरूको योगदान महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरेका छन् ।

**अत्याधुनिक साहित्यकाल :** शान्तप्रवाह नदीमा मूल फुटेर भेल बढी सर्वत्र छताछुल्ल भएजस्तो गरी यस समयमा पनि साहित्यको मूल फुटेर जतासुकै छताछुल्ल भएको छ भन्ने कुरा लेखकले उल्लेख गरेका छन् । यस समयमा शैव, वैष्णव, सन्यासी, भिक्षु, योगी, गोठाला, खेताला, आदि सबै समयानुकूल साहित्य सिर्जना गर्नमा संलग्न रहेको कुरा पनि लेखकले उल्लेख गरेका छन् । प्रगतिवादि, प्रकृतिवादी, पुरावृत्तवादी, सौन्दर्यवादी, प्रतीकवादी, रूपवादी, छायाँवादी, रहस्यवादी, स्वच्छदतावादी, आदि काव्यविधानमा वर्तमान कविहरू जागरुक रहेको कुरा उल्लेख गर्दै यस्ता कविहरूको सङ्ख्या गन्नु तारा गन्नु जस्तै कठिन छ भन्ने कुरा पनि उल्लेख गरेका छन् । साहित्यका सबै विधाहरूले यो समयमा प्रकाशित हुने मौका पाएका छन् भन्दै जे भए पनि उत्कृष्ट साहित्य सिर्जना गर्नुपर्नेमा लेखकले जोड दिएका छन् ।

**ग) निष्कर्ष**

प्रस्तुत कृति 'नेपाल र नेपाली' गोविन्दप्रसाद भट्टराईको जाति तथा भाषा साहित्यसँग सम्बन्धित एक अनुसन्धानमुलक कृति हो । यसमा नेपालको उत्पत्तिदेखि लिएर नेपाल नामाकरणका प्रसङ्गहरूका अतिरिक्त नेपालमा विभिन्न समयमा शासन गर्ने शासकहरूको छोटकरीमा चर्चा गर्ने काम पनि लेखकले गरेका छन् । लेखकले यसमा नेपालमा प्रचलित भाषाहरूका बारेमा पनि चर्चा गर्नुका साथै नेपालको साहित्यिक पृष्ठभूमिको कुराहरू उठाँउदै यहाँको प्राथमिककालीन, माध्यमिककालीन, आधुनिककालीन र अत्याधुनिककालका साहित्यका बारेमा पनि आफ्नो धारणा प्रस्तुत गर्ने काम गरेका छन् ।

**(६) 'रामाङ्क नाटिका'को अध्ययन**

**क) पृष्ठभूमि**

प्रस्तुत रामाङ्क नाटिका गोविन्दप्रसाद भट्टराईको अनूदित सिर्जनात्मक कृति हो । 'रामाङ्क' नाटिकाको सम्पादक तथा अनुवादक गोविन्दप्रसाद भट्टराई स्वयम् हुन् । प्रस्तुत नाटिकाका लेखक धर्मगुप्त हुन् । प्रस्तुत नाटिका धर्मगुप्तले संस्कृतमा लेखेका र गोविन्दप्रसादले नेपाली भाषामा अनुवाद गरेका हुन् । 'रामाङ्क' नाटिकालाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०३२ सालमा प्रथमपटक प्रकाशित गरेको हो । यसमा सूर्यविक्रम

ज्ञवालीले तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपतिको हैसियतले आफ्ना भनाइहरू राखेका छन् । त्यस्तै लैनसिंह वाङ्देलले उपकुलपतिको हैसियतले मन्तव्य र चूडानाथ भट्टरायले सदस्यका हैसियतले उपोद्घात लेखेका छन् । उदाहारः शीर्षक दिएर गोविन्दप्रसाद भट्टराई स्वयम्ले नाटिकाको विशेषता, नाटिकाको परिचय, ग्रन्थकारको परिचय, पुस्तक अशुद्ध हुनाका कारणहरू, ग्रन्थकारको समयमा बारेमा प्रस्ट पार्दै अन्त्यमा अनुवादकको नम्र निवेदन भनी आफ्ना मनमा लागेका कुराहरू जस्तो पुस्तक शुद्ध बनाउन नसकेका कुराहरू प्रस्तुत गरेका छन् ।

**ख) अनुवाद कलाका दृष्टिले 'रामाङ्क-नाटिका'**

प्रस्तुत अनूदित 'रामाङ्क-नाटिका' चार अङ्कमा विभाजित छ । यस ग्रन्थका मूल लेखक धर्मगुप्तले प्रस्तुत नाटिकालाई चार अङ्कमै पुरा गराएका हुनाले अनूदित ग्रन्थलाई पनि अनुवादक गोविन्दप्रसाद भट्टराईले चार अङ्कमै विभाजित गरेका छन् । प्रस्तुत नाटिकामा रामको वनवास प्रारम्भदेखि लिएर उनको राज्यभिषेकसम्मको कथांश वर्णित छ । मुख्यतः सीताजीको दुःस्वप्न-दर्शन, त्यसको शान्तिको निम्ति लक्ष्मणको साथमा सीताजी गोदावरीमा स्नान गर्न जानु, त्यही मौका पारेर राममा आशक्त शूर्पणखा सीताजीको रूप लिएर आउनु र श्रृङ्गारको अभिप्राय प्रकट गर्दै आलिङ्गन गर्नु, त्यसैमौकामा सीताजी आइपुग्नु, ती सक्कली सीतालाई देखेर नक्कली सीताले यो मेरो मायाको रूप लिएर आएकी राक्षस्नी हो यसलाई मारिदिनोस् भन्नु, रामले सक्कली सीतालाई मार्न वाण सोझ्याउनु, सीताले गुहार माग्नु, लक्ष्मणले रामसँग वाण नहान्न बिन्ती गर्नु, रामलक्ष्मण दुवै दाजुभाइलाई सक्कली सीता चिन्न गाह्रो पर्नु, जो पारिजातको फूल ल्याउन सक्छिन त्यही सक्कली सीता हो भनी लक्ष्मणले शर्त राख्छन्, सक्कली सीता पारिजातको फूल ल्याउन असमर्थता प्रकट गर्दै रुनु, नक्कली सीता भने खुसी हुँदै फूल लिएर आउनु, त्यसपछि फूल ल्याउने सीता नै मायासीता हो भनी लक्ष्मणले निर्णय गर्नु र त्यसलाई र त्यसलाई काट्नु तम्सनु तर त्यो कामवशले कामुक बनेर आएकी हो त्यसकारण त्यसलाई नमारी नाक काटेर पठाउन रामले लक्षमणलाई भन्नु, त्यसपछि नाक काटिएकी शूर्पणखा दाजु रावणकहाँ पुग्नु, रामाङ्क नाटिकाका प्रमुख विषय हुन् । यहींबाट नै रावणको रामसँगको विरोधज्वाला दन्केर आउँछ र अन्य सीताहरण, रावण रामको युद्ध जस्ता घटनाहरू घट्दै अन्त्यमा रामको राज्यभिषेकसम्मको घटनाक्रमहरू क्रमशः एकपछि अर्को गर्दै घटेका छन् ।

प्रस्तुत नाटिकाको उल्लेखित घटनाहरू अनुवादक गोविन्दप्रसाद भट्टराईले ज्यादै कठिनसँग अनुवाद गरेका हुन् । यो कुरा भट्टराईले प्रस्तुत रामाङ्क-नाटिकाको अनुवादकको नम्र निवेदन शीर्षकमा गरेका छन् । लेखक धर्मगुप्तले मूल पुस्तकको रचना ५०१ पौषमा गरेका हुन् भन्ने कुरा अनुवादक भट्टराईले ग्रन्थकारको समय शीर्षक लेखमा उल्लेख गरेका छन् । यसरी हेर्दा यस्तो पुरानो किरा, मुसाका कारण तथा कागज गल्नाले खण्डित हुन पुगेको र यस्तो खण्डित पाण्डुलिपिबाट संशोधन र अनुवाद गर्न निकै कठिन भएको कुरा अनुवादकले यो पुस्तक कसरी अशुद्ध हुन गो ? भन्ने प्रश्नको जवाफमा प्रस्तुत गरेका छन् । प्रस्तुत पुस्तकको पाण्डुलिपिमा अनेक किसिमका प्राकृत भाषाको प्रयोग र त्यसमा नेवारीसमेत मिसिनाले उक्त प्राकृत झन्, दुरूह बन्न गयो र अशुद्ध हुन गयो होला भन्ने अनुमान अनुवादकले, गरेका छन् । कतिपय ठाउँमा त पैशाची, मिश्र प्राकृतमाथि, पाली, नेवारी पनि मिसिन गएका र कतिपय ठाउँमा पत्रका पत्र पाठ छुट्न गएको तथा अक्षरहरू पनि टुटेकाले अनुवादक भट्टराईले अन्दाजले पनि कथाको सङ्गति देखाइएको कुराको स्वीकारोक्ति अनुवादकको नम्र निवेदन शीर्षकमार्फत नै गरेका छन् । कतिपय वाक्य पूरा नभएको ठाउँमा वाक्यभरी पूरा गराइदिएका ता कहीँ त्यसै छाडिदिएको कुरा पनि अनुवादकले गरेका छन् । प्रस्तुत पुस्तकको अनुवाद गर्ने समय थोरै पाएकाले पनि अनुवादकले आफूले भनेजस्तो बनाउन नसकेको कुराको उल्लेख गरेका छन् । प्रस्तुत धेरै केलाउन नपाएको र हडबडमा नै पुस्तक ग्रन्थ तयार गर्दा भएका भूलभूकमा क्षमा-याचना गरेका छन् ।

प्रस्तुत 'रामाङ्क-नाटिका' ले एक कुशल अनुवादकको कलमबाट अनुवाद हुने मौका पाए पनि मूल पुस्तक आफै खण्डित एवम् अशुद्ध हुनाले मूल पुस्तकको जस्ताको त्यस्तै अनुवाद हुन पाएन । गोविन्दप्रसाद भट्टराई कुशल अनुवादक भए पनि प्रस्तुत मूल ग्रन्थ शुद्ध नहुनाले र खण्डित हुनाले आफ्नो कुशल अनुवाद कला यस पुस्तकमा झल्काउन सकेका छैनन् । प्रस्तुत कृति अनुवादको क्रममा अनुवादकले मुल पुस्तकका हरफलाई जस्ताको त्यस्तै सार्दै त्यसको मुनि नेपालीमा अनुवाद गरेका छन् । यसरी अनुवाद गर्ने क्रममा कठिन शब्दहरूको अर्थ पृष्ठको अन्त्यमा प्रस्ट पारेका छन् । अशुद्ध हरफहरू छन् भने पृष्ठको अन्त्यमा अशुद्ध छन् भनेका छन भने अपूरा र आफैले सन्दर्भ मिलाएर पूरा गरेकोमा पनि त्यसको सूचना दिएका छन् ।

### ग) निष्कर्ष

यसरी हेर्दा अशुद्ध एवम् खण्डित पाण्डुलिपिबाट पनि अथक प्रयासस्वरूप सन्दर्भ मिलाई अनुवाद गरेकाले गोविन्दप्रसाद भट्टराईको कुशल अनुवाद कला प्रस्ट हुन्छ । प्रस्तुत 'रामाङ्क-नाटिका' गोविन्दप्रसाद भट्टराईले केवल अनुवाद मात्र गरेकाले नाटिकाका आधारभूत तत्वहरूका कसीमा यसलाई जाँच्ने चेष्टा यहाँ गरिएको छैन । त्यसो नगरीकनै केवल अनुवादका दृष्टिले मात्र यसलाई यहाँ हेरिएको छ । मूल घटनातर्फ पनि यहाँ केन्द्रित नभई अनुवादकला मात्र यहाँ हेरिएको छ ।

'रामाङ्क-नाटिकामा' नाटिकाका सबै लक्षणहरू मिलेका छैनन् । यसमा धीरललित नायक, सङ्गीतमा चतुरी नायिका, दुई रानी आदिजस्ता लक्षणहरू हुनुपर्नेमा केही पनि छैन तापनि चार अङ्कमा विभाजित, प्रसिद्ध इतिहास रामायणबाट कथांश झिकिएको छ । यसरी हेर्दा केही लक्षण मिलेकै आधारमा लेखकले नाटिकाको संज्ञा दिएको देखिन्छ ।

## (७) 'श्रीमद्भगवद्गीता'को अध्ययन

### क) पृष्ठभूमि

'श्रीमद्भगवद्गीता' गोविन्दप्रसाद भट्टराईको पद्यगद्यात्मक अनुवादित कृति हो । प्रस्तुत कृति २०४२ सालमा गोविन्दप्रसाद स्वयंले प्रकाशित गरेका हुन् । यस कृतिको प्रस्तावना लेख अनुवादक स्वयंले लेखका हुन् । यस क्रममा उनले तीरमा बसेर सागरको गहिराइ पत्ता लगाउन गाह्रो भए जस्तै आफू जस्ताले यो गम्भीर विषयको अर्थ लगाउन खोज्नु पनि ज्यादै अप्ठ्यारो कुरा हो भन्ने कुरा व्यक्त गरेका छन् । यस ग्रन्थको महत्त्व दर्शाउनु पनि सूर्यलाई बत्ती देखाउनु जस्तो लाजमर्नु कुरा हो भन्ने कुरा पनि भट्टराईले व्यक्त गरेका छन् । यसै प्रसङ्गमा लेखकले आफूले अनुवाद गरेको सबै ठीक नभइ गलत पनि हुनसक्छ भन्दै क्षमायाचना गरेका छन् । यस ग्रन्थ अनुवादको क्रममा सहयोगी बनेका सम्पूर्ण ग्रन्थहरू र ग्रन्थकर्ता आचार्यहरूप्रति हार्दिक आभार व्यक्त गरेका छन् । प्रस्तुत ग्रन्थ २५२ पृष्ठ लामो रहेको छ ।

### ख) मुख्य विषयसन्दर्भ

प्रस्तुत ग्रन्थमा अनुवादक गोविन्दप्रसादले मूलग्रन्थबाट अध्याय १ देखि १८ सम्म नै नेपालीमा अनुवाद गरेका छन् । अनुवादकको क्रममा उनले प्रस्तुत मूल ग्रन्थको प्रत्येक अध्यायका हरेक श्लोकहरूलाई पहिले नेपाली श्लोकमा वा पद्यमा र पछि नेपाली गद्यमा गरेका छन् । यस्तो अनुवाद प्रक्रिया हेर्दा कहीं भावानुवाद र कहीं छायाँनुवाद जस्तो पनि

देखिन्छ । हिन्दू धर्ममा अगाध आस्था राख्ने गोविन्दप्रसादले श्रीमद्भागवद्गीताको महिमा अपूर्व ठान्दै आफ्नो जीवनको उत्तरार्ध अथवा ७५ वर्षको वृद्धावस्थामा अनुवाद गरेका हुन् । श्रीमद्भागवद्गीताको मूल ग्रन्थ  सम्पूर्ण पाठकहरूले बुझ्न नसक्ने महसुस गर्दै सर्वसाधारण पाठकहरूलाई पनि बुझ्न सजिलो होस् भन्ने हेतुले सरल नेपालीमा अनुवाद गरेका हुन् ।

गीतामा निष्काम कर्मयोगको सन्देश दिइएको छ । फलमा आशक्त नबनी वर्णाश्रमोचित धर्ममा लाग्नु नै मुख्य धर्म हो, त्यही कुराको प्रतिपादन गर्नु नै श्रीमद्भगवद्गीताको मुख्य प्रयोजन हो । कुरुक्षेत्रलाई पहिलो समन्तपञ्चक भन्दथे । पछि त्यहाँ नै महाराजा कुरुले यज्ञयज्ञादी गरी तपस्या गरेर धर्म गर्ने मुख्य स्थल माने । त्यसै समयदेखि त्यो स्थल धर्मभूमि र कुरुक्षेत्र नामले प्रसिद्ध भयो र त्यो स्थल स्नान, दान, तप, यज्ञ, यज्ञादि कर्म गर्ने पवित्र पुण्यभूमि मानिन लाग्यो । त्यसैले धर्मभूमिको प्रभावले र आफ्ना पूर्खा कुरुको नामको प्रभावले कौरवका छोरा र पाण्डुको छोराहरूबीच मार्नु मराउनु अपराध हो भन्ने ठानी एक आपसमा उत्पन्न विरोध समाप्त गरी सन्धिको प्रस्ताव गर्न लागे भन्ने आशा गरेर सञ्जयसँग धृतराष्ट्रले विभिन्न प्रश्नहरू गरेका छन् । त्यसकारण गीतालाई धर्मसंवाद भन्ने गरिएको छ किनकी सम्पूर्ण गीताशास्त्र धर्मसंवादयुक्त छ । जब धर्मको हानी र अधर्मको मनोमानी हुन्छ त्यसवेला धर्मको स्थापना र पापको नाश गर्न म अवतार धारण गर्छु भनी स्वयं श्रीकृष्णले बताएका छन् । आफ्नो स्वधर्म त्याग्न लागेका अर्जुनलाई धर्मसंवादद्वारा उत्साहित गराएर स्वधर्ममका प्रवृत्त गराएका कुराहरू नै गीताका प्रमुख विषय हुन् । यसबाट नै गीताशास्त्रको प्रयोजन निष्काम कर्मयोग हो भन्ने कुरा सिद्ध हुन्छ ।

गीतामा अर्जुनले रणभूमिमा भीष्मपितामह र द्रोणाचार्यसँग वाणद्वारा युद्ध गर्न अनुचित ठानी युद्ध नगर्ने विचार गर्दा मधुसूदनले युद्धमा सरिक हुनपर्छ, यसबाट विचलित नहोऊ भन्दै अर्जुनलाई सम्झाएका कुराहरू मुख्य छन् । यसमा शरीरको अनित्यता र आत्माको अमरताको कुरा ज्यादै रोचक ढङ्गमा गरिएको छ  शरीरले पुरानो लुगा फेरे जस्तै हाम्रो आत्माले पनि जीर्ण भएको शरीर त्यागेर नयाँ शरीर धारण गर्दछ । त्यसकारण देह समाप्त हुँदैमा शोक गर्नुपर्ने कुनै कारण छैन भन्ने कुरा मार्मिक ढङ्गमा गरिएको छ । विषयभोगको चाहनाबाट मुक्त हुनुपर्ने कुराको पनि गीतामा ज्यादै महिमा गाइएको छ । गीतामा ज्यादै महत्त्व गाइएको अर्को प्रसङ्ग निष्काम कर्मयोग हो । यसमा स्पष्ट भनिएको छ ‘काम गर तर फलको आशा नगर’ यो नै गीताको प्रमुख विषय पनि हो ।

**ग) निष्कर्ष**

यसरी हिन्दूहरूको महान ग्रन्थ गीताको नेपालीमा अनुवाद गरी गोविन्दप्रसाद भट्टराईले यस ग्रन्थको  थप महत्त्व प्रस्ट पारेका छन् किनकी गीताशास्त्र सम्पूर्ण हिन्दूहरूले बुझ्ने भाषामा थिएन । नेपालीमा अनुवादित यस ग्रन्थले अझ बढी महत्त्व पाएको छ ।

## २) समालोचनात्मक साहित्यिक कृतिहरूको अध्ययन

गोविन्दप्रसाद भट्टराईका समालोचनात्मक कृतिहरू पनि मौलिक र अनूदित गरी दुई प्रकारका  रहेका छन् ती कृतिहरु निम्नअनुसार छन् जसको अध्ययन क्रमशः गरिएको छ :

(१) 'पूर्वीय काव्यसिद्धान्त' २०३१

(२) 'वृत्तकल्पलतिका' २०३२

(३) 'भरतको नाट्यशास्त्र' २०३९

**(१) 'पूर्वीय काव्यसिद्धान्त'को अध्ययन**

**क) पृष्ठभूमि**

'पूर्वीय काव्य-सिद्धान्त' गोविन्दप्रसाद भट्टराईको एक समालोचनात्मक कृति हो । प्रस्तुत कृति नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०३१ सालमा प्रथम पटक प्रकाशनमा ल्याएको हो । यसको सुरुमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति सूर्यविक्रम ज्ञवालीले प्रज्ञा प्रतिष्ठानको तर्फबाट आफ्ना भनाइहरू राखेका छन् भने उपकुलपति लैनसिंह बाङ्देलले मन्तव्य र चूडानाथ भट्टरायले सदस्यका हैसियतले 'दुई शब्द', शीर्षक दिई आफ्ना भनाइहरू राखेका छन् । कृतिको परिचय दिने काम भन्ने लेखक गोविन्दप्रसाद भट्टराई स्वयंले गरेका छन् । यस क्रममा उनले तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले पूर्वीय काव्य-सिद्धान्त र पाश्चात्य काव्य्-सिद्धान्त नाम गरेर काव्य सिद्धान्त लेखाउने प्रसङ्ग चलाउँदा पूर्वीय काव्य-सिद्धान्त लेख्ने अवसर आफूलाई प्रदान गराएकोमा प्रज्ञा प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गरेका छन् । काव्य सिद्धान्त लेखनको क्रममा आफूले आश्रय लिएका धेरै विद्वान् लेखकहरूको ज्ञानलाई र सहायक बनेका विभिन्न ग्रन्थहरू र लेखकले ग्रन्थकारहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गरेका छन् । लेखकले प्रस्तुत ग्रन्थ हेरी गुण दोषको विवेचन गरी सुझाव प्रदान गर्ने तत्कालीन प्रज्ञा-प्रतिष्ठानका साहित्य विभागका आयोजक सदस्य चूडानाथ भट्टरायप्रति पनि कृतज्ञता ज्ञापन गरेका छन् ।

**ख) विषयवस्तुको सङ्गठन र संरचना**

'पूर्वीय काव्य-सिद्धान्त' नामक कृतिमा लेखक गोविन्दप्रसाद भट्टराईले पूर्वीय साहित्यमा स्थापित विभिन्न सम्प्रदायहरूको चर्चा परिचर्चा गरेका छन् । यस क्रममा भट्टराईले विभिन्न ३५ वटा शीर्षकहरूमा विषयवस्तु प्रस्तुत गरेका छन् भने ३६ औं शीर्षकमा सहायक ग्रन्थहरूका १ देखि ३५ औं शीर्षक सम्ममा पूर्वीय साहित्य सिद्धान्तका विभिन्न पक्षहरूको चर्चा गरिएको छ ।

प्रस्तुत कृतिमा लेखक गोविन्दप्रसाद भट्टराईले विभिन्न शीर्षकहरू मार्फत पूर्वीय काव्य धाराका स्थापित विविध मान्यताहरूबाट चर्चा गरेका छन् । प्रस्तुत कृतिका लेखक भट्टराईले प्रथमतः तयार गर्दा कुनै बाधा नपरोस् भन्ने हेतुले यसरी मङ्गलाचरण गरेका छनः-

पीयुष-सार सदृश साहित्य रस माधुरी ।
बर्षाई नित्य सानन्द राखुन् भुवनभारती ॥

उक्त मङ्गलचरण पछि गोविन्दप्रसाद भट्टराईले आफूले प्रस्तुत कृतिमा उल्लेख गरेका विभिन्न शीर्षकहरूसँग सम्बद्ध विषयवस्तुको विवेचना गरेका उनले यस ग्रन्थमा प्रस्तुत गरेका प्रमुख शीर्षक विवेच्य विषयबारे क्रमशः तल चर्चा गरिएको छ :

**पूर्वीय काव्य– धाराको प्रयोजनः** प्रस्तुत शीर्षकमा लेखक गोविन्दप्रसाद भट्टराईले काव्यधाराको प्रयोजनबाट चर्चा गरेका छन् । यस क्रममा उनले संसारमै साहित्य, सङ्गीत र चित्रकलाको जत्तिको उपयोगिता अन्य विषयको नभएको कुरा उल्लेख गरेका छन् । ठूला ठूला राजनीतिज्ञ, वैज्ञानिक, दार्शनिक आदि विद्वान्हरूले पनि पट्यार लागेका समयमा साहित्य, सङ्गीत र चित्रकलाकै सहारा लिने गर्दछन् । यसरी हेर्दा साहित्यको मुख्य प्रयोजन जीवनलाई सरस र सानन्द गराउनु नै हो भनेका छन । यसपछि लेखकले आचार्यहरूले काव्य-धाराको प्रयोजनका सम्बन्धमा व्यक्त गरेका धारणाहरू प्रस्तुत गरेका छन् । यस क्रममा भरत, भामह, रुद्रट, कुन्तक, वामन, मम्मट, विश्वनाथ र अच्युतरायको मत प्रस्तुत गरेका छन् ।

यसरी विभिन्न विद्वानहरूले जे जस्ता मत मतान्तरहरू प्रस्तुत गरे तापनि समग्र पाठक, श्रोता वा दर्शकका दृष्टिमा काव्यको प्रयोजन आनन्दानुभुति वा रसमग्नता नै हो भन्ने भट्टराईको धारणा रहेको छ । समष्टिमा हेर्दा सुखात्मक वा दुःखात्मक भाव-विधानद्वारा सहृदयको हृदय परिस्कृत र परिशोधित गरेर काव्यकर्ताको र पाठक, श्रोता वा दर्शकको

हृदयको एकाकार वृत्तिद्वारा सुखात्मक अलौकिक आनन्दाभुति प्रदान गर्नु काव्यको मुख्य प्रयोजन हो भन्ने कुरा लेखकले व्यक्त गरेका छन् ।

**काव्यको उत्पत्ति :** प्रस्तुत शीर्षकमा गोविन्दप्रसाद भट्टराईले राजशेखरले काव्यमीमांसामा लेखेको कुराको भन्दै सृष्टिको आदिकालमा श्रीमहादेवले ब्रह्मा, विष्णु आदि ६४ शिष्यहरूलाई काव्यशास्त्रको उपदेश दिएका कुराको चर्चा गर्दै ब्रह्माजीले आफ्ना इच्छाबाट उत्पन्न भएका मरीचि आदि शिष्यहरूलाई उपदेश दिएको कथा हालेका छन् । त्यहाँ सरस्वतीपुत्र काव्य-पुरुष पनि भएका र त्यसपछि ती काव्यपुरुषलाई ब्रहमाजीले तीनै लोकमा गएर काव्य विद्याको प्रचार गर्न लगाएका अनि त्यसैबाट काव्यको उत्पत्ति भएको कुरा बताएका छन् । राजशेखरको काव्यको उत्पत्तिसम्बन्धी प्रस्तुत धारणालाई आधार मानी हेर्दा काव्य विद्या हिमाञ्चल प्रदेशमा श्री महादेवका मुखार विन्दबाट निस्केका सिद्ध हुने बताएका छन् । त्यसपछि लेखकले विभिन्न आचार्यहरूको नाम तथा उनीहरूका ग्रन्थको नाम र समयको चर्चा गर्दै काव्यको खास उत्पत्तिको समय पहिचान गर्ने कोसिस गरेका छन् ।

**साहित्यको तात्पर्यः** 'साहित्यको तात्पर्य' शीर्षकमा लेखक गोविन्दप्रसाद  भट्टराईले साहित्यको अर्थ खोज्ने कोसिस गरेका छन् । यस क्रममा साहित्यलाई भाववाचक शब्द हो भन्दै 'सहित' प्रकृतिमा ष्यञ प्रत्यय लागेर साहित्य शब्द निर्माण भएको हो र यो भाव-प्रधान शब्द हो भन्ने कुरा व्यक्त गरेका छन् । साहित्य स्थितिबोधक पद हो गति-बोधक होइन भन्ने कुरा पनि यहाँ लेखकले प्रस्तुत गरेका छन् । तराजुमा जुहार तौलेझैं शब्दार्थको समान तौलबाट समान रूपले जुन शब्दार्थमा आतिशय सौन्दर्य र जीवन स्फुरण हुन्छ त्यो शब्दार्थ साहित्य हो भनेका छन् । भावाभिव्यक्तिको कलात्मक रूप नै साहित्य हो भन्दै साहित्यको तात्पर्य पनि प्रस्तुत गरेका छन् ।

**साहित्यको प्रवृत्तिः** 'साहित्यको प्रवृत्ति' शीर्षकमा गोविन्दप्रसादले मनुष्यमा सृष्टिका सुरुदेखि नै अहङ्कारवृत्तिको विकास भएको र मनुष्य विराटको अंश भएर पनि ऊ क्षुद्रताको बन्धनभित्र बाँधिएको चर्चा गरेका छन् । मान्छेले उक्त बन्धनबाट मुक्त भएर विराट् तत्त्व प्राप्त गर्न अनेक प्रयत्न गर्न लाग्यो र साहित्यको प्रवृत्ति यी नै प्रयत्नहरू मध्ये एक हो भन्ने कुरा भट्टराईले प्रस्तुत गरेका छन् । नाना विषयको बोध विद्यानबाट उत्पन्न भावलाई लिपिमा सुरक्षित राख्ने हृदय-व्यापार पनि साहित्यकै प्रवृत्ति भएको कुरा लेखकले जनाएका छ । तसर्थ जीवन जगत्को वस्तु वा व्यापारका साथ हाम्रो कस्तो अलौकिक नाता छ त्यसलाई

अभिव्यक्त गर्नेतर्फ नै साहित्यको प्रवृत्ति रहन्छ भन्ने कुरा पनि लेखक भट्टराईले यस क्रममा प्रस्ट पारेका छन् ।

**साहित्य र जीवनः** प्रस्तुत 'साहित्य र जीवन' शीर्षकमार्फत गोविन्दप्रसाद भट्टराईले यी दुवैको सम्बन्ध प्रस्ट पार्ने जमर्को गरेका छन् । यसमा साहित्य र जीवनलाई तुलना गर्दै यी दुवै एक आपसमा अलग गर्न नसकिने कुरा हुन् भन्ने प्रस्ट पारेका छन् । यी दुवै एक आपसमा ज्यादै घनिष्ठ भए तापनि एउटै धरातलमा भने उभिएका हुँदैनन् भन्ने उनको धारणा छ । जीवन जिउने व्यक्तिभित्र जे जस्तो प्रकारले बाँचिरहेको भए तापनि वास्तविक संसारमा सुखी एवम् खुसीको जीवन बाँचेको अनुभव गर्न विवश पनि हुनसक्छ तर साहित्यको सवालमा भन्ने यस्तो हुनु सम्भव छैन भन्ने विचार लेखकको छ । यदि यदाकदा त्यस्तो भएमा साहित्यको जीवनमा आघात पर्न जाने भएकाले साहित्य र जीवन एक आपसमा अभिन्न भएर पनि भिन्न रहेको कुरा लेखकले प्रस्ट पारेका छन् ।

**साहित्य र दर्शनः** प्रस्तुत शीर्षकमा लेखक गोविन्दप्रसाद भट्टराईले साहित्य र दर्शनबीचको सम्बन्ध देखाएका छन् । साहित्य शब्द संयुक्तता भावको बोधक हुनाले सृष्टिको बाह्यसत्तात्मक रूप स्वीकार गरेर अगाडि बढ्दछ भने दर्शन शब्द कुनै अदृश्य वा अदृष्ट पदार्थको साक्षात्कारको जिज्ञासाको सूचना गरेर कुनै सत्ताको रूप स्वीकार गर्दछ । त्यसैले दर्शन वस्तुको मूल तथा उसको प्रक्रियाको ज्ञान प्राप्त गर्ने चेष्टा मात्र हो भन्ने कुरा भट्टराईले प्रस्तुत गरेका छन्. । दर्शन साहित्यको एक अङ्ग हो भन्दै लेखक भट्टराईले साहित्य र दर्शनबीचका समानता तथा भिन्नता लाई यसरी प्रस्ट पारेका छन् । साहित्यमा कुनै दृष्ट पदार्थ वा ज्ञात वस्तुका साथ आत्मीयता वा तादात्म्यको भावना हुन्छ, दर्शनमा अदृष्य वा अज्ञात वस्तु देख्ने वा जान्ने इच्छा हुन्छ । साहित्यमा ज्ञान अभिव्यक्त हुन्छ, दर्शनमा ज्ञेय । साहित्य स्वानुभुतिसँग अनुप्राणित छ, दर्शन तर्कको सास लिएर जीवित रहन्छ । साहित्यको आरम्भ श्रद्धा र निश्चयसँग हुन्छ, दर्शनको संशय र संभ्रमसँग । आत्म-साक्षात्कारको क्षेत्रमा साहित्य र दर्शन दुवै एकै हुन्छन्, परन्तु साहित्य जहाँ स्वयम् आत्म साक्षात्कार हो, दर्शन त्यसको एक प्रयत्न मात्र यति भएर पनि जीवनमा पूर्णता प्राप्ति गर्ने चेष्टा गर्नु साहित्य र दर्शन दुवैको लक्ष्य हो भन्ने कुरा पनि भट्टराईले प्रस्ट पारेका छन् ।

**साहित्य र विज्ञानः** साहित्य र विज्ञान शीर्षकमा गोविन्दप्रसाद भट्टराईले यी दुवैको दृष्टिकोण भिन्न भए तापनि जीवन र जगत्सँग दुवैको समान सम्बन्ध रहेको कुरा व्यक्त गरेका छन् । विज्ञानले सिद्धान्तपक्ष र प्रयोगात्मक पक्षसँग झुकाव राख्ने गर्दछ भने साहित्यले त्यसो गर्दैन

। साहित्य सृष्टिको रूपसँग मात्र आत्मीयताको सम्बन्ध स्थापना गरेर विश्वसँग नै एक पारिवारिक सम्बन्ध कायम गर्दछ । विज्ञान भने यसको ठीक विपरीत जड वस्तुको विश्लेषण गरेर आफू नै रहस्यमय बनी अलमलिन्छ भन्दै साहित्य र विज्ञानमा भिन्नता हुन्छ भन्ने कुरा लेखकले प्रस्तुत गरेका छन् । यसरी लेखकले साहित्य र विज्ञान बीचका भिन्नताहरू दर्शाउदै भनेका छन् : साहित्यको गति संश्लेषणात्मक छ, विज्ञानको विश्लेषणात्मक, साहित्यको एकताको उपासक हो विज्ञान अनेकताको साहित्य हृदयको वस्तु हो र विज्ञान मस्तिष्कको । साहित्य आनन्दको विषय हो र विज्ञान प्रयोजनको विषय हो । यसरी साहित्य र विज्ञानमा फरक त्यस रूपमा मात्र मेटिदैन भन्दै विज्ञानका सिद्धान्तहरू बराबर बदलिइरहन्छन तर साहित्यको सिद्धान्त त्यसरी बदलिदैन भन्ने कुरा पनि लेखकले यहाँ व्यक्त गरेका छन् ।

**साहित्य र सौन्दर्यः** 'साहित्य र सौन्दर्य' शीर्षकमा गोविन्दप्रसाद भट्टराईले सौन्दर्यको चर्चा गर्दै यसको सर्वमान्य सिद्धान्त नभएको र ध्यान आकृष्ट गरुन्जेल मात्र वस्तु सुन्दर लाग्ने कुराको चर्चा गरेका छन् । त्यसैले चित्तरञ्जन गर्न सक्ने भावनाको उत्पादक साधनको नाम नै सौन्दर्य हो भन्ने कुरा लेखकले प्रस्ट पारेका छन् । सौन्दर्य आँखामा मात्र नभई भावनाको पनि रहन्छ भन्ने कुरा पनि प्रस्तुत शीर्षकमा लेखकले व्यक्त गरेका छन् । साहित्यका निमित्त सौन्दर्य पूर्णतः निरपेक्ष नभई सापेक्ष पनि रहन्छ भन्दै लेखकले प्रकृतिका विभिन्न छटाहरुलाई हेरेर भावुक व्यक्तिले सुन्दर साहित्य सिर्जना गर्दछन् भन्ने कुरा व्यक्त गरेका छन ।

**साहित्यको नामः** प्रस्तुत 'साहित्यको सत्य' शीर्षकमा गोविन्दप्रसाद भट्टराईले आफ्नो धारण राख्दै साहित्यको सत्य हृदयको रागात्मक वृत्तिको सृष्टिशील व्यापार हो र यसैको नाम नै हृदयको सत्य हो भन्ने मानेका छन् । हृदय योगद्वारा कलात्मक रूपले जीवन र जगतको सम्बन्धमा निरूपण नै साहित्यको सत्य हो भनेका छन् । उनका विचारमा देश र कालको क्षेत्रमा साहित्यको सत्यले स्थान तथा समयको अनुरूपता स्वीकार गर्दैन । साहित्यले एक पलाको मात्र समय लियो भने पनि उसको सबै अभिप्राय नष्ट हुने कुरा लेखकले बताएका छन् । साहित्यले सत्य वस्तु र व्यापारद्वारा आत्मीयता स्थापित गरेर संसारको ती जिज्ञासाहरूको पूर्ति गर्छ जो कसैका साथ साधारणतः आउन नसक्ने कुरा पनि लेखकले व्यक्त गरेका छन् ।

**साहित्य र धर्मः** 'साहित्य र धर्म' शीर्षकमा गोविन्दप्रसाद भट्टराईले साहित्यमा निर्दिष्ट धर्म शब्दको अर्थ अभिप्राय धर्मका रुढिसँग नभई सामान्य मानवता धर्मसँग हो भन्दै यस्तो धर्मको प्रतिष्ठानमा साहित्यको आफ्नो निर्धारित कार्य पथ छ भन्ने प्रस्ट पारेका छन् । धर्म र

साहित्यको लक्ष्य एकै रहे पनि दुवैका कार्यविधानमा अन्तर छ भन्दै धर्म उपदेशद्वारा बुद्धि र मनमा प्रभाव फैलाउने प्रयत्न गर्दछ, साहित्यचाहिँ मानसिक भाव जागृत गरेर जीवनलाई पनि सरस गराउँछ भन्ने कुरा भट्टराईले प्रस्तुत गरेका छन् । धर्म आत्म-सत्ताको पृथक् अस्तित्व स्वीकार गरेर विश्वसत्ताका साथ कर्तव्यको निरीक्षण गर्दछ भन्ने कुरा लेखक भट्टराई व्यक्त गर्दछन् । धर्मको भावना विवेक तथा ज्ञानको क्षेत्रमा फुल्दछ, फल्दछ भने साहित्यको भावना कल्याणको क्षेत्रमा फुल्दछ भन्ने उनको विचार छ ।

**साहित्यको सामग्री :** 'साहित्यको सामग्री' शीर्षकमा लेखकले साहित्यका सामग्री प्रत्यक्ष वा बाह्य जगतका मात्र नभई परोक्ष वा अन्तर्जगत्को पनि हुने कुराको उल्लेख गरेका छन् । साहित्य वास्तवमा भावको वाङ्मय चित्र हो भन्दै लेखकले भाव उत्पन्न हुनका निमित्त बाह्य जगत र उसको संवेदन दुवै त्यत्तिकै आवश्यक हुन्छन् भन्ने कुरा प्रस्ट पारेका छन् । बाह्य जगतका विभिन्न दृश्यहरू नदी, पहाड, राजा-रङ्क आदि तथा भित्री हृदयका विभिन्न कुराहरू पनि साहित्यको सामग्री बन्ने कुरा लेखकले व्यक्त गरेका छन् । सुन्दर वस्तुमात्र नभएर कुरूप वस्तु पनि साहित्यको सामग्री बन्न सक्दछ । लौकिक र अलौकिक सामग्री पनि साहित्यको सामग्री बन्दछन् भन्दै लौकिक सामग्रीमा सामान्य जीवनसँग सम्बन्ध राख्ने पदार्थहरू पर्दछन् भने अलौकिकमा वास्तविक संसारमा सम्भव नहुने कुराहरू पर्दछन् भन्ने कुराहरू पनि लेखकले यहाँ व्यक्त गरेका छन् ।

**साहित्यको उपयोग :** 'साहित्यको उपयोग' शीर्षकमा लेखक गोविन्दप्रसाद भट्टराईले उपयोग वा प्रयोजन कहिल्यै पनि एकै रूपमा रहँदैन । जुन कुरा आज अत्यन्त प्रयोजनशील छ भोलि नै उक्त कुरा निष्प्रयोजन बन्न जान्छ । साहित्यको उपयोग बारे लेखक भट्टराईले प्रस्ट पार्ने क्रममा साहित्यले जीवनलाई माथि उकाल्दछ, अनेकलाई एक बनाउँछ, जुन- जीवनमा जहाँ असमानता र रोकावट छ, त्यहाँ साहित्यले जीवनको एकरूपता स्थापित गरेर राजा, रङ्क, किसान, मजदुर, पूँजीपनि, श्रमजीवी सबैलाई एक सामान्य भूमिमा बसाउँछ भन्ने भनाइ अघि सारेका छन् । साहित्यबाट राजादेखि रङ्कसम्म सबैले समान रूपले रसास्वादन गर्ने कुराको उल्लेख गर्दै लेखकले सबै वर्ग, क्षेत्र, भाषा, लिङ्ग आदिका मानिसहरूले साहित्यको समान रूपले उपयोग गर्ने कुरा प्रस्ट पारेका छन् र साहित्यले मानव जातिको इतिहास सुरक्षित राख्ने काम पनि गर्दछ भनी प्रस्ट पारेका छन् ।

**साहित्यमा प्रगतिशीलता र यथार्थवाद :** प्रस्तुत शीर्षकमार्फत लेखक गोविन्दप्रसादले संसारमा कुनै पनि कुराको स्थायित्व छैन । समयको माग नै हो भने हरेक कुरामा परिवर्तन आउनुपर्छ

। त्यस्तै साहित्य पनि समयअनुसार परिवर्तन भई नै रहन्छ । साहित्य हुनलाई वास्तवमा शास्त्रीय लक्षण नै चाहिन्छ भन्ने खास नियम छैन । साहित्य शास्त्रीय लक्षणबाट विस्तारै परिवर्तन हुँदै आई प्रगतिशील बन्न पुग्यो । प्रगतिशीलताको नाममा साहित्यमा देखिएका विकृतिहरू हटाउनुपर्ने र साहित्यलाई सजीव र सुदीर्घ बनाउने प्रगतिशीलता मान्य हुने कुरा लेखकले प्रस्ट पारेका छन् ।

**साहित्य कला हो कि विज्ञान :** प्रस्तुत शीर्षकाबारे प्रकाश पार्ने क्रममा गोविन्दप्रसाद भट्टराईले सम्पूर्ण कलाको मूलमा विज्ञान र विज्ञानको मूलमा कला सन्निहित छ भनेका छन् । विना विज्ञानको कला अन्धो र विना कलाको विज्ञान लँगडो हुन्छ भन्ने भनाइ पनि लेखक भट्टराईले राखेका छन् । साहित्यलाई कला तथा विज्ञान दुवै मान्ने क्रममा लेखकले श्रव्य काव्यलाई कला र दृश्य काव्यलाई चाहिँ विज्ञान र कला दुवैको मिश्रित रूपको संज्ञा दिएका छन् ।

**साहित्य कला र विज्ञानमा विशेष :** साहित्यलाई कला हो या विज्ञान भनेर कुनै एकमा सीमित गर्न खोज्नु सङ्कुचित धारणा हो भन्ने कुरा गोविन्दप्रसाद भट्टराईले बताएका छन् । वास्तवमा साहित्य कला र विज्ञान दुवैको मिश्रित रूप हो भन्ने कुरा प्रस्ट पार्ने क्रममा लेखक भट्टराईले सर्वतको उदाहरण प्रस्तुत गरेका छन् । जसरी सर्वत बन्नको लागि चिनी, कागती, मरीच, पानी आदिको सम्मिश्रण आवश्यक छ, त्यसलाई छुट्याएर चिनी मात्र सर्वत हो न त पानी मात्र सर्वत हो भन्न सकिन्छ अतः सबैको सम्मिश्रण नै सर्वत हो । त्यस्तै कला र विज्ञानको सम्बन्ध छ भन्दैमा साहित्यलाई कला या विज्ञान नै हो भन्नु उपयुक्त हुँदैन किनभने कला र विज्ञान दुवैको मिश्रित रूप नै साहित्य हो ।

**साहित्यमा यथार्थ र आदर्श :** 'साहित्यमा यथार्थ र आदर्श' दुवै हुनु आवश्यक छ भन्ने कुरा प्रस्तुत शीर्षकमार्फत लेखकले व्यक्त गर्दछन् । आदर्श यथार्थभन्दा धेरै टाढाको हुनाले जीवनमा त्यस्तो आदर्शको प्रयोगमा होइन कल्पनामा मात्र सीमित गरेर चित्रित गरिएको मानिन्छ भन्दै लेखकले काव्यमा त्यस्तो कोरा आदर्शको निर्वाह हुन सक्दैन न त कोरा यथार्थको नै भन्ने विचार व्यक्त गरेका छन् । बाह्य जगतको हाम्रो मनका साथमा सम्बन्ध हुने हुनाले कुनै पनि वस्तुको वा घटनाको यथार्थ रूप स्थिर रहन सक्दैन भन्ने कुरा पनि यहाँ लेखकले प्रस्ट पारेका छन् । त्यसैले साहित्यमा यथार्थको आधारमा आदर्शको स्थापना त्यसरी नै गर्नुपर्छ जसबाट मानवता प्रभावित हुन सकोस्, जसबाट कल्याणका भावना सर्वत्र जागोस् भन्ने धारणा पनि लेखक भट्टराईले प्रस्तुत गरेका छन् ।

**छायावाद र रहस्यवाद :** 'छायावाद र रहस्यवाद' हिन्दी साहित्यबाट नेपालीमा प्रवेश गरेको कुरा लेखक गोविन्दप्रसाद भट्टराईले व्यक्त गरेका छन् । छायावाद र रहस्यवादको विषयमा कसैको धारणा पनि एक समानको नरहेको कुरा भट्टराईले बताएका छन् । काव्यको धूमधामको जटिल अर्थ दुरुहता, क्लिष्ट कल्पनात्मकता तथा दुर्बोध्यताको नाम नै कही छायावाद र कही रहस्यवाद राखिएको कुराको उल्लेख लेखकले गरेका छन् । कैयौं स्थानहरूमा अस्पष्ट वाणीमा केही भनिदिनुलाई रहस्यवाद र अनुकरण वा अपहरण गरेर अभिव्यक्तिलाई विकृत गरिदिनुलाई छायावाद मानेको कुरा पनि लेखकले व्यक्त गरेका छन् । यथार्थमा छायावादको काव्यशैलीलाई रहस्यवादकै एक अङ्ग मान्नु उचित हुने कुरा लेखकले बताएका छन् । रहस्यवाद काव्यको एक निश्चित र प्राचीन रूप हो भन्ने कुरा पनि लेखकले यहाँ प्रस्ट पारेका छन् । त्यसै गरी रहस्यवादको आधार आध्यात्मिक जीवन र अन्तःसाधना हो भन्दै उनले ईश्वरलाई सखा वा पूज्य प्रियको रूपमा ग्रहण गरेर उसका साथ आत्माको साक्षात्कारको अभिव्यक्ति रहस्यवादी कविताको यथार्थ रूप मान्नुपर्ने कुरा प्रस्ट पारेका छन् ।

**रस सम्प्रदाय, रस विचार :** प्रस्तुत शीर्षकमा रस शब्दको परिचय दिदै गोविन्दप्रसाद भट्टराईले रसको मुख्य अर्थ जिभ्राले स्वाद लिइने विषय हो भनेका छन् । रस भन्नेवित्तिक्कै झोल पदार्थ जस्तो दूध, पानी, सर्वत आदिको बोध हुन्छ । साहित्यगत रसास्वाद लौकिक रसास्वाद भन्दा धेरै माथिल्लो तहको अनिर्वचनीय र आनन्ददायक छ । त्यसकारण यसलाई ब्रहमास्वाद सहोदर मानिएको छ भन्ने कुरा पनि लेखक भट्टराईले उल्लेख गरेका छन् । रस शब्दको महत्त्व दर्शाउँदै लेखकले यदि रस वा तरल पदार्थ नभएको भए यो सृष्टि नै सबै शुष्क भै निः सार हुने थियो भन्ने विचार व्यक्त गरेका छन् । काव्यको रस आनन्दस्वरूप आत्मस्वरूप वा चैतन्यस्वरूप मानिन्छ भन्दै लेखकले लोकव्यापारमा जसरी स्वादमूलक रस पाएर दुनियाँ प्रसन्न र सुखी रहन्छ, त्यस्तै गरी चैतन्यरूप पुरुष काव्यद्वारा उपस्थित भाव चित्र पाई आनन्दमय हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

**रस-सम्प्रदायमा विभिन्न वादः** पूर्वीय काव्य-सिद्धान्तको विषयसूचीमा लेखक गोविन्दप्रसाद भट्टराईले १८ औं र १९ औं शीर्षक 'रस सम्प्रदाय' र 'रस विचार' राखेका भए तापनि पुस्तक भित्र व्याख्याका क्रममा १९ औं शीर्षकमा रस-सम्प्रदायमा विभिन्न वाद राखी व्याख्या गरेका छन् । यसमा रस सम्प्रदायका सम्बन्धमा रस विषयका आचार्य भरतका 'विभावनुभावव्यभिचारिसंयोगद्रसनिष्पत्ति' सूत्रका विषयमा प्रमुख चार व्याख्याकारहरूले गरेका टीका टिप्पणीहरू र तिनले स्थापित गरेका चार थरी धारणाहरूको चर्चा गरेका छन् ।

यसमा चार आचार्यहरू भट्टलोल्लट, शङ्कुक, भट्टनायक र अभिनवगुप्तले स्थापित गरेका क्रमशः आरोपवाद लोल्लट अनुमितिवाद शङ्कुक भुक्तिवाद भट्टनायक र अभिवनगुप्त - अभिव्यक्तिवादको चर्चा परिचर्चा लेखक भट्टराईले प्रस्तुत गरेका छन् ।

**रस – निरूपण :** रस विषयको विस्तृत चर्चा सर्वप्रथम भरतमुनिले गरेका हुन् भन्ने कुरा प्रस्ट पार्दै गोविन्दप्रसाद भट्टराईले 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्ति' सूत्र पनि उनै महामुनिले प्रस्तुत गरेका हुन् भनेका छन् । यस सूत्रमा विभाव, अनुभाव र व्यभिचारिभावको संयोगबाट रस-निष्पत्ति हुन्छ भन्ने कुरा प्रस्ट पारिएको हुन्छ । प्रस्तुत सूत्रको विषयमा व्याख्या गर्ने चार आचार्यहरूद्वारा स्थापित चार थरी वादहरूमा अभिनवगुप्तको अभिव्यक्तिवाद नै सर्वश्रेष्ठ मानिएको छ भन्ने कुरा पनि लेखक भट्टराईले व्यक्त गरेका छन् । सांसरिक हर्ष, शोक आदिले हाम्रो व्यक्तिगत जीवनको योग क्षेमसँग सम्बन्ध राख्ने हुनाले यस्तो अवस्थामा रसानुभूति हुन सक्दैन किनभने रस त सम्बन्धहीन अवस्थामा नै प्रतीति हुन्छ भन्ने कुरा लेखक भट्टराईले प्रस्तुत गरेका छन् । जब हृदय स्वार्थको बन्धनबाट मुक्त हुन्छ तबमात्र स्व र पर को विभाजक रेखा मेटिन्छ र हामी गरीब माग्नेका निमित्त पनि आँसु बगाउन सक्दछौ भन्ने भाव पनि लेखक भट्टराईले व्यक्त गरेका छन् । रसको पूर्वरूप भाव हो भन्दै लेखकले रति, हास, शोक, क्रोध, भय, विस्मय, जुगुप्सा र निर्वेद स्थायीभावबाट नै रस निरुपित हुन्छन् भन्ने भाव व्यक्त गरेका छन् । रस वास्तवमा आनन्दस्वरूप हुनाले यो एक मात्र छ तर आस्वादको भिन्नताले मात्र नौ मानिएको हो भन्ने धारणा पनि लेखक भट्टराईको रहेको छ ।

**ध्वनि – सम्प्रदाय :** सहृदयको हृदयलाई आल्हाद उत्पन्न गराउन सक्ने शब्द र अर्थ दुवैको जीवनधायक काव्यको आत्मा ध्वनि हो भनेर गोविन्दप्रसादले ध्वनिसम्बन्धी आफ्नो धारणा व्यक्त गरेका छन् । ध्वनि-अर्थविना कुनै पनि काव्य काव्यको कोटीमा उपस्थित हुन सक्दैन भन्ने धारणा पनि लेखकले यसमा व्यक्त गरेका छन् । ध्वनि-सम्प्रदायका आचार्य आनन्दवर्धनले 'ध्वन्यालोक' नामक ग्रन्थमार्फत ध्वनिका विषयमा प्रस्ट पारेका छन् । लेखकले ध्वनिविरोधी विविध मतहरूका बारेमा पनि चर्चा-गरेका छन् । त्यसपछि लेखकले तीन शब्दशक्ति अभिधा, लक्षणा र व्यञ्जनाको चर्चा गरेका छन् । यस क्रममा लेखकले रसध्वनि विषयक प्रसङ्ग उठाई रसको व्याख्या गरेका छन् । यस क्रममा उनले नवरसको पनि उदाहरणसहित चर्चा गरेका छन् । यस क्रममा लेखकले भक्तिको, रसाभासको चर्चा गर्दै अन्त्यमा ध्वनिका विविध भेदहरूको व्याख्या गरेका छन् ।

**वक्रोक्ति सम्प्रदाय :** वक्रोक्तिको काव्यशास्त्रीय प्रयोग भामहले सर्वप्रथम गरे तापनि यसका प्रतिष्ठापक आचार्य कुन्तक हुन् भन्ने कुरा लेखक गोविन्दप्रसादले यहाँ प्रस्तुत गरेका छन् । भट्टराईले विलक्षण प्रकारको वर्णन शैली नै वक्रोक्ति हो भन्दै वक्रोक्तिलाई नै काव्यको ज्यान मानेका छन् । कुन्तक पछिका आचार्यहरूले वक्रोक्तिलाई सामान्य अलङ्कार मात्र माने तापनि उनीद्वारा प्रतिपादित वक्रोक्तिको महत्त्व अक्षुण्ण रहेको कुरा लेखकले प्रस्ट पारेका छन् । त्यसपछि भट्टराईले वक्रोक्तिका विविध छ भेदहरू रहेको चर्चा गर्दै ती भेदहरूको व्याख्या गर्ने काम पनि गरेका छन् ।

**औचित्य सम्प्रदाय :** औचित्यलाई काव्यको आत्मा मान्ने आर्चाय क्षेमेन्द्र हुन् भन्दै काव्यमा रस, अलङ्कार, रीति, गुण आदि सबै यथास्थानमा ठीक भए पनि यदि काव्यको औचित्य नै छैन भने त्यो काव्य व्यर्थ बन्दछ भन्ने कुरा औचित्य सम्प्रदायका आचार्य क्षेमेन्द्रले स्थापित गरेका हुन् । उनले औचित्यलाई रससिद्ध काव्यको ज्यान मानेका छन् । औचित्यको सत्तालाई स्वीकार नगरेमा काव्य काव्य हुँदैन भन्ने धारणा पूर्वीय आचार्यहरूको रहेको छ भन्ने विचार भट्टराईले यसमा ब्यक्त गरेका छन् ।

**रीति सम्प्रदाय :** आचार्य वामन रीति-सम्प्रदायका संस्थापक मात्र नभई काव्यशास्त्रमा रीतिको प्रथम लक्षणकर्ता पनि हुन् भन्ने कुरा गोविन्दप्रसाद भट्टराईले प्रस्तुत गरेका छन् । वामनले रीतिलाई काव्यको आत्मा मानेका छन् । यसअघि नै भामह, दण्डी र पछि कुन्तकले रीतिको निम्ति मार्ग शब्दको प्रयोग गरेका छन् । पूर्वीय आचार्य भोजले छ रीतिहरू माने तापनि विशेष गरी तीन थरी रीतिहरू नै चलन चल्तीमा आएका कुरा भन्ने कुरा भट्टराईले प्रस्ट पारेका छन् । त्यसपछि उनले रससम्बन्धी वृत्ति र रचनासम्बन्धी वृत्तिबारे आफ्ना धारणाहरू प्रकट गरेका यस क्रममा लेखकले काव्यमा आवश्यक मानिएका विभिन्न लक्षणहरूबारे पनि चर्चा गरेका छन् ।

**दोषः** काव्यमा वेठाउँका पद, पदांश आदिले रसको अनुभवमा बाधा पुऱ्याउँछ भन्दै त्यसैलाइृ दोष मान्नुपर्ने धारणा गोविन्दप्रसाद भट्टराईले यहाँ  व्यक्त गरेका छन् । राम्रो काव्यमा  कुनै यौटा सानो दोष देखियो भने मसिलो घ्यूहालेको  भातखाँदा ढुङ्गा लागेर बिस्वाद भएझैं हुनेहुनाले त्यसलाई त्यसलाई काव्यदोष भनिएको हो भन्ने धारणा व्यक्त गर्दै लेखकले यस्ता दोषहरू पद, पदांश, वाक्य, अर्थ र रसका स्तरमा देखिन्छन् भन्ने विचार व्यक्त गरेका छन् ।

**गुणः**जुन रचना पढ्दा, सुन भित्री अर्थले कहीँ महको धाराले झैं आत्मालाई नै सरस र आनन्दमय बनाउने, कहीँ जोश चढेर आत्मालाई नै जुरुजुरु गराउने, कहीँ ती दुवै थरी अर्थ

बुझिएर सुकेको समिधालाई आगाको ज्वालाले टिपझैं आत्मालाई टिपेर सरर अर्थ लागी मनलाई प्रफुल्लित बनाउँदै लाने हुन्छ । यसरी तीन किसिमबाट उठ्ने अङ्गी रसका धर्मविशेषलाई गुण भनिन्छ भन्ने कुरा लेखक गोविन्दप्रसाद भट्टराईले यहाँ व्यक्त गरेका छन् । गुण तीन किसिमका हुन्छन भन्दै लेखकले यिनै तीन थरी गुणको उदाहरणसहित व्याख्या गरेका छन् ।

**काव्य-पाक :** परिपक्व अवस्थामा नपुगको काव्यबाट पूर्ण मात्रामा रसास्वादन हुन नसक्ने हुनाले पाक-विशेषका बारेमा पनि 'काव्यभीमांसा'मा राजशेखरले विचार गरेका छन् भन्ने कुरा गोविन्दप्रसादले यसमा व्यक्त गरेका छन् । त्यसपछि पाकको अध्ययन गर्नेहरूका लागि नौ किसिमका पाकहरू रहेको कुरा व्यक्त गर्दै भट्टराईले नौ थरी पाकहरू प्रस्तुत गरेका छन् ।

**काव्यमा भेद :** काव्यमा भेद शीर्षकमा गोविन्दप्रसाद भट्टराईले काव्यका भेदहरू प्रस्तुत गरेका छन् । व्यञ्जना वृत्तिद्वारा सिद्ध भएको अर्थप्रधान काव्य ध्वनि काव्य र व्यङ्ग्य अर्थ अप्रधान काव्य गुणीभूत काव्य भनी काव्यलाई व्यङ्ग्यका आधारमा दुई भागमा विभाजन गर्न सकिन्छ भन्दै ती दुवै थरी काव्य पुनः श्रव्य र दृश्यका भेदले दुई थरी हुँदा चार भेद भए भन्ने कुरा व्यक्त गरेका छन् । त्यसमा पनि गद्यात्मक, पद्यात्म र उभयात्मक गरी तीन भेद प्रस्तुत गरेका छन् । त्यसपछि लेखकले वाणी गद्यरूपमा प्रादुर्भाव हुने भएकाले प्रथमतः गद्यकाव्यका भेदहरू प्रस्तुत गरेका छन् । गद्यकाव्यका भेदहरूमा कथा र आख्यायिकाको चर्चा लेखकले प्रस्तुत गरेका छन् ।

**उपन्यास :** 'उपन्यास' शब्दको यौगिक अर्थ लेखक गोविन्दप्रसादले उप=समीप र न्यास=राख्नु, अर्थात नजिकमा राख्नु भनेका छन् । त्यसपछि लेखकले उपन्यास कथासाहित्यकै एक भेद हो भन्दै साहित्यकै एक अङ्ग हुनाले उपन्यास पनि अभिव्यक्तिकै रूपमा रहन्छ भन्ने कुरा प्रस्ट पारेका छन् । उपन्यासले वस्तु, चरित्रचित्रण, शैली र उद्देश्य चार तत्वलाई लिएर अघि बढ्छ भन्ने कुरा पनि लेखकले यहाँ प्रस्ट्याएका छन् ।

**उपन्यास र कहानीका विशेषता :** प्रस्तुत शीर्षकमार्फत लेखक गोविन्दप्रसादले वर्णनात्मक विधाका दृष्टिले उपन्यास र कहानीमा खासै अन्तर नभए तापनि सूक्ष्म रूपमा विचार गर्दा भने अन्तर रहेको स्पष्ट पारेका छन् । कहानी जीवनको कुनै एक अंशको वर्णन हो र उपन्यास सम्पूर्ण जीवनको वा जीवनको सबैभन्दा ठूलो भागको चित्र हो भन्ने धारणा लेखकले व्यक्त गरेका छन् । कुनै चिजको वर्णनबाट एउटै संवेदना उत्पन्न हुन्छ भने त्यो

कहानी हो र कैयौं संवेदना एकैचोटि उत्पन्न भएर प्रभावको अन्विति देखाउँछन् भने त्यो उपन्यास हो भन्दै उपन्यास र कहानीक विशेषता बारे लेखकले प्रस्ट पारेका छन् ।

**कहानीः** कहानी भावभिव्यक्तिको त्यो रूपयोजना हो, जसमा भाषा र सङ्केतद्वारा मनुष्य आफ्नो र अर्काको मनोभावनाको परिचय सरल र प्रत्यक्ष रूपले जनताको अगाडि राख्दछ भनी लेखक गोविन्दप्रसादले कहानीको परिचय दिएका छन् । कहानीका भेद उपभेद छुट्याउने क्रममा लेखकले शैलीअनुसार कहानीका दुई भेद हुन् आदर्शवादी र यथार्थवादी भनी प्रस्ट पारेका छन् । त्यसपछि प्रकृतिअनुसार कहानीका चार भेद मान्दै तिनीहरूलाई कथानकप्रधान, चरित्रप्रधान, वातावरणप्रधान, कार्यप्रधान वा घटनाप्रधान भनी छुट्याएका छन् । कहानीको शैली वर्णनात्मक हुन्छ भन्ने कुरा पनि लेखकले यसमा प्रस्ट पारेका छन् ।

**पद्य–काव्य (साहित्य)** : संसारमा साहित्यको ज्यादै ठूलो महत्त्व रहेको र त्यसमा पनि पद्य साहित्यको अझ बढी महत्त्व रहेको कुरा लेखक गोविन्दप्रसादले प्रस्तुत गरेका छन् । पद्यमा सामान्यतः चार पाउ हुन्छन् र छन्दमा बाँधिएको हुन्छ भन्ने कुरा पनि लेखकले यसमा प्रस्ट पारेका छन् । पद्यकाव्यका महाकाव्य, खण्डकाव्य र कोषकाव्य गरी तीन भेद हुने कुरा पनि प्रस्तुत गर्दै लेखकले तीन भेदहरूको चर्चा पनि गरेका छन् । अन्त्यमा लेखकले गद्यकाव्यको चर्चा गर्दै उक्त गद्यकाव्यका पनि चार भेदहरू रहेका छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

**दृश्य–काव्य–नाटक** : आधिभौतिक झमेलाले पट्टाई लागेको हृदयमा एउटा अलौकिक आनन्द दिएर मन बहलाउने काममा नाटकको ठुलो हात रहेको कुरा गोविन्दप्रसाद भट्टराईले प्रस्तुत गरेका छन् । यसै कारणले देवताहरूको प्रार्थनाद्वारा वैदिक आधारमा नाट्यवेदको रचना गरी भरत मुनिलाई प्रयोग गर्न लगाएको कुरा पनि लेखकले प्रस्ट पारेका छन् । एउटाको रूप अर्कोमा आरोप गरेर देखाइने हुँदा यसलाई रूपक पनि भनिन्छ भन्ने कुरा पनि प्रस्ट्याएका छन् । नाटकमा आङ्गिक, वाचिक, आहाय र सात्विक गरी चार किसिमबाट वस्तुगत अभिनय हुन्छ भन्ने कुरा पनि लेखकले प्रस्ट पारेका छन् । नाटकका दस भेद हुन्छन र उपरूपकका अठार भेद छन् भन्ने कुरा प्रस्ट पार्दै लेखकले नाटकमा प्रस्तुत गरिने नायक तथा नायिकाका विषयमा पनि चर्चा गरेका छन् । अन्त्यमा लेखकले नाटक उत्पत्तिको विषयमा देखापरेका विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेका छन् जसमा शुद्ध आर्यमुलक संस्कृतिमा उत्पन्न दृष्टिकोण र पाश्चात्य संस्कृतिमा उत्पन्न दृष्टिकोण रहेका छन् ।

**अलङ्कार सम्प्रदाय :** अलङ्कार अलंपूर्वक कृ धातुदेखि करण वा भाव अर्थमा घञ् प्रत्यय लागेर बन्दछ भन्ने चर्चा गोविन्दप्रसादले प्रस्तुत शीर्षकको सुरुमै गरेका छन् । अलङ्कारको चलन वैदिक कालदेखि नै भएको चर्चा पनि लेखकले गरेका छन् । अलङ्कारको विकास वेद, वेदाङ्ग, रामायण, महाभारत आदिबाट भएको मानेका छन् । त्यसपछि भामहको 'काव्यालङ्कार' ग्रन्थ चर्चामा आएको र त्यसमा ३८ वटा अलङ्कारको चर्चा भएको कुरा व्यक्त गरेका छन् । त्यसपछि विभिन्न आचार्यहरू हुँदै अप्यय दीक्षितको समय सम्ममा करिब १७२ अलङ्कार बनेका कुरा प्रस्ट्याएका छन् । त्यसपछि विभिन्न पूर्वीय आचार्यहरू जसले अलङ्कार सम्प्रदायलाई विकसित गरे त्यसको चर्चा गरेका छन् ।

**अलङ्कार :** मानिसले बोलचालदेखि भिन्न शैलीद्वारा चमत्कारपूर्वक अनौठोढङ्गले कुनै विषयको वर्णन गर्नु नै अलङ्कार हो भनेर गोविन्दप्रसाद भट्टराईले प्रस्ट पारेका छन् । वास्तवमा अलङ्कार काव्यको शोभाकारक धर्म नै हो भन्ने कुरा पनि उनले प्रस्ट पारेका छन् । यसमा लेखकले शब्दालङ्कार र अर्थालङ्कार गरी अलङकारको दुई भेद छुट्याउँदै शब्दालङकारका नौ प्रकारहरू र अर्थालङ्कारका १०० प्रकारका बारेमा चर्चा गरेका छन् । यस क्रममा सबै अलङ्कारहरूको सामान्य परिचय दिंदै भट्टराईले हरेकको उदाहरण प्रस्तुत गरेका छन् । अन्त्यमा लेखकले रसभावादि अलङ्कार भन्दै यसका नौ भेदहरू प्रस्तुत गरेका छन् । उदाहरण पनि दिएका छन् ।

**सहायक ग्रन्थहरू :** प्रस्तुत शीर्षकमा गोविन्दप्रसादले प्रस्तुत 'पूर्वीय काव्य-सिद्धान्त' ग्रन्थ तयार गर्दा सहायक बनेका संस्कृत, हिन्दी तथा नेपालीका ग्रन्थहरूको नामोल्लेख गरेका छन् । यसरी नामोल्लेख गर्ने क्रममा संस्कृतका ५० वटा, हिन्दीका सातवटा र नेपालीका ५ वटा ग्रन्थहरूका नामहरू उल्लेख गरेका छन् ।

**ग) निष्कर्ष**

प्रस्तुत 'पूर्वीय काव्य-सिद्धान्त' ३६ शीर्षकहरूमा विभाजित एक महत्त्वपूर्ण मौलिक समालोचनात्मक ग्रन्थ हो । यसमा लेखकले काव्यप्रयोजन, काव्यको उत्पत्ति, साहित्यको तात्पर्य आदिबारे प्रकाश पार्नका साथै साहित्यको सम्बन्ध जीवन, दर्शन, विज्ञान, सौन्दर्य, सत्य, धर्म आदिसँग पनि देखाएका छन् । त्यसैगरी यथार्थवाद प्रगतिवाद आदिको परिचय दिदै छायावाद, रहस्यवाद आदिको पनि चर्चा गरेर उनले यस पुस्तकलाई कथ्यको विविधतातिर उन्मुख गराएका छन् । संस्कृत साहित्यशास्त्रमा प्रचलित रस, ध्वनि, वक्रोक्ति,

औचित्य, रीति, अलङ्कार आदि सम्प्रदायहरूको चर्चा अनि लक्षण, दोष, गुण, काव्यभेद आदिका साथै उपन्यास, कथा, कहानी आदिको बारेमा चर्चा पनि गरेका छन् ।

यसरी हेर्दा प्रस्तुत ग्रन्थ समग्र पूर्वीय काव्यशास्त्रको सार हो । यसमा लेखकले पूर्वीय काव्यशास्त्रका आधारभूत सिद्धान्तहरूका साथै आफ्ना मौलिक दृष्टिकोण पनि राख्ने जमर्को गरेका छन् ।

**(२) 'वृत्तकल्पलतिका'को अध्ययन**

**क) पृष्ठभूमि**

प्रस्तुत 'वृत्तकल्पलतिका' गोविन्दप्रसाद भट्टराईले महामहोपाध्यायजयमङ्गलसुरिद्वारा संस्कृतमा रचित कृतिबाट नेपालीमा अनुवाद गरेका हुन् । प्रस्तुत  कृति राष्ट्रिय अभिलेखालयले २०३२ साल पौष १४ गते प्रथम पटक प्रकाशनमा ल्याएको हो । यस कृतिमा तत्कालीन पुरातत्व विभागका निर्देशक रमेशजङ्ग थापाले विभागीय मन्तव्य दिएका छन् भने भूमिका बुद्धिसागर पराजुलीले दिएका छन् । यसको उदाहार लेख लेख्ने काम अनुवादक स्वयंले गरेका छन् । यस लेख लेखनको क्रममा अनुवादक भट्टराईले प्रस्तुत ग्रन्थ पृथ्वीनारयाण शाह युवराज हुँदैमा लेखिएको, नेपालीपन भएको, अपूर्व र दोस्रो पाण्डुलिपिसम्म पनि नभएकाले दुर्लभ, दुर्वोध र असाधारण रहेका कुराको चर्चा गरेका छन् । उनले प्रस्तुत ग्रन्थको पाण्डुलिपि आफ्ना पिता जगन्नाथ भट्टराईले सुरक्षित रोखका र पछि आफूले अनुवाद गरेको कुरा उल्लेख गरेका छन् । यसमा मूल लेखक जयमङ्गलसुरिले परिचयको क्रममा थर घर केही कुरा नबताएका र केवल आफूलाई फलाहारीका छोरा भनी चिनाएका कुराको चर्चा पनि अनुवादक गोविन्दप्रसादले चर्चा गरेका छन् । प्रस्तुत  अनूदित कृति १७४ पृष्ठ लामो  रहेको छ । यसको अशुद्धि संशोधन गरिएको सूची अनुवादक भट्टराईले अगाडि नै राखेका छन् ।

**ख) मुख्य विषयसन्दर्भ**

प्रस्तुत 'वृत्तकल्पलतिका' ग्रन्थको मुख्य वस्तु छन्दको वर्णन र प्रासङ्गिक पृथ्वीनारायण शाहको युवाराज अवस्थाको व्यक्तित्वप्रदर्शन  हो भन्ने कुरा अनुवादक 'गोविन्दप्रसादले प्रस्ट पारेका छन् । त्यस समयमा कसैको जीवन चरित्र वर्णन गर्दा यस किसिमको ग्रन्थको रूपमा रचना गरिन्थ्यो भन्ने कुरा पनि अनुवादक भट्टराईले  ग्रन्थको वस्तु  शीर्षकमा गरेका छन् । यसमा विषयअन्तर्गत १९६ वटा विषयहरूको सूची राखिएको छ । यिनमा सुरुमा मङ्गलाचरण राखिएको छ । त्यसपछि पृथ्वीवर्णनप्रतिज्ञा, लघुगुर्वादिविचार, वर्णमात्राप्रस्तार,

लघुगुर्वादिवाचकशब्दा, गणनिरूपणम् आदि रहेका छन् । यी सम्पूर्ण विषयहरूलाई अनुवादकले स्पष्ट रूपमा चार परिच्छेदहरूमा विभाजन गरेका छन् ।

प्रस्तुत ग्रन्थमा धेरै पुराना छन्दहरू रहेका छन् । त्यसमा चर्चा गरिएका कतिपय छन्दहरू हाल प्राप्त भएका पिङ्गलसूत्रमा पनि छैनन् । प्रस्तुत कृतिलाई विषयसूचीमै परिच्छेदहरूमा विभाजन नगरे पनि भित्र व्याख्याको क्रममा भने परिच्छेदहरूमा विभाजन गरी चर्चा गरेका छन् । ती परिच्छेदहरूबारे छोटकरीमा निम्नानुसार चर्चा गरिएको छ :

**प्रथम परिच्छेद :** प्रस्तुत परिच्छेदमा गोविन्दप्रसाद भट्टराईले 'पताकाप्रस्तारश्च' शीर्षकसम्म चर्चा गरको छन् । यस परिच्छेदमा महादेव र पार्वतीको साथमा तत्कालीन युवराज पृथ्वीनारायण शाहलाई पनि राखी सधैँ समाजमा बसेर जीवनयापन गर्ने सबै प्राणीको कल्याण गरुन् भन्दै मङ्गलाचरण गरिएको छ । प्रस्तुत कृतिको सबै परिच्छेदहरूमा संस्कृत श्लोकको नेपालीमा अनुवाद गरिएको छ । यी सबै श्लोकहरूमा पृथ्वीनारायण शाहको वंशजदेखि लिएर तत्कालीन युवराज अवस्थामा रहेका उनको साहसिक कार्यहरूको प्रकाश पार्ने काम भएको छ । प्रस्तुत परिच्छेदमा ४१ वटा श्लोकहरूको नेपालीमा अनुवाद गरिएको छ । प्रत्येक श्लोकहरूमा छन्दको चर्चा र उदाहरण गर्नुका साथै पृथ्वीनारायण शाहकै विषयमा गुणगान गरिएको छ ।

**दोस्रो परिच्छेद :** प्रस्तुत परिच्छेदमा ५२ वटा श्लोकहरूको अनुवाद गरिएको छ । यस परिच्छेदको नाम कुसुमोत्पत्ति प्रकरणको 'मात्रानिरूपणम्' हो । यसमा विभिन्न छन्दहरूको मात्रा तथा गणका बारेमा चर्चा गरिएको छ । यस परिच्छेदमा पनि तत्कालीन युवराज पृथ्वीनारयण शाहकै साहसको चर्चा विभिन्न श्लोकहरूमा गर्दै तिनैमार्फत् छन्दहरूको परिचय दिइएको छ ।

**तेस्रो परिच्छेदः** प्रस्तुत कृतिको नाम 'वर्णवृत्तनिरूपणम्' हो । यसमा २६२ वटा श्लोकसङ्ख्या रहेका छन् । सबैभन्दा लामो परिच्छेद पनि यही नै हो । यसमा पनि संस्कृतका श्लोकहरूलाई नेपालीमा अनुवाद गरिएको छ र प्रत्येक श्लोकमा पृथ्वीनारायण शाहकै गुणगान गरिएको छ । प्रत्येक श्लोकमा विभिन्न छन्दहरूको उदाहरण दिइएको छ र मात्रा र गणसहित प्रस्ट पार्ने काम पनि भएको छ ।

**चौथो परिच्छेद :** प्रस्तुत परिच्छेदको नाम 'दण्डकादिनिरूपण' हो । यसमा ३९ श्लोकसङ्ख्या रहेका छन् । यस परिच्छेदमा पनि अघिल्ला परिच्छेदहरूमा जस्तै विभिन्न छन्दहरूबारे प्रकाश पारिएको छ । संस्कृतका श्लोकहरूलाई नेपालीमा अनुवाद गर्दै हरेक

छन्दका गण र मात्रा प्रत्येक पाउमा कति कतिको हुन्छ भन्ने कराको जानकारी गराइएको छ । यसमा पनि उनै पृथ्वीनारायण शाहकै बहादुरीपूर्ण कार्यहरूको चर्चा परिचर्चा गरिएको छ ।

**ग) निष्कर्ष**

प्रस्तुत कृति गोविन्दप्रसाद भट्टराइको एक महत्त्वपूर्ण अनूदित समालोचनात्मक कृति हो । यसमा प्रथम परिच्छेदमा जम्मा ४१ वटा श्लोक, दोस्रो परिच्छेदमा जम्मा ५२ श्लोक, तेस्रो परिच्छेदमा जम्मा २६३ श्लोक र चौथोमा ३९ श्लोक गरी जम्मा श्लोकसङ्ख्या ३९५ रहेका छन् । यसरी यस कृतिमा रहेका ३९५ श्लोकहरूमा विभिन्न छन्दहरूबारे प्रकाश पार्नुका साथै प्रासङ्गिक विषयका रूपमा तत्कालीन युवराज पृथ्वीनारायण शाहकै विषयमा चर्चा गरिएको छ ।

**(३) 'भरतमुनिको नाट्यशास्त्र'को अध्ययन**

**क) पृष्ठभूमि**

'भरतमुनिको नाट्यशास्त्र' कृतिको अनुवादक एवम् सम्पादक गोविन्दप्रसाद भट्टराई हुन् । प्रस्तुत कृति वि.सं.२०३९ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रथम पटक प्रकाशनमा ल्याएको हो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति लैनसिंह वाङदेलले र उपकुलपति माधवप्रसाद घिमिरेले प्रस्तुत कृतिको विषयमा आ-आफ्ना छुट्टाछुट्टै धारणाहरू प्रस्तुत गरेका छन् । नाट्यशास्त्र व्याख्याकारस्य परिचय भनेर अनुवादक तथा सम्पादक गोविन्दप्रसाद भट्टराईले संस्कृतमा आफ्नो परिचय दिएका छन् । प्रस्तुत नाट्यशास्त्रको भूमिका तथा यसको व्याख्याको विषयमा आफ्ना अनुभवहरू अनुवादक भट्टराई स्वयंले लेखेका छन् । प्रस्तुत नाट्यशास्त्रको भूमिकामा विभिन्न शीर्षकहरू राखेर तिनैका विषयमा प्रस्ट पारेका छन् जसमा महामुनि भरत र नन्दिकेश्वर, भरत विषयको चर्चा, नाट्यशास्त्रकर्ता महामुनि भरतको समय, नाट्यशास्त्रको मौलिकता, नाटयशास्त्रको विषय रहेका छन् ।

**ख) मुख्य विषयसन्दर्भ**

प्रस्तुत कृति 'भरतमुनिको नाट्यशास्त्र' गोविन्दप्रसाद भट्टराईद्वारा अनुवादित कृति हो । प्रस्तुत कृति केवल अनुवाद मात्र नगरेर कहीँ कहीँ विस्तृत रूपमा व्याख्या पनि गरेको र टिप्पणी भागमा लक्षणका नेपाली उदाहरण पनि प्रशस्त मात्रामा दिएको कुरा भट्टराईले नाट्यशास्त्रको व्याख्याको विषयमा शीर्षकमा गरेका छन् । यो ग्रन्थ ठूलो साधन, श्रम र

तपस्याले बनेको कुरा पनि लेखकले गरेका छन् । प्रस्तुत ग्रन्थ सैतीसौं अध्यायमा विभाजित ६४८ पृष्ठ लामो र विशाल पनि छ । महामुनि भरतको नाट्यशास्त्र नै काव्यशास्त्रपरम्पराको पहिलो ग्रन्थ भए तापनि यसमा सुवर्णनाभ, कुचुमार, कोहल आदि प्राचीन काव्यशास्त्रीहरूको नाम उल्लेख भएको पाइन्छ भन्ने कुरा अनुवादक भट्टराईले प्रस्तुत ग्रन्थको भूमिकामा उल्लेख गरेका छन् । प्रस्तुत नाट्यशास्त्र सम्पूर्ण ललितकलाको कोश हो, एक सङ्ग्रह ग्रन्थ हो जुन समय समयमा अनेकौं विद्वानहरूद्वारा संशोधित, सङ्कलित र संवर्धित भयो भन्ने कुरा पनि अनुवादकले भूमिकामै उल्लेख गरेका छन् । नाट्यशास्त्रको समय द्वापरयुगको अन्त्य र कलियुगको आदिको हो भन्ने कुरा पनि भूमिकामै उल्लेख छ । भरतको मतअनुसार नाट्य नामको पाँचौ वेद तीनै लोकको भावका अनुकरण हो । नाट्यवेद अन्तर्गत धर्म, अर्थ, काम, शान्ति, युद्ध, क्रीडा, हास्य आदि सबै कुराको समावेश हुन्छ भन्ने कुरा पनि भूमिकामै उल्लेख भएको छ । निष्कर्ष यो हो कि नाट्यवेदमा केवल धर्मात्मा वा ज्ञानीहरूको मात्र चर्चा छैन, यसको निर्माण केवल विशिष्ट वर्गको लागि मात्र गरेको होइन । कामुकका निमित्त कामसेवन, दुर्विनीतका निमित्त निग्रहको सामग्री, शुरपवीरका निमित्त उत्साहका साथै यसमा मूर्खको मूर्खता, विद्वानको विद्वता, धनीको विलास, दुःखीका निमित्त आश्वासन, धर्मलिप्सुका लागि धर्म, अर्थलिप्सुका लागि अर्थोपार्जनका उपाय आदि जस्ता विभिन्न विषयको एकसाथ समावेश भएको छ भन्ने कुरा पनि भूमिकामै उल्लेख छ । सबै प्रकारका मनुष्यको अनुकरण हुने हुनाले नाटकमा सबै प्रकारको ज्ञान, शिल्प, कला, विद्या र शास्त्र समन्वित भएर रहेको छन् । यो वेद विद्या हो, इतिहास हो, यसमा श्रुति-स्मृति सदाचार तथा सबैलाई विनोद प्रदान गर्ने साधन पनि विद्यमान छ भन्ने कुरा अनुवादकले भूमिकामै उल्लेख गरेका छन् ।

प्रस्तुत सैंतीसौ अध्यायमा विभाजित नाट्यशास्त्रको प्रत्येक अध्यायको छोटकरीमा वर्णन निम्नअनुसार गरिएको छ :-

**प्रथम अध्याय :** प्रस्तुत अनुवादित कृति भरतमुनिको नाट्यशास्त्रको पहिलो अध्यायको सुरुआत मङ्गलाचरणबाट गरिएको छ । यसमा अनुवादक गोविन्दप्रसाद भट्टराईले पशुपतिनाथको प्रार्थना गरेका छन् । प्रस्तुत नाट्यशास्त्रमा नम्रतापूर्वक सेवाको भावना देखाएर इन्द्रिय र बुद्धि वशमा राखेर महात्मा आत्रेय आदि मुनिहरूको महामुनि भरतसँग यो वेदतुल्य नाट्यवेद कसरी र कसका निमित्त उत्पन्न भयो ? यसका कति अङ्ग छन् ? आदि प्रश्नहरू सोधेका र महामुनिले प्रश्नहरूको जवाफ दिएका कुराहरू देखाइएको छ । प्रस्तुत

अध्यायमा प्रश्नोत्तर, नाट्यवेदको उत्पति कसरी भयो, नाट्यमा विघ्न, नाट्यमण्डप निर्माण, नाट्यमण्डपको रक्षा, विघ्नशान्ति, नाट्यशास्त्रको प्रशंसा जस्ता विषयमा चर्चा गरिएको छ ।

यसरी हेर्दा समग्रमा प्रथम अध्यायमा नाटक किन र कसरी उत्पत्ति भयो त्यस विषयको कथानकसहितको पञ्चमवेदरूप नाट्यको उत्पत्तिको वर्णन गरिएको छ ।

**दोस्रो अध्यायः** प्रस्तुत नाट्यशास्त्रको दोस्रो अध्यायमा नाट्यमण्डप-विद्यानसम्बन्धी विषयमा चर्चा गरिएको छ । ती तीन थरी नाट्यमण्डप विकृष्ट, चतुरस्त्र र त्र्यस्त्र मण्डप जस्तो बनाउनुपर्छ, जसरी बनाउनुपर्छ त्यो सबै विधिविधानको वर्णन यसै अध्यायमा गरिएको छ । रङ्गपीढ मत्तवारणी रङ्गशीर्ष र नेपथ्यगृहका विषयमा पनि चर्चा गरिएको छ । तीन किसिमका नाट्यमण्डप विकृष्ट, चतुरस्त्र र त्र्यस्त्रको सबै लक्षणहरूको वर्णन पनि यसैमा गरिएको छ ।

**तृतीय अध्याय :** नाट्यशास्त्रको तृतीय अध्यायमा 'रङ्गमण्डपपूजा', जर्जरपूजा, आशीर्वाद, शुभाशुभपरीक्षासम्बन्धी विषयमा विशेष चर्चा गरिएको छ । वास्तवमा यस अध्यायको नाम नै 'रङ्गदेवता पूजन' गरिएको छ । यसमा दिशा विदिशाहरूमा देवताहरूको स्थापना गरेर पूजाविधिहरू र वलिको प्रकार बताइएको छ। मन्त्र ब्रहमाणयोर्वेदनामधेयम् भन्ने उक्ति अनुरूप यहाँ मन्त्रपूर्वक बलिपूजा दिइने हुनाले नै यसले नाट्यवेदको मान्यता पाएको हुनुपर्छ ।

**चारौं अध्याय :** यस अध्यायमा समवकार र डिमको प्रयोग, १०८ करणहरू, ३२ अङ्गहारहरू, रेचक र पिण्डीहरू, ताण्डवको प्रसङ्ग र प्रयोग, पिण्डीबन्ध र त्यसका भेदहरू, गीत वाद्यविधि, नृत्यप्रयोग र विधान, भाण्ड वाद्यवादनको विषयमा चर्चा गरिएको छ । यस अध्यायको नाम नै 'ताण्डवध्याय' भनिएको छ । यसमा अमृतमन्थन नामको समवकारको प्रयोग, त्रिपुरदाह नामको डिमको प्रयोग, शिवजीले भरतलाई करण र अङ्गहारको उपदेश दिन तण्डुलाई आज्ञा भएको कुरा, ४ रेचक, पिण्डी बन्धको क्रममा ताण्डवको लक्षण आसारित विधि, दर्धमान आदि कुराहरूको विस्तारपूर्वक वर्णन छ । नाच्दा हातपाउ कसरी राख्नुपर्छ यसका भेदहरूलाई करण र नाच्दा हातपाउ चलाउने विधिलाई अङ्गहार भनिन्छ ।

**पाचौं अध्याय :** यस अध्यायको नाम 'पूर्वरङ्गविधान' हो । यसमा नाटक आरम्भ गर्नुभन्दा पहिले विघ्ननिवारणका निमित्त गरिने नान्दी आदिको वर्णन छ । यस अन्तर्गत पूर्वरङ्गप्रसङ्ग (चतुरस्त्र पूर्वरङ्ग), प्रत्याहारादि पूर्वरङ्गका अङ्गहरू, उत्थापनविधि, बहिर्गीत, आश्रावणादिको प्रयोग, उत्थापतिध्रुवाको प्रयोग, परिवर्तिनी ध्रुवा, अवकृष्टा ध्रुवा, नान्दी, शुष्कावकृष्टा ध्रुवा,

अङ्किता ध्रुवा (चतुरस्त्र), त्र्यस्त्रपूर्वरङ्ग, त्र्यस्त्र र चतुरस्त्र पूर्वरङ्गका भेद, चित्रपूर्वरङ्ग, नाटकको प्रयोग, मतान्तरको पूर्वरङ्ग रहेका छन् । यिनै विषयहरूका बारेमा साङ्गोपाङ्ग वर्णन प्रस्तुत अध्यायमा गरिएको छ ।

**छैटौं अध्याय :** प्रस्तुत छैटौं अध्यायको नाम 'रसोध्याय' हो । यसमा रसादि पात्रविषयको प्रश्न, तीनै प्रश्नहरूको उत्तर, रसनिरूपण, श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत तथा शान्त रसका बारेमा विस्तारपूर्वक वर्णन गरिएको छ । रस निष्पत्तिसूत्र, रसका वर्ण र देवताहरूका विषयमा पनि चर्चा गरिएको छ ।

**सातौं अध्याय :** सातौ अध्यायको नाम 'भाव-विकल्प' हो । यस अध्यायमा भावविषयमा प्रश्नोत्तर, रत्यादि स्थायीभावको अभिनय, निर्वेदादी व्यभिचारीभावको उत्पत्ति, सात्विक भाव र अनुभावहरू रसानुसार भावको प्रयोग, रसभावदिको नाट्यक्रममा प्रयोग जस्ता भावहरूको रसहरूमा विनियोग प्रकार, स्थायी र सञ्चारि भेद र रसभागको व्यवस्थासमेत गरिएको छ ।

**आठौं अध्याय :** यस अध्यायको नाम 'अङ्गाभिनय' हो । यसमा अभिनय, अङ्गोपाङ्ग अभिनय, शिरःकर्म, दृष्टि कर्म, तारकाकर्म, दर्शनादि कर्म, नासिका र गण्डकर्म र अधर र चिबुककर्म, मुखकर्म, ग्रीवाकर्म जस्ता विषयहरूमा चर्चा गरिएको छ । समग्रमा यसमा आङ्गिक, वाचिक, सात्विक र आर्हाय चार किसिमका अभिनय, शिरको तेह्र किसिमको अभिनय, रसदृष्टि र अरू दृष्टि, ताराकर्म, दर्शन प्रकारहरूको विस्तृत वर्णन छ तथा पुटकर्म नौ र सात किसिमको भ्रुकर्म, भ्रृकुटीकर्म, नासाकर्म, गण्डकर्म, अधरकर्म, चिबुककर्म, मुखकर्म, ग्रवाकर्म आदिको समुचित वर्णन छ ।

**नवौं अध्याय :** यस अध्यायको नाम 'उपाङ्गभिनय' हो । यसमा असंयुतहस्त, संयुक्तहस्त, नृत्तहस्त, तिनीहरूको नाम र विनियोग, उरः कर्म, पार्श्वकर्म, जाठरकर्म, कटिकर्म , जङ्घाकर्म, पादकर्म आदिको विषयमा विशद वर्णन गरिएको छ ।

**दसौ अध्याय :** प्रस्तुत अध्यायको नाम 'चारी विद्यान' हो । जङ्घा, अरू कटीको साथै समान करणमा प्रयोग गरिएको यो चेष्टाविशेषलाई चारी भनिन्छ । यसमा चारी र व्यायाम, चारी र करणमा भेद, भौमी र आकाशिकी चारीहरू, स्थानकहरू भारतादि प्रविचार, सोष्ठवप्रयोग, व्यायामविधिका विषयमा चर्चा गरिएको छ । समग्रमा यसमा अभिनय गर्दाको चारीको प्राधान्य, सोह्र प्रकारका भौमी चारी र सोह्रै प्रकारका आकाशिकी चारीहरूको विशद वर्णन छ

साथै छ किसिमको वैष्णवादिस्थान, मण्डल, शस्त्रमोक्षण, न्याय, प्रविचार, व्यायामविद्यान, नस्यविधि, व्यायाम वर्जन समय र व्यायाम नियमहरू छन् ।

**एघारौं अध्याय :** प्रस्तुत अध्यायको नाम 'मण्डलभेद' हो । चारीहरूको संयोगबाट नै मण्डलहरूको रचना हुन्छ । यसमा दस प्रकारका आकाशगत मण्डल र दसै प्रकारका भौमण्डलको वर्णन छ । यसमा अतिक्रान्त आदिमण्डलहरूको नाम पनि निर्देशनपूर्वक गरिएको छ ।

**बाह्रौं अध्याय :** प्रस्तुत अध्यायको नाम 'गतिप्रचार' हो । यसमा पात्रहरूको रङ्गप्रवेशविधि, पादपातविधि, गतिको लयविधि, उत्तम पात्रको स्वभाविक गति, देवताहरूको गति, संभ्रम आदि अवस्थाहरूको गति, जडहरूको गति, ज्वरादि पीडितको, तपस्वीहरूको तथा रसदिगति, शीतार्दित, अन्धकारपतित, वर्षा पीडित आदि नाना जाति र पात्रहरूको, नाना प्रकारका यान आदिको, प्रकृतिको गतिको वर्णन तथा पुरुष र स्त्रीहरूको आसनविधिको वर्णन पनि छ ।

**तेह्रौं अध्याय :** यस अध्यायको नाम 'कक्षाप्रवृत्तिधर्मिञ्जक' हो । यसमा रङ्गमञ्चको अनेक भागको वर्णन, कक्षाविभागनुसार गरिएको छ । यसमा अभिनयको उपयोग अनुसार पर्वत, वन, नदी, आश्रम आदिको दृश्य देखाउने प्रकारको वर्णन तथा दाक्षिणात्या, आवन्ती, औड्रमागधी र पाञ्चाली यी चार प्रवृत्तिद्वारा आचार व्यवहार आदिका विभिन्न प्रकारहरूको वर्णन, आविद्ध प्रयोग र सुकुमार प्रयोग, लोकधर्मी र नाट्यधर्मी आदिको विवेचन गरिएको छ ।

**चौधौं अध्याय :** यस अध्यायको नाम 'छन्दोविधानम्' हो । यसमा स्वर र व्यञ्जन लक्षण, घोषाघोष र स्थानहरू, ५ थरी शब्दको लक्षण छन्दोबद्ध, चूर्णक पदबन्ध, छन्दहरू र तिनको सङ्ख्या, त्रिक र लघु गुरुहरू, छन्दोगत विधि, दिव्यादिगणा, प्रस्तार जस्ता विषयहरूको वर्णन गरिएको छ । समग्रमा यसमा वागभिनयको प्राधान्य वाग्विभाग, संस्कृत पाठ्यलक्षण, अक्षरविभाग, अक्षरको स्थान, घोषाघोष शब्दको लक्षण, आख्यातादि, चूर्णपद, निबद्धपदलक्षण, वृत्तभेद, नाट्यमा छन्दको प्राधान्य, उक्तावादिको अक्षरसङ्ख्या, मालावृत्तलक्षण, गायत्री आदिको वृत्तसङ्ख्या, गणविभाग, नष्टोद्दिष्ट र प्रस्तारविधि आदिको विवेचन गरिएको छ ।

**पन्ध्रौ अध्याय :** प्रस्तुत पन्ध्रौं अध्यायको नाम 'वृत्त लक्षण' हो । यसमा १-१६ अक्षरसम्मका छन्दहरू, मेघमाला आदि दण्डकहरू, अनुष्टुपभेदहरू, सम विषम अर्घसमछन्दहरू, गाथा, केतुमती, अपरवक्त्र, पुष्पिताग्रा आदि, आर्या र त्यसका भेदहरूका बारेमा चर्चा गरिएको छ ।

वास्तवमा यस अध्यायमा नाट्योपयोगी तनुमध्या आदि वृत्त र अर्धसम, विषम तथा आर्या वृत्त र त्यसको प्रस्तार समेतको वर्णन छ ।

**सोह्रौं अध्याय :** यस अध्यायको नाम 'लक्षणालङ्कार' हो । यसमा विभूषण आदि छत्तीस लक्षणहरू, उपमादि चार अलङ्कारहरू, उपमा र यसका भेदहरू, दीपक, रूपक, यमक र यसका भेदहरू, दोषहरू, गुणहरू, गुणहरूको रसाश्रयप्रयोग, नाटकमा ह्रस्व दीर्घ प्लुत शब्दको विधान, शब्दप्रयोगको औचित्य आदिको वर्णन गरिएको छ । यसै अध्यायको अनुबन्ध पाठमा भुषणादि ३६ लक्षणहरूको भिन्नै प्रकारको वर्णन छ ।

**सत्रौं अध्याय :** प्रस्तुत अध्यायको नाम 'भाषालक्षणकाकुस्वरव्यञ्जन' हो । यसमा प्राकृत पाठ्यक्रम, समान शब्द, विभ्रष्ट, देशीगत, लौकिकवाक्यविधान, सप्तस्वरको रसानुगुण प्रयोग, उरः कण्ठ र शिर : स्थानको प्रयोग, रसानुसार स्वरको प्रयोग, काकुविचार, उच्चदीप्त आदि अलङ्कारको प्रयोग, काकुप्रयोग, काकुका अङ्गहरूको प्रयोग, मन्द्रमध्य तार स्वर र द्रुत विलम्बित लयहरू, विरामहरू जस्ता विषयमा चर्चा गरिएको छ । समग्रमा यसमा प्राकृत आदि भाषाको स्वरूपः उनीहरूमा हुने वर्णपरिवर्तको प्रकार, बोल्ने नियम, विरामको नियम, देशभेदले भाषामा नकार चकार-ओकार-लकारहरूको बहुलता, षडलङकार, षडङ्गविराम आदिको वर्णन गरिएको छ ।

**अठारौं अध्याय :** यस अध्यायको नाम 'दशरूपकनिरूपण' हो । यसमा दसरूपकका भेद जस्तो -नाटक, प्रकरण, अङ्क, व्यायोग, भाण, समवकार, वीथी, प्रहसन, डिम, ईहामृगहरूका बारेमा विशद वर्णन गरिएको छ । देशविशेषको उपयोग, वीथीका अङ्गहरू, लास्यका अङ्गहरूका बारेमा पनि यसमा चर्चा गरिएको छ । यसमा जुन दस रूपकका बारेमा विशद व्याख्या गरिएको छ । यो नै नाट्यशास्त्रको मुख्य विषय पनि हो ।

**उन्नाइसौं अध्याय :** यस अध्यायका नाम 'सन्धिनिरूपण' हो । यसमा इतिवृत, आरम्भादि अवस्थाहरू, आधिकारिक इतिवृत्त, वीज आदि पाँच अवस्था, पताका स्थान, मुखसन्धि आदि ५ सन्धि, दसकरूपमा सन्धिको प्रयोग, मुखसन्धि अङ्ग, प्रतिमुखका अङ्ग, अवमर्षका अङ्ग, उपसंहारका अङ्ग, अर्थोपक्षेपक, नाटकप्रशंसा जस्ता विषयहरूमा चर्चा गरिएको छ । समग्रमा यसमा नाटकको आधिकारिक र प्रासङ्गिक दुई किसिमको वृत्त, पाँच अवस्था, पाँच अर्थप्रकृति, पाँच सन्धि र त्यसका अङ्गोपाङ्गको विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**बीसौं अध्याय :** प्रस्तुत बीसौं अध्यायको नाम 'वृत्तिविकल्प' हो । यसमा वृत्तिहरूको उत्पत्तिविषयक कथा, वृत्तिहरूको उत्पत्ति, भारती वृत्ति र त्यसका अङ्गहरू, कौशिकी वृत्ति, आरभटी जस्ता वृत्तिहरूको विषयमा विवेचना गरिएको छ ।

**एक्काईसौं अध्याय :** यस अध्यायको नाम 'आहार्य अभिनय' हो । यसमा आहार्य अभिनयमा नेपथ्य, भूषण, देवता राजा र स्त्रीका भूषण, देशविशेषका स्त्रीका भूषण, अङ्गरचनामा वर्ण विधि, देवादिको अङ्गरचना, श्मश्रुरचना, वेषरचना, शिरोभूषण र शिरः रचना, सञ्जीव, आयुध रचना, जर्जर रचना, प्रतिशीर्ष, नाट्यसामग्री जस्ता विषयहरूमा वर्णन गरिएको छ । मुख्यगरेर यसमा वेशभुषा आदि सम्बन्धको अभिनयको वर्णन तथा जर्जरको र दण्डकाण्डको लक्षण प्रतिशीर्षकको विधानको पनि वर्णन छ ।

**बाइसौं अध्याय :** प्रस्तुत अध्यायको नाम 'सामान्य अभिनय' हो । यसमा सात्विक अभिनय, स्त्रीका लीलादि अलङ्कार, शोभादि अलङ्कार, पुरुषका सात्विक भेद, शारीरी अभिनय, अभिनयात्मक १२ भावहरू, अभिनयका ७ भेद, आत्मस्थ परस्थ आदि, बाह्य र आभ्यान्तर नाट्य, शब्दादिको अभिनय, मनको अभिनय, आत्मस्थ र परस्थ अभिनय, सुखका मूल स्त्री, स्त्रीहरूको शील, स्त्रीको प्रकृति, कुलीन स्त्रीका कामचेष्टा, कुलीन स्त्रीका दस अवस्था, काम्यदृष्टि, कामपीडितका कार्य, कामसम्बन्धी राजोपचार, वासकसज्जादि नायिका, खण्डितादि नायिका, अभिसरण, नायकबोधनविधि, वासोपचार, टेलिफोन वा आकाशवाणी सुत्ने, अङ्गस्फुरण, नायकसमागम, वैमनस्यादि स्त्रीभाव र अभिनय, स्त्री प्रसन्न पार्ने प्रकार, अभिनय वर्जनविषय, प्रियसम्बोधन प्रकार अप्रीतिकर वाक्य, सुकुमार वा श्रृङ्गारविधि, दिव्याङ्गनाविधि जस्ता विषयहरूको वर्णन गरिएको छ । मुख्य गरेर यसमा वाचिक, आङ्गिक र सात्विक तीन प्रकारका सामान्य अभिनयहरूको चर्चा, हावभाव हेला आदि स्त्रीहरू र पुरुषहरूका स्वभाविक अलङ्कारहरूको वर्णन छ साथै श्रृङ्गार निरूपणमा स्त्रीहरूलाई सुखको मूलकारण मानेर उनीहरूको देवशीला आसुरी गन्धर्वशीला आदि अनेक भेद मानिएका छन्, वेश्या र कुलजाको मदनातुर अवस्था, कामको दस अवस्था, नायिकाका भेद, नायकका भेद, नायिकाको मानको कारण आदिको मनोवैज्ञानिक विवेचन गरिएको छ ।

**तेइसौं अध्यायः** यस अध्यायको नाम 'वैशिक' हो । यसमा वेश्या स्त्री र वैशिक पुरुषहरूको वर्णन छ । यसमा वेश (पहिरन) सम्बन्धी आहार्य र स्वभाविक तेत्तीस गुणहरूको वर्णन छ । वेश्या स्त्री र वैशिक पुरुषका साथ साथै वयस्कका गुण आदिको विवेचन स्त्रीहरूको तीन

किसिमको प्रकृति, चार किसिमको यौवन पाँच किसिमका पुरुषहरूलाई र स्त्रीहरूलाई वश गर्ने विधिका विषयमा वर्णन गरिएको छ ।

**चौबीसौं अध्याय :** यस अध्यायको नाम 'स्त्रीपुरुषोपचार' हो । यसमा धीरोदात्त आदि चार किसिमका नायक, दिव्यादि चार किसिमका नायिका तिनीहरूको धीर ललितादि चार भेद, राजोपचार र बाह्योपचार तथा राजोपचारमा स्थायिनी आदि १८ भेदका स्त्रीहरूको वर्णन र विभिन्न पात्रहरूलाई विभिन्न कक्षामा राख्ने अन्तः पुरको विधि र बाह्योपचारमा राजा, सेनापति, कुमार, मन्त्री आदिको विभाग र लक्षण, नटको लक्षण, नाना शीलका पुरुषको लक्षण र स्त्रीहरूको लक्षण समेतको वर्णन गरिएको छ ।

**पच्चीसौं अध्याय :** प्रस्तुत अध्यायको नाम 'चित्राभिनय' हो । यसमा चित्रभिनय, ऋतु अभिनय, भाव विभाव अनुभाव, भावाभिनय, आकाशवचनादि, मूर्च्छादिको अभिनय, अभिनयको प्रयोगप्रयोग, नाट्यको लक्षण जस्ता विषयहरूमाथि चर्चा गरिएको छ । यसमा अङ्गादि अभिनयको जुन कुनै कुनै कुरा पहिले छुटेको थियो त्यसैको विषयमा यसमा विचार गरिएको छ साथै कुन कुन अवस्थामा कस्तो कस्तो अभिनय कसरी गर्ने भन्ने कुराको यस अध्यायमा वर्णन गरिएको छ ।

**छब्बीसौ अध्याय :** यस अध्यायको नाम 'प्रकृति विकल्प' हो । यसमा नाट्यको प्रकृति र सुकुमार र आबिद्ध प्रयोगको बारेमा चर्चा गरिएको छ । यसमा धेरै हात गोडाका, अनेक मुखका र हात्ती घोडा आदिको जस्तो विकृत मुख गरेका वा यस्तै प्रकारका अरू जनावरहरूको अभिनय गर्ने विषयमा वर्णन गरिएको छ । त्यसैगरी त्यसै अनुरूप, विरूप र रूपानुरूपका भेदले प्रकृति तीन किसिमको छ र मिल्दो प्रकृति गरेर नाट्यमा भूमिका निर्वाह गर्ने भन्ने कुराको वर्णन पनि छ ।

**सत्ताईसौं अध्याय :** यस अध्यायको नाम 'सिद्धिव्यञ्जक' हो । यसमा मानुषी र दैवी दुई किसिमको सिद्धि, मानुषी सिद्धिका दस अङ्ग, शारीरी र वाङ्मयी दुई भेद वा वाङ्मयीका फेरि सात भेद दैवी सिद्धिका दुई भेद र सिद्धिका देवसमत्थ, आत्मसमुत्थ र परसमुत्थ तीन किसिमका घातहरू, प्राश्निकको लक्षण, सिद्धि धेरै भएकलाई पताका पताका दान, बारकाल, समृद्धिकारक प्रयोग जस्ता विषयहरुको वर्णन गरिएको छ साथै नाटकको प्रयोगको सपयको पनि वर्णन छ ।

**अट्ठाइसौँ अध्यायः** यस अध्यायको नाम 'जाति विकल्पन' हो । यसमा तत-अबनद्ध, घन सुशिर चार किसिमको वाद्य, तत, अबनद्ध र नाट्यकृतलाई 'कुटप' भन्छन् भन्ने कुरा शारीरी वीणा र दाखी वीणा, एक्काईस ताल विधि, स्वरको वादी संवादी, विवादी, अनुवादी चार प्रकारको भेद, २ ग्राम, ग्रामाश्रित २२ श्रुति चौध मूर्छना, मूर्छनाश्रित चौरासी तान, तानकिया, साधारण स्वर १८ जाति दुवै ग्रामाश्रित जातिका अंसस्वर ६३ र ग्रहस्व र त्रिसठ्ठी नै अंशग्रह न्यास र अपन्यासको योगबाट हुने षाड्जी आदिका अठार भेदसमेत बिस्तारपूर्वक बताइएको छ । यो सङ्गीतशास्त्रीहरूका निमित्त अति उपयोगी छ ।

**उनन्तीसौँ अध्याय :** यो अध्यायको नाम 'तत वाद्यविधान' हो । यसमा दुवै ग्रामका जातिको रसमा प्रयोग, पाठ्यप्रयोगका स्वरहरू, आरोही र अवरोही स्वर, गीतवर्णका अलङ्कार हरू, प्रसन्नादि वर्णालङ्कार, चार गीतिहरू, चार धातुहरू, विस्तारधातुका चारभेद, करणधातुका ५ भेद, आविद्ध धातुका ५ भेद, व्यञ्जन धातुका १० भेद, ३ वृत्तिहरू, ४ जातिहरू, तत्त्वादि ३ वाद्यविधि वहिर्गीत, बहिर्गीत शुष्काक्षर प्रकार, रूपादि विपञ्चीका करणहरु कोणदि वाद्यविपञ्जी जस्ता विषयहरूमा चर्चा गरिएको छ । समग्रमा यसमा रसअनुसारसँग जातिहरूकाृ प्रयोग गर्ने प्रकार, वर्णालङ्कार, गीतालङ्कारको विधिबिस्तार आदि चार धातुहरू् र तिनीहरूका भेद, चित्रादि तन वृत्ति, वीणा समुद्भव, तत्त्व अनुगत  ओध, तीन वाद्यविधि, शुष्काक्षर गीत वा निर्गीत प्रयोगमा आश्रवणादि विधान, विपञ्ची वाद्यका रूप आदिको प्रयोग विस्तारपूर्वक विवेचन गरिएको छ ।

**तीसौँ अध्याय :** यस अध्यायको नाम 'सुषितारोध विधान' हो । यसमा वाँसुरी वाद्यका विषयमा चर्चागरिएको छ । यसमा तीन स्थानमा स्वर उठ्ने नौ किसिमका बाँसुरी छन् र ती बासुरी मा नौ छिद्र हुन्छन् भने छिद्रगत स्वरहरू कम्पमान अर्धमुक्त, व्यक्त मुक्त तीन किसिमका छन् भन्ने तथा टिप्पणीमा ती वंश (बाँसुरी) हरूको विशेष विवेचनसमेत गरिएको छ ।

**एकतीसौँ अध्यायः** यो अध्यायको नाम 'तालव्यञ्जनाध्याय' हो । यसमा कला र त्यसका भेदहरू, मन्दलयको तीन किसिमका कलाहरू मार्ग भेदहरू, कलाको निरूपण, ताल र त्यसका दुई भेद, चञ्चत्पुट र चाचपुट दुई योनि, मिश्र तालको दुई भेद, पञ्चपाणि, ६ थरी पातहरू, तालका भेदहरू, उद्घट्ट, हस्ताङ्गुलिका विकल्पहरू, आवाप, निष्काम, विक्षेप प्रवेशहरू र शम्या ताल सन्निपातहरूका विधिहरू, कामतन्त्रको अभिनय, तालभेद, प्रपञ्च,

आसारिताविधि, वर्धमानकविधि, गीतकहरूको लक्षण र अङ्गहरू, गीतको वस्तुकल्पना, ध्रुववहरूको तालविधान, लास्यको लक्षण र अङ्गहरू, तालज्ञानको प्रयोजन, लयका तीन प्रकारहरू आदिको विस्तृत वर्णन गरिएको छ ।

**बत्तीसौं अध्याय :** यस अध्यायको नाम 'ध्रुवाविधान' हो । यसमा ध्रुवाहरू, ध्रुवाका अङ्गहरू, ध्रुवाका भेद, आदि जाति, ध्रुवाका लक्ष्य लक्षण र नाम, समवृत्तका भेद, अर्ध, विषम र विषमका भेद, आश्रयअनुसार ध्रुवाको प्रयोग, स्थानअनुसार ध्रुवाको प्रयोग, शीर्षकादि ध्रुवा, श्रृङ्गारिसम्बन्धी ध्रुवा, पात्रअनुसारका ध्रुवा, आश्रयादिअनुसार ध्रुवा माण्डग्रहणका भेद, मुख सन्ध्यादिमा ग्रामको प्रयोग, पूर्वरङ्गका ध्रुवाहरूका बारेमा वर्णन गरिएको छ । समग्रमा यसमा ध्रुवा र त्यसका पाँच भेदहरू, ध्रुवाका मुख प्रतिमुख आदि १८ अङ्गहरू, गान्धर्व तालको वस्तु, वृत्तकर्ममा उपयुक्त प्रावेशिकी आदि पाँच ध्रुवा जातिहरूको लक्षण र उदाहरणहरू, श्री धृति आदि ध्रुवाहरूको विशद वर्णन छ । यो अध्याय अपेक्षाकृत रूपमा ठूलो पनि छ ।

**तेत्तीसौं अध्याय :** यस अध्यायको नाम 'गुणदोषविवेचन' हो । यसमा गुणद्वारा गानामा प्रवृति, आचार्यादि गुण, गानदोष, हस्तगुण, जस्ता विषयहरूको बारेमा वर्णन गरिएको छ । यसरी हेर्दा यसमा स्त्री र पुरुषको पाठ्यविधि र गवैयाका गुण र दोषहरूको वर्णन गरिएको छ ।

**चौतीसौ अध्याय :** यस अध्यायको नाम 'वाद्याध्याय' हो । यसमा मृदङ्ग आदि भाण्डवाद्यको उत्पत्ति, आतोध (भाण्डवाद्य) को प्रयोग त्रिपुष्कर वाद्यविधि, पदभेद, स्वर व्यञ्जन संयोग, अनुबन्ध, पञ्चपाणि, चतुर्मार्ग, पुष्कर, वाद्यप्रचार, पणव वाद्यविधि, दर्दर वाद्यविधि, मिश्र प्रयोग, रूपादिको प्रयोग, त्रियति, त्रिपाणि, त्रिलय, त्रिमार्जनादि, मार्जनामा माटोको लक्षण त्रिसंयोग र त्रिगत, वाद्यहरूको आठ प्रकारको साम्य, अष्टादश जातियुक्तवाद्य, उत्तमपात्रादिको गतिमा वाद्यप्रयोग, नाना अवस्थामा वाद्यको प्रयोग, वाद्यका अलङ्कार, वाद्य प्रयोगविधि, त्रिसामकी प्रयोग, आङ्गिक वाद्यादिमा वाद्यवादन, गतिअनुसार वाद्यवादन, दैत्यादिको गतिमा वाद्यविद्यि अन्तरवाद्य र सिद्धि, विविध वाद्यविधि, मृदङ्ग आदिको आकार, छालाको दोष र गुण, भाण्डवाद्यनिर्माणविधि, वाद्यका देवताहरू, वाद्यवाधकहरू जस्ता विषयमा चर्चा गरिएको छ । समग्रमा यसमा अवनद्ध वाद्यको उत्पत्तिविषयमा महामुनि स्वातिको कथा, अबनद्ध वाद्यहरूको अङ्ग प्रत्यङ्गको वर्णन, अवनद्धका भेद, त्रिपुष्करादि

वाद्यविधि, तीन मार्जना गुरु लघुसञ्चय, अष्टादश जाति, वाद्यसंश्रयप्रकार र यिनीहरूको प्रयोग, आतोद्यको लक्षण वादकहरूको लक्षण र त्रिसामको वर्णन गरिएको छ ।

**पैतीसौं अध्याय :** प्रस्तुत नाट्यशास्त्रको पैतीसौं अध्यायको नाम 'भूमिका विकल्प' हो । यसमा भूमिका विन्यासविधि र भरतहरूको विकल्पका विषयमा वर्णन गरिएको छ । वास्तवमा यसमा भूमिकाको भेद, तत्तद भूमिकामा यथायोग्य पात्रको नियुक्ति, नाटकीय पुरुष र नारीहरू, भरत आदिको भेदहरूको समुचित वर्णन छ ।

**छत्तीसौं अध्याय :** यस अध्यायको नाम 'नाट्य शाप' हो । यसमा मुनिहरूको प्रश्न, भरतको उत्तर, गीतवाद्यको प्रशंसा, भरतहरूलाई ब्राह्मणको सराप, भरतहरूलाई भरतमुनिको आश्वासन जस्ता विषयहरूको वर्णन छ । वास्तवमा यसमा आत्रेय आदि मुनिहरूको भरतसमक्ष गरेका प्रश्नहरू, भरतले उत्तर दिएका कुरा, पूर्वरङ्गको महत्त्व, भरत पुत्रहरूको अभिमान र मुनिहरूलाई व्यङ्ग्य गरेका कुराहरू, गिल्ला गरेका त्यसपछि मुनिहरूले नटहरूलाई सराप दिएका कुराहरू भरतले पुत्र (नट) हरूलाई सम्झाएका कुराहरूको वर्णन गरिएको छ ।

**सैंतीसौं अध्याय :** यस अध्यायको नाम 'गुह्यतत्वकथन' हो । यसमा राजा नहुषको पृथ्वीमा नाट्यप्रयोग देखाउने आग्रह, पृथ्वीमा नाट्यको प्रयोग र भरतवंशको उत्पत्ति, नाट्यशास्त्रको प्रशंसा जस्ता विषयहरूको चर्चा गरिएको छ । वास्तवमा यसमा नहुषराजाको कथा, उनको प्रार्थनाले पृथ्वीतलमा नहुषको घरमा गएर भरतपुत्रहरू र अप्सराहरू मिलेर नाटक देखाएर कुराहरू तथा नाट्यशास्त्रको महात्म्य आदिको वर्णन गरिएको छ ।

प्रस्तुत नाट्यशास्त्रको अन्त्यमा अनुवादक गोविन्दप्रसाद भट्टराईले प्रस्तुत कृति अनुवादको क्रममा आवश्यक परेका ग्रन्थहरूको सूची प्रस्तुत गरेका छन् । यस क्रममा नेपाली ग्रन्थहरूका साथै विभिन्न संस्कृतका ग्रन्थहरूको पनि आवश्यक परेको देखिएको छ । यसमा जम्मा ११२ ग्रन्थहरूको सूची यहाँ प्रस्तुत कृतिमा राखिएको छ । नाट्यशास्त्रमा प्रयोग गरिएको भाषाको अशुद्धिको संशोधन पनि प्रस्तुत कृतिको अन्त्यमा गरिएको छ । नाट्यशास्त्र अनुवादको क्रममा भएका अशुद्धिहरू सबैको संशोधन गरिएको छ ।

**ग) निष्कर्ष**

प्रस्तुत कृति 'भरतमुनिको नाट्यशास्त्र' अनुवादक गोविन्दप्रसाद भट्टराईद्वारा अनूदित कृतिहरूमा सबैभन्दा ठूलो र अत्यन्त महत्त्वपूर्ण कृति हो । यस ग्रन्थमा भट्टराईले प्राचीन आचार्य भरतमुनिले लेखेको नाट्यशास्त्रको नेपालीमा अनुवाद गरेर नाटकसम्बन्धी प्राचीन

मान्यतालाई संस्कृत नजान्नेहरूका लागि पनि ज्यादै उपयोगी बनाइदिएका छन् । नाटकका तत्त्वहरूका वारेमा विशद व्याख्या एवम् विवेचना गरिएकाले मात्र नभइ अनेकौं दृष्टिकोणले यो पुस्तक ज्यादै महत्त्वपूर्ण छ । अनुसन्धानको क्षेत्रमा पनि प्रस्तुत ग्रन्थले आफ्नो छुट्टै एवम् महत्त्वपूर्ण स्थान ओगटेको छ । प्रस्तुत नाट्यशास्त्रमा कहीँ पैँतीस र कहीँ सैँतीस अध्याय भएको तर भट्टराईले सैँतीसौँ अध्यायमै टुङ्ग्याएका छन् ।

**३) साहित्येतर कृतिहरूको अध्ययन**

गोविन्दप्रसाद भट्टराईका साहित्येतर कृतिहरू निम्नानुसार रहेका छन् :–

**(१) पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार**

**(२) मूर्तिकला**

**(१) 'पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार' कृतिको अध्ययन**

गोविन्दप्रसाद भट्टराईको 'पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार' साहित्येतर कृति हो । यस पुस्तकका प्रकाशक दीपकप्रसाद भट्टराई हुन् । प्रस्तुत कृति तत्कालीन बडामहारानी रत्नको ४१ औं शुभजन्मोत्सवको अवसरमा वि.सं. २०२५ मा प्रथमपटक प्रकाशित भएको हो । यस कृतिको मन्तव्य तत्कालीन गृह पञ्चायत सचिव सुन्दरप्रसाद शाह 'दु:खी' ले दिएका छन् भने सम्मति लेख तत्कालीन प्रमुख निर्वाचन आयुक्त पूर्णप्रसाद ब्राह्मणले दिएका छन् । साथै लेखक स्वयंले पनि यसमा आफ्ना भनाइहरू राखेका छन् ।

**ख) मुख्य विषयसन्दर्भ**

गोविन्दप्रसाद भट्टराईले 'पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार'कृतिमा विभिन्न १९ वटा शीर्षकहरू मार्फत पञ्चायत व्यवसथाको वकालत गरेका छन् । सुरुमै लेखक भट्टराईले पञ्चायत व्यवस्थाको आवश्यकता दर्शाएका छन् । त्यसपछि उनले 'नेपालको इतिहास' शीर्षकमार्फत नेपालको नामकरणका बारेमा कुरा गरेका छन् । 'प्रारम्भिककाल' शीर्षक दिँदै लेखकले मानव सभ्यताको सुरुआतको कुरा उठाउँदै पञ्चायती शासन व्यवस्थाको सुरु वैदिककालदेखि नै भएको कुरा 'वैदिककालको समाज' शीर्षकमा गरेका छन् । वैदिककालमा न्यायको फैसला गाउँको मुखिया वा पञ्चका प्रधानले नै गर्दथे भन्ने कुराको उल्लेख गरेका छन् । त्यसपछि 'वैदिककालको पञ्चायत राज्य' शीर्षकमा ऋग्वेद, यजुर्वेद, अथर्ववेद तथा ब्राह्मण ग्रन्थहरूका विभिन्न मन्त्रहरूको सहारा लिँदै तत्कालीन समयको पञ्चायत राज्यको गठन विभिन्न ५ समाजबाट एकएक जना गरी पञ्चजन पुऱ्याएको कुरा उल्लेख गरेका छन् । त्यसपछि 'पञ्चजन वा पञ्चायत शब्दको व्युत्पत्ति' शीर्षकममा पञ्चायतको अर्थ पाँच जनमा फैलिएको भनी लगाएका छन् । उत्तरवैदिक कालमा पनि गाउँको शासन व्यवस्था

सुव्यवस्थित पार्ने काममा पञ्च नै मुख्य हुन्थ्यो भन्ने कुराको उल्लेख गरेका छन् । 'स्मृतिकाल र पुराणकाल', 'महाभारतकाल' जस्ता शीर्षकहरूमा पनि पञ्चायत व्यवस्थाको अत्यन्तै सकारात्मक ढङ्गले चर्चा गरेका छन् । 'रामायणकाल' शीर्षकमा पञ्चायत व्यवस्था नै विद्यमान रहेको थियो भन्दै रामराज्यको नामले उक्त समयको शासन व्यवस्थाको चर्चा आजसम्म पनि हुने गरेको बताएका छन् । 'बौद्धकाल', 'गुप्तकाल', 'मौर्यकाल' आदि शासनकालमा पनि नेपालमा पञ्चायत व्यवस्था नै प्रचलित रहेको कुराको चर्चा लेखकले विभिन्न प्रसङ्गहरूमार्फत गरेका छन् । 'मल्लकाल'मा पनि पञ्चायत व्यवस्था नै विद्यमान रहेको थियो भन्दै उपत्यकामा त्यस समयमा तीन राज्य खडा भई पञ्चायत व्यवस्थाअनुसार नै शासन प्रणाली चलेको कुरा उल्लेख गरेका छन् ।

नेपालको तत्कालीन समयको पञ्चायत व्यवस्थाको वकालत गर्ने क्रममा लेखकले नेपालका विभिन्न समयको शासन प्रणालीको चर्चा गरी भारतमा रहेको अङ्ग्रेज शासनको समयमा पनि उनीहरूले पञ्चायती व्यवस्था नै उपयुक्त मानी पञ्चायत व्यवस्थाको उपयोग गरेको कुरा उल्लेख गरेका छन् ।

तत्कालीन राजा महेन्द्रले लागू गरेको पञ्चायत व्यवस्थाको पृष्ठभूमि र आधार पत्ता लगाउने क्रममा लेखकले नेपालको धेरै अगाडिका इतिहासको कुरा पत्ता लगाउने चेष्टा गरेका छन् । लेखक गोविन्दप्रसादले वैदिक कालदेखि नै पञ्चायत व्यवस्था चल्दै आएको हो भन्दै यस्ते प्राचीन व्यवस्थाले कहिल्यै पनि प्रगतिलाई नरोकेको कुरा बताएका छन् । पञ्चायत व्यवस्थाले जनचाहनाको कहिल्लै पनि कुठाराघात नगरेको कुरा इतिहासबाट प्रस्ट हुन्छ भन्दै यो व्यवस्था अत्यन्त उपयोगी छ भन्ने मानेका छन् ।

'पञ्चायती व्यवस्थाको सिद्धान्त' शीर्षक दिई पञ्चायत व्यवस्थाले विभिन्न वर्ग र समुदायको हितमा सामञ्जस्य ल्याई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गरी जनकल्याणको अभिवृद्धि गर्ने लक्ष्य राखेको कुराको उल्लेख गर्दै लेखकले तत्कालीन पञ्चायती व्यवस्थाले प्रस्तुत गरेका केही सिद्धान्तहरूको पनि सामान्य चर्चा गरेका छन् । मनुष्य मनुष्यमा मानवताको नाता सदैव सकायम गराउन नै पञ्चायतको मुख्य दृष्टिकोण हो भन्दै लेखक भट्टराईले पञ्चायत व्यवस्थासम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### (२) 'मूर्तिकला'को अध्ययन

### क) पृष्ठभूमि

'मूर्तिकला' नामक कृतिका लेखक गोविन्दप्रसाद भट्टराई हुन् । २०४१ सालमा प्रथम पटक प्रकाशनमा आएको प्रस्तुत कृतिका प्रकाशिका श्रीमती इल्या भट्टराई हुन् । प्रस्तुत कृतिको प्राक्कथन लेखन कार्य लेखक स्वयंले गरेका छन् । प्राक्कथनमा लेखकले कृति लेखनको क्रममा भएका त्रुटिहरूप्रति क्षमा याचना गरेका छन् भने पुस्तक लेख्न सहयोग पुऱ्याउने ग्रन्थ, ग्रन्थकर्ता र विद्वान् लेखकहरूप्रति आभार व्यक्त गरेका छन् ।

### ख) मुख्य विषयसन्दर्भ

'मूर्तिकला' नामक कृति गोविन्दप्रसाद भट्टराईले लेखेका हुन् । यसमा उनले लक्षणसहित प्राचनी नेपाली मूर्तिहरूका बारेमा तथ्य जानकारीहरू प्रस्तुत गरेका छन् । यसमा ३७ शीर्षकहरू रहेका छन् । ३७ औं शीर्षक परिशिष्ट हो । यसमा गुह्यकाली लगायतका अन्य चार भगवतीहरूका विषयमा जानकारी प्रस्तुत गरेका छन् । बाँकी ३६ वटा शीर्षकमा नेपालका विभिन्न ठाउँमा अवस्थित देवी देवताहरूका मूर्तिका बारेमा यथार्थ लक्षणहरू प्रस्तुत गरेका छन् । १३२ पृष्ठ लामो प्रस्तुत पुस्तकको अन्त्यमा लेखकले कृति लेखनको क्रममा भएका अशुद्धिहरूको संशोधन गरेका छन् भने त्यसभन्दा अगाडि नेपालका विभिन्न ठाउँमा अवस्थित देवी देवताका मूर्तिहरूको चित्र प्रस्तुत गरेका छन् । यसमा पृष्ठ ९६ मा लिखित जानकारी प्रस्तुत गरेको भक्तपुरको चारौं शताब्दीको लक्षण नमिलेको सूर्यको मूर्ति, पृष्ठ १२४ मा लिखित जानकारी प्रस्तुत गरेको पाँचौं शताब्दीको पलाञ्चोकमा अवस्थित महिषमर्दिनीको मूर्ति पृ.८४ मा लिखित जानकारी प्रस्तुत गरेको पशुपतिको सातौ शताब्दीको उमामहेश्वरको मूर्ति, पृष्ठ ८६ मा लिखित जानकारी प्रस्तुत गरिएको प्याखेलको पाँचौ शताब्दीको अर्धनारीश्वरको मूर्ति, त्यसैगरी पृ.३७ मा लिखित जानकारी प्रस्तुत गरिएको छैटौं शताब्दीको धूम वाराहीको धूम वराहको मूर्ति, त्यस्तै पृ.६८ मा लिखित जानकारी प्रस्तुत गरिएको सातौं शताब्दीको पशुपति दक्षिणढोकापट्टिको हरिहरको मूर्ति, पृ.६० मा लिखित जानकारी प्रस्तुत भएको आठौं शताब्दीको चाँगुको विश्वरूपको मूर्ति, पृ.७६ मा लिखित जानकारी प्रस्तुत भएको पाँचौं शताब्दीको पशुपतिको मूर्ति, पृ.९ मा लिखित जानकारी प्रस्तुत भएको चारौं शताब्दीको पशुपतिको ब्रहमाको मूर्ति, पृ.१५ मा लिखित जानकारी प्रस्तुत भएको नवौं शताब्दीको चाँगुनारायणको लक्ष्मीगरुढसहितको मूर्ति, पृ.४२ मा चर्चा गरिएको इ.४६७ को लाजिम्पाट हाल राष्ट्रिय सङ्ग्रहालयमा अवस्थित

त्रिविक्रमको मूर्ति र पृ.३१ मा वर्णन गरिएको हनुमानढोकाको सातौं शताब्दीको शेषशायीको मूर्ति रहेका छन् ।

प्रस्तुत कृति मूर्तिकलामा समावेश भएका विभिन्न शीर्षकहरूमा परमेश्वर, अवतारवादको बीज, त्रिमूर्ति, ब्रह्मा, विष्णु, चारनारायण, हाँडीगाउँका सत्यनारायण, नारायणहिटी नारायण अष्टभुजी विष्णु, चतुर्मुखी विष्णु, व्यूहमूर्ति, शेषशायी विष्णु, दशावतार, त्रिविक्रम, चौबिसे अवतार, विष्णुका आयुध आदि, विष्णुका परिवार, लक्ष्मीनारायण, हरिहर, विश्वरूप, महादेव, पशुपतिनाथ, महादेवका भेदहरू, महादेवका शक्तिहरू, शिवको युगलस्वरूप, अर्धनारीश्वर, भैरव आदि, गणेश, कुमार आदि, सूर्य, सौरजगत्का अरू ग्रहहरू, दशदिक्पाल, अष्टनाग, आश्विनीकुमार, शक्तिहरू, महिषासुरमार्दिनी रहेका छन् ।

प्रस्तुत कृतिमा यिनै शीर्षकहरूमाथि चर्चा गरिएको छ । प्राचीनकालदेखि नै वैदिक हिन्दूसंस्कृतिलाई अवलम्बन गर्दै आएको नेपाल वेदमा पूर्ण विश्वास राख्दछ । आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै थरी उन्नतिको वर्णन वेदमा पाइन्छ । यसमा पनि आधिदैविक उन्नति समग्र उन्नतिको साधन हो र चारै पुरुषर्थको वर्णन यसमा छ । उक्त पुरुषार्थ प्राप्त गर्नको लागि आधिदैविक उन्नतिको आश्रय आवश्यक छ यसको लागि सगुणोपासना या मूर्तरूपको उपासना हो, यिनै कुराहरूको महत्त्व जानेर वैदिक देवतामध्ये कुनै एकको उपासना गर्नुपर्ने महत्त्व प्रस्तुत कृतिले दर्शाएको छ । मन स्थिर गराउन सगुणोपासना गर्नुपर्ने आवश्यकता प्रस्तुत कृतिमा उल्लेख छ । नाना थरी फलको कामनाले सगुणोपासना गरिन्छ । प्राचीन परम्पराअनुसार पुराणमा विभिन्न देवताहरूको लक्षण बताएको छ र तद्नुरूप नै देवमूर्तिहरू बन्न गएका छन् भन्ने कुरा लेखकले व्यक्त गरेका छन् ।

लक्षण नजान्नेले कुनै पनि देवमूर्ति चिन्न नसक्ने कुरा पनि लेखकले व्यक्त गरेका छन् । यथार्थ लक्षण नजान्नाले नै जयवागेश्वरीका वासुदेवका मूर्तिहरू, चाँगुको सप्तावदारको मूर्ति, महाविष्णु भनी मानिएको चाँगुको चतुर्मुख विष्णुको मूर्ति, भिन्नाभिन्नै किसिमले अस्त्र लिएका विष्णुका नै नाना मूर्तिमा कुन कुन भेद पर्दछन् भन्ने र सूर्य मूर्तिका साथमा अरू कुन -कुन मूर्ति रहेका छन् भन्ने कुरा कसैले पनि उल्लेख नगरेको कुरा लेखकले व्यक्त गरेका छन् । उल्टो यथार्थ लक्षण नजान्नाले एक थरी मूर्तिलाई अर्कै नाम

दिएको पाइएको छ भन्दै लेखकले यस्ता लक्षण नजान्नेलाई प्रस्तुत कृतिले ठुलो सहयोग गर्ने कुरा प्रस्ट पारेका छन् ।

लिच्छविकालदेखि मात्र नेपालमा विशेष गरेर उपत्यकामा र त्यस वरिपरिको क्षेत्रमा शास्त्रीय लक्षण अनुसारका मूर्तिहरू बन्न लागेका कुरा लेखकले व्यक्त गरेका छन् । त्यसअघि नेपालमा वैदिक यज्ञ यज्ञादिको, साधापत्थरको मूर्तिको र शिवलिङ्गको बहुलता थियो भन्ने कुराको पनि लेखकले उल्लेख गरेका छन् ।

यसरी लेखकले नेपालका विभिन्न ठाउँमा अवस्थित नानाथरी देवी देवताका यथार्थ लक्षणसहित मूर्तिहरूको परिचय दिएका छन् ।

**(४) फुटकर कृतिहरूको अध्ययन**

गोविन्दप्रसाद भट्टराईका थुप्रै प्रबन्धात्मक लेख रचनाहरू रहेका छन् । तिनीहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् । तिनै पत्रपत्रिकामा प्रकाशति रचनाहरूको निम्नानुसार अध्ययन गरिएको छ :

'जयतु संस्कृतम्' नामक पत्रिकामा गोविन्दप्रसाद भट्टराईको 'राष्ट्रियचेतना' नामक संस्कृत भाषामा रचना गरिएको कविता प्रकाशित भएको छ । प्रस्तुत कविता उक्त पत्रिकाको वर्ष ३, अङ्क १३, पृष्ठ ७, २०१९ सालमा प्रकाशित भएको हो । यो कविता नै उनको हालसम्मको प्राप्त भएका रचनाहरूमध्ये प्रथम प्रकाशित फुटकर रचना पनि हुनपुगेको छ ।

(१) **'मर्यादा' त्रैमासिक पत्रिकामा प्रकाशित फुटकर लेख रचनाहरू**

'मर्यादा' त्रैमासिक पत्रिकामा छापिएका गोविन्दप्रसाद भट्टराईका  लेख रचनाहरुको अध्ययन निम्नानुसार क्रमशः गरिएको छ :-

**क) श्रावणी :** श्रावणी मर्यादा (वर्ष १, अङ्क १, पुष, माघ, फागुन, २०२५, पृ. १८) मा प्रकाशित भएको छ । प्रस्तुत 'श्रावणी' शीर्षकको लेख गोविन्दप्रसाद भट्टराईको हिन्दू संस्कृतिको महत्त्व दर्शाइएको एक वस्तुपरक निबन्ध हो । यसमा हिन्दू संस्कृतिका षोडष संस्कारका कुराहरूको चर्चा गरिएको छ । यस निबन्धमा खासगरी श्रावण महिनामा पर्ने पर्वहरूबारे चर्चा गरिएको छ । श्रावण महिनामा पर्ने चाड जनैपूर्णिमाको विशेष महत्त्व देखाउँदै यसलाई विभिन्न नामहरूद्वारा प्रस्ट्याइएको छ । यसलाई उपाकर्म, ऋषितर्पण, यज्ञोपवीत मंत्रण, रक्षाबन्धन जस्ता नामहरू दिइएको छ  र यिनैका बारेमा चर्चा गर्दै महिमागान पनि गरिएको छ ।

**ख) वेदमा राजाको महत्त्व र वर्तमान श्री ५ महेन्द्रः** वेदमा राजाको महत्त्व र वर्तमान श्री ५ महेन्द्र 'मर्यादा' वर्ष १ अङ्क २, (चैत्र, वैशाख, जेठ २०२५, २०२६, पृ. १२६-१४१) मा प्रकाशित भएको छ । प्रस्तुत 'वेदमा राजाको महत्त्व र वर्तमान श्री ५ महेन्द्र' शीर्षकको वस्तुपरक निबन्धरचनामा वैदिक पौराणिक तथा मनुस्मृतिका प्रसङ्गहरू कोट्याउँदै राजाको महत्त्वबारे प्रस्ट पारिएको छ । राज्याभिषेकको मन्त्रहरूद्वारा र शपथका मन्त्रहरूद्वारा साथै शास्त्रवेत्ता विद्वान्‌हरूको राय लिएर शासन गर्ने राजा सबैको प्यारो र सफल बन्दछ भन्ने प्रसङ्ग उठाउँदै असल राजाको महत्त्व सर्वोपरी हुन्छ भन्ने कुरा प्रस्ट पारेका छन् ।

लेखक भट्टराईले नेपाल एक स्वतन्त्र आर्य हिन्दूराज्य हो भन्दै तत्कालीन समयका नेपालका राजा महेन्द्र र उनले चलाएको निर्दलीय पञ्चायती शासन व्यवस्थाको प्रशंसा गर्दै यसले नेपालको उत्तरोत्तर प्रगति हुनेछ भन्ने विश्वास व्यक्त गर्दै तत्कालीन राजा महेन्द्रलाई आशीर्वाद प्रदान गरेका छन् ।

**ग) वेदमा चन्द्रलोकयात्राः** 'वेदमा चन्द्रलोकयात्रा' 'मर्यादा' (वर्ष १, अङ्क ३, असार, साउन, भदौ पृ. १२९-३८, २०२६ र वर्ष २, अङ्क १ पृ. १२९) मा प्रकाशित भएको छ । प्रस्तुत 'वेदमा चन्द्रलोकयात्रा' गोविन्दप्रसाद भट्टराईको वस्तुपरक निबन्ध नै हो । यसमा लेखक भट्टराईले वैज्ञानिक चमत्कार हाल आएर मात्र नभएर वैदिक कालदेखि नै भएको हो भन्ने कुरा प्रस्ट पारेका छन् । वर्तमान मानिसले गरेको चन्द्रलोकयात्रा वैदिक समयपछि पहिलो हो भन्दा फरक पर्दैन भन्ने कुरा व्यक्त गरेका छन् वर्तमानमा वैज्ञानिकहरू चन्द्रलोक गएर ३ घण्टा बसे भन्ने समाचारहरू आए पनि वैदिक कालमा देवताहरू चन्द्रलोक गएर यज्ञ गर्दथे भन्ने कुराले खण्डन गरेका छन् ।

प्रस्तुत लेखमा लेखक गोविन्दप्रसादले चन्द्रमा हिन्दूहरूका देवता हुन् भन्ने धारणा रहिआएको छ भन्दै उक्त धारणालाई हटाई हिन्दूहरूले पनि चन्द्रमालाई पृथ्वीलोक जस्तै एक लोक मानेको कुरा उल्लेख गरेका छन् ।

**घ) शिखासूत्रः** शिखासूत्र 'मर्यादा' (वर्ष १, अङ्क ४, असोज, कार्तिक, मङ्सिर २०२६ पृ. १-१०) मा प्रकाशित भएको छ । प्रस्तुत 'शिखासूत्र' नामक लेख पनि लेखक गोविन्द्रप्रसाद भट्टराईको धार्मिक विषयसँग सम्बन्धित एक निबन्ध नै हो । यसमा हिन्दू धर्मसँग ज्यादै निकट सम्बन्ध भएको शिखा र जनैको विशेष महत्त्व दर्शाइएको छ । शिखासूत्रको विशेष महत्त्व देखाउँदै सन्यासमा पनि शिखात्याग गर्नु अपवादपूर्ण छ भन्दै लेखकले शिखाबाट

हुने लाभ पचहत्तर वर्षसम्म प्राप्त भएर सबै शरीरमा व्याप्त भैसक्छ त्यसपछि भने शिखात्याग गरे पनि हानी नहुने कुरा दर्शाएका छन् ।

हाम्रो शरीरमा पार्थिव इन्द्रिय नाक, जलीय इन्द्रिय जिभ्रो, तैजस इन्द्रिय आँखा, वायव्य इन्द्रिय त्वचा तथा आकाशीय इन्द्रिय कान हुन् भन्ने लेखकले यिनीहरू देशकालादि अनुसार श्मसानादि रूपमा पृथ्वी, मद्यादिको योग भएमा गङ्गा जलादिको जल, श्मशानाग्निको रूपमा तेज, चर्पी आदिको सम्बन्धको रूपमा वायु यी चार भूत अशुद्ध हुन्छन् परन्तु अन्य कुनै पनि अवस्थामा अपवित्र हुँदैन । हाम्रो शरीरमा त्यस आकाशको प्रतिनिधित्वको रूपमा कान रहेको छ त्यससँग शौचादिको समयमा यज्ञापवीतको संयोग गराइदिनाले जनै अशुद्ध हुन पाउँदैन भनी शिखासूत्रको एवम् यज्ञोपवीतको महत्त्व र त्यो कानमा राख्नाको वैज्ञानिक रहस्य प्रस्तुत गरेका छन् ।

**ङ) साह र शाह शब्दको विवेचना**: 'साह र शाह शब्दको विवेचना' 'मर्यादा' (वर्ष २ , अङ्क २ चैत्र, वेशाख, जेठ, २०२६/२७ पृ. ८) मा प्रकाशित प्रकाशित भएको छ । प्रस्तुत 'साह र शाहशब्दको विवेचना' लेखक गोविन्दप्रसाद भट्टराईको एक खोज अनुसन्धानमूलक निबन्ध हो । यसमा लेखकले नेपालमा तत्कालीन समयमा शासन गरेका शाह राजाहरूले प्रयोग गर्ने गरेको उक्त 'शाह' शब्दको 'श' र 'स' को विषयमा उत्पन्न जिज्ञासाको समाधान गर्ने जमर्को गरेका छन् । यस क्रममा लेखकले शाहवंशका पूर्वज विचित्र खानका पालादेखि नै साह उपाधि जोडिएको हो र यो तालव्य 'श' संस्कृत जगतमै छैन केवल अज्ञानवश प्रचलनमा आएको हो भन्ने कुरा व्यक्त गरेका छन् । दन्त्य 'स' नै उपयुक्त छ भन्दै तालव्य 'श' त मुगलकालमा प्रचलित शाहजहाँ, शाहन शाह आदि शब्दहरूको प्रभावबाट मात्र आएको हो भन्ने कुराको उल्लेख गरेका छन् ।

प्रस्तुत लेखमा लेखक गोविन्दप्रसाद भट्टराईले शाह र साह शुद्धताबारे प्रस्ट पारेका छन् । यस क्रममा उनले उक्त दुई शब्दहरूको अन्वेषणको क्रममा च्युति हुन गएमा क्षमायाचना गरेका छन् र अच्युत एउटै मात्र हुन्छ त्यसैले मेरो पनि च्युतसँग क्षमाप्रार्थी छ भनेका छन् ।

**च) काव्य साहित्यको प्रयोजनः** काव्य साहित्यको प्रयोजन 'मर्यादा' (वर्ष २, अङ्क ३, असार, साउन भदौ, २०२७, पृ. ८९) मा प्रकाशित भएको छ । 'काव्य (साहित्य)को प्रयोजन' शीर्षक लेख गोविन्दप्रसाद भट्टराईको साहित्यको महत्त्व तथा प्रयोजनबारे प्रस्ट पारिएको एक प्रबन्ध रचना हो । यसमा संसारमा आदिकालदेखि नै मानवको सुख एवम् दुःखको

साथी बन्दै आएको साहित्य र सङ्गीतको उत्पत्तिबारे आफ्नो धारणा व्यक्त गरेका छन । यस क्रममा उनले मानिसले आफ्नो मन बहलाउन मनमा केही लिएर गुनगुनाउने क्रममा लय, भावहरू मिसिएर प्रकट भयो होला भन्ने अनुमान लगाएका छन् । यसमा विभिन्न पूर्वीय आचार्यहरूको साहित्यको प्रयोजनसम्बन्धी धारणाहरू अघि सारेका छन् ।

यसरी लेखकले अन्त्यमा सुखात्मक वा दुःखात्मक भाविधानद्वारा सहृदयको सहृदय परिस्कृत र परिशोधित गरेर पाठकवर्गको दर्शकको या स्रोताको हृदयको एकाकार वृत्तिद्वारा सुखात्मक, अलौकिक आन्दानुभूति भै जीवन सरस र आनन्दमय हुनु, काव्यको ठूलो प्रयोजन हो भन्ने कुरा प्रस्ट पारेका छन् । साहित्य सङ्गीत र कलाले हीन मानवजीवन पशुसरह  हुन्छ भन्दै यसको महत्त्व दर्साएका छन् ।

**छ) 'जीवन्मुक्त र विदेहमुक्त':** 'जीवन्मुक्त र विदेहमुक्त' 'मर्यादा' (वर्ष २, अङ्क ४, भदौ, असोज, कार्तिक २०२७, पृ. ३१) मा प्रकाशित भएको छ । प्रस्तुत जीवन्मुक्त र विदेहमुक्त लेखक गोविन्दप्रसाद भट्टराईको धार्मिक विषयवस्तुसँग सम्बन्धित निबन्धात्मक रचना हो । यो सामवेदीय महोपनिषदबाट प्रभावित भई लेखेको कुरा यसै लेखमा लेखकले बताएका छन् यो लेख व्यासका छोरा शुकदेवलाई राजा जनकले उपदेश दिएका कुराहरूसँग सम्बन्धित छ ।

संसारिक सुख, काम, क्रोध, लोभ, मोहदेखि टाढा रहेर कर्तव्यपथमा अडिग रहेमा नै जीवन्मुक्त भइन्छ  भन्ने कुरा प्रस्तुत लेखमा जनकले शुकदेवलाई भनेका छन् । यस्ता जीवन मुक्तको शरीर जब मर्दछ, तब जीवन मुक्तावस्थालाई छाडेर गतिहीन हावाजस्तो विदेहमुक्त अवस्थामा पुग्दछ । यस्तो अवस्थामा सत्-असत् स्वभाव-परभाव, उन्नति-अवनति केही नहुने र पूर्ण कैवल्यको स्थितिमा पुग्ने कुरा उनै जनकमार्फत् शुकदेवलाई सम्झाएका कुराहरू लेखक भट्टराईले प्रस्ट पारेका छन्  ।

प्रस्तुत लेखमा वासना विहीन भएर एकत्व प्राप्त गर्नुपर्ने कुराको महत्त्व दर्साइएको छ ।

(२) **'प्रज्ञा' त्रैमासिक पत्रिकामा प्रकाशित फुटकर लेख रचनाहरू**

'प्रज्ञा' त्रैमासिक पत्रिकामा छापिएका गोविन्दप्रसाद भट्टराईका लेख रचनाहरुको अध्ययन निम्नानुसार क्रमशः गरिएको छ :-

**क) राज्याभिषेकको महत्त्व र हिन्दूराज्यको लक्षण तथा कर्तव्यः** 'राज्याभिषेकको महत्त्व र हिन्दूराज्यको लक्षण तथा कर्तव्य' 'प्रज्ञा' (वर्ष ४, अङ्क ३ , २०३१, पृ. २०) मा प्रकाशित भएको छ । प्रस्तुत राज्याभिषेकको महत्त्व र हिन्दूराज्यको लक्षण तथा कर्तव्य' शीर्षक लेख राजा वीरेन्द्रको राज्याभिषेकको समयमा लेखिएको निबन्ध रचना हो । यसमा राज्याभिषेकको महत्त्व तथा विधिहरूको वर्णनका साथै राजा हुन वंशाक्रमानुसार राजापाठ गर्दै आएका क्षेत्रीय विशेष नै हुनुपर्ने कुरामाथि जोड दिइएको छ । यसमा राज्याभिषेकककोे प्रचलन हाल आएर मात्र चलेको नभई मनु महाराजका पालादेखि नै चलेको भनेर यसको प्राचीन प्रसङ्ग कोट्याइएको छ । राज्याभिषेकको प्रचलन मानव समाजमा मात्र नभई देव समाजमा रहेको कुराको उल्लेख  गरेका छन् ।

जनचाहनामाथि कुठाराघात नगर्ने राजा अतिउच्च र पवित्र देशका अधिकारी हुन् भन्दै लेखक गोविन्दप्रसादले हिन्दूहरूका लागि राजा सामान्य मानिस नभई देवताकै अवतार हुन् भन्ने कुरा प्रस्तुत लेखमा व्यक्त गरेका छन् । यस्ता परमेश्वरका अवतार मानिएका राजा नभए देशमा झै-झगडा, काटमार, त्रास, अनिकाल जस्ता महामारी फैलने कुराको चर्चा गरेका छन् । हिन्दू राजा कस्तो हुनपर्छ भन्ने कुराको चर्चा गरेका छन् । हिन्दू राजा कस्तो हुनपर्दछ भन्ने कुरामा यज्ञवल्क्यले प्रस्तुत गरेका विचारको पनि यसमा उल्लेख गरिएको छ ।

यस लेखमा मुख्य गरेर राज्याभिषेक लिएर धर्म सिंहासनमा विराजमान भएका राजाको मुख्य कर्तव्य धर्मको रक्षा गर्नु हो । यसो गरेमा नै कीर्ति चीरकालसम्म रहिरहने छ भन्ने कुरा प्रस्ट पारिएको छ ।

**ख) नेपालमा वैष्णवमतको आगमनः** 'नेपालमा वैष्णवमतको आगमन' 'प्रज्ञा' (वर्ष ८, अङ्क २, पूर्णाङ्क २८, २०३६ पृ. ९६) मा प्रकाशित भएको छ ।

प्रस्तुत 'नेपालमा वैष्णवमतको आगमन' शीर्षक लेख गोविन्दप्रसाद भट्टराईको धर्मसँगसम्बन्धित एक वस्तुपरक निबन्ध हो । यसमा लेखकले धर्मसँग सम्बन्ध राख्ने विभिन्न शीर्षकहरू राख्दै त्यसबारे आफ्ना धारणाहरू व्यक्त गरेका छन् । यसमा वैदिक धर्म, धर्म र मत, वेदमा देवतावाद, वैष्णव मतको उदय र प्रचार जस्ता शीर्षकहरूमाथि आफ्नो धारणा

राखेका छन् । यसक्रममा वैष्णवमतको उदय प्रचार विषयमा अलिक धेरै व्याख्या गरेका छन् । यसमा उनले वैष्णव मत सर्वप्रथम भारतमा देखापरेको र नेपाल पाशुपत क्षेत्र हुनाले त्यसको प्रभाव धेरै पछि परेको कुरा प्रस्ट पारेका छन् । यसपछिका शीर्षकहरूमा लिच्छवि जातिका बारेमा आफ्ना विभिन्न धारणाहरू राख्दै परिचय दिएका छन् । नेपालमा खासगरी लिच्छवीहरूको प्रवेशपछि मात्र वैष्णव मतको सूत्रपात भएको कुरा उल्लेख गरेका छन् । पूर्व वराह क्षेत्रमा र पश्चिम गण्डकी क्षेत्रमा यस वैष्णव धर्म पहिले नै स्थापित भइसकेको प्रसङ्ग समेत उठाएका छन् ।

**ग) नेपालको त्रिविक्रममूर्ति :** 'नेपालको त्रिविक्रममूर्ति' 'प्रज्ञा' (वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३४, २०३८ पृ. १) प्रकाशित भएको छ । प्रस्तुत 'नेपालको त्रिविक्रमूर्ति' शीर्षकको रचना पनि गोविन्दप्रसाद भट्टराईको मूर्तिका सम्बन्धमा जानकारी दिइएको एक वस्तुपरक निबन्ध नै हो । यसमा लेखकले भगवान् विष्णुका वामनस्वरूपको व्याख्या विशेष रूपमा गरेका छन् ।

त्रिविक्रम मूर्तिको स्थापना भारतमा भन्दा पनि पहिलो नेपालमै भएको हो भन्ने कुराको चर्चा लेखकले गरेका छन् । त्यसपछि मूर्ति स्थापनाको पृष्ठभूमिको चर्चा पनि लेखकले गरेका छन् । यस क्रममा लिच्छवी राजा मानदेवले आफ्नो पिताको अकस्मात् भएको देहावसानको रहस्य पत्ता लाग्छ कि भन्ने हेतुले त्रिविक्रमको मूर्ति स्थापना गरेको कुरा लेखकले उल्लेख गरेका छन् ।

गोपाल वंशावलीमा मानदेवले अज्ञानववश आफ्ना बाबुलाई मारेको र आफ्नो चरित्रमा कलङ्क लाग्ने डरले प्रायश्चितका निमित्त त्रिविक्रममूर्ति स्थापना गरेको कुरा उल्लेख गरिएको छ भन्ने कुरा लेखकले उल्लेख गरेका छन् । यस क्रममा मानदेवले दुईवटा मूर्ति स्थापना गर्न लगाएका थिए । एउटा जानेर गरेको पापको प्रायश्चितका निमित्त र अर्को नजानेर गरेको पापको प्रायश्चितका निमित्त भन्ने अनुमान लेखकको रहेको छ । यी दुई मूर्तिहरूमा एउटा लाजिम्पाटमा र अर्को पशुपतिको नवदुर्गा घाटको वाग्मती पारी तिलगङ्गानेर फाँटमा रहेको कुरा प्रस्ट पारेका छन् । लाजिम्पाटको मूर्ति हाल राष्ट्रिय संङ्ग्राहलयमा रहेको कुरा व्यक्त गरेका छन् । त्रिविक्रमको अन्य दुई मूर्तिको बारेमा पनि लेखकले चर्चा गरेका छन् । एउटा चाँगुनारायण मन्दिरको क्षेत्रभित्र नैत्रपत्य कुनामा र अर्को फर्पिङको दक्षिणकाली ओर्लने चौतारादेखि उत्तरपट्टि खेतमा रहेको र पछि फर्पिङको शेषनारायण स्थानमा ल्याएर राखिएको छ भन्ने कुरा पनि लेखकले बताएका छन् ।

यस लेखमा लेखक गोविन्दप्रसादले विभिन्न मूर्तिहरूबारे खोज अनुसन्धान गरी जानकारी दिने काम गरेका छन साथै लिच्छवी राजा मानदेवको योगदानको चर्चा पनि गरेका छन् ।

**घ) श्रीसूर्यः** 'श्रीसूर्य' 'प्रज्ञा' (वर्ष १०, अङ्क २, पूर्णाङ्क ३६, २०३८ पृ. ६३) मा प्रकाशित भएको छ । प्रस्तुत 'श्री सूर्य' नामक लेख लेखक गोविन्दप्रसाद भट्टराईको धार्मिक विषयसँग सम्बन्धित निबन्ध रचना हो । यसमा लेखकले वैदिक समयदेखि नै सूर्य, चन्द्र, पृथ्वी, वायु, जल आदि सबैमा परमात्मा शक्ति विद्यमान रहेको मानिन्थ्यो भन्ने कुराको उल्लेख गरेका छन् । यही अनुरूप नै आकाशलाई पिता र पृथ्वीलाई  माता मानेको हो भन्ने कुरा पनि व्यक्त गरेका छन् ।

यस निबन्धमा वेदमा सूर्यको उपासना मुख्य मानिएको कुरा उल्लेख गर्दै लेखकले गायत्री वेदको मूल मन्त्र हो र यसका आराध्यदेव नै श्रीसूर्य हुन् भन्ने कुरा प्रस्ट पारेका छन् ।

प्रस्तुत लेखमा लेखकले सूर्यका अगाडि उषाको उदय वर्णन, पाश्चात्य मतअनुसार सूर्यको गतिको वर्णन संवत्सर, अयन, ऋतुको वर्णन, सूर्यग्रहणको वर्णन, भ्रमणशील सूर्यको आकर्षशक्तिद्वारा सम्पूर्ण ग्रह, उपग्रह नियमित राखेको प्रसङ्ग आदिको चर्चा गरेका छन् । यसैक्रममा सूर्य उदाएर अनन्त आकाशमा चढेपछि हाम्रा सम्पूर्ण रोगहरू चर्मरोग, नेत्ररोग, ग्रहपीडा आदि नाश हुन्छन्  त्यसकारण आर्यहरू सूर्यको उपासना गर्छन् भन्दै लेखकले यस्तो धारणा राखेका छन् । नेपालमा धेरै पहिले स्थापना गरिएका सूर्यका मूर्तिहरूको चर्चा गर्दै अन्त्यमा लेखकले सूर्यका माससम्बद्ध नामहरूको उल्लेख गरेका छन् ।

**ङ) नेपालमा शेषशायी विष्णु :** 'नेपालमा शेषशायी विष्णु' 'प्रज्ञा' (वर्ष १२, अङ्क १, पूर्णाङ्क ४३, २०४०, पृ. ७१) मा प्रकाशित भएको छ । प्रस्तुत लेख पनि गोविन्दप्रसाद भट्टराईको धार्मिक विषयसँग सम्बन्धित वस्तुपरक निबन्ध नै हो । यसमा लेखकले शेषशायी विष्णुको मूर्तिका लक्षणहरू प्रस्तुत गर्दै उपत्यकामा रहेका शेषशायी विष्णुका नाम उल्लेख गरेका छन् । यसमा बूढानिलकण्ठका नारायण, हनुमानढोका दरबारभित्रका नारायण, बालाजु उद्यानका नारायण, पशुपतिनाथ मन्दिर पूर्वका, आर्यघाटको घाट लगेका बिरामी राख्ने पाटीको भित्ताका, पशुपतिको भस्मेश्वर घाटका, पशुपतिको

राजेश्वरी घाटका र शुभाभगवतीदेखि दक्षिण विष्णुमती तीरका शेषशायी नारायणहरूको चर्चा गरेका छन् ।

प्रस्तुत लेखमा लेखकले उपत्यकाका विभिन्न स्थानहरूमा अवस्थित शेषशायी नारायणहरूको चर्चा गर्नुको साथै उपत्यकाकै अन्य घाट किनारामा अझै यस्ता मूर्तिहरूको खोजी गर्नुपर्ने कुराको उल्लेख गरेका छन् ।

# पाचौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा प्रस्तुत शोधपत्रका परिच्छेद दुई, तीन र चारमा विवेचना गरिसकिएको छ । अब यस परिच्छेदमा उपर्युक्त परिच्छेदहरूमा गरिएको विवेचनाबाट प्राप्त निष्कर्ष दिने प्रयास गरिएको छ ।

१९६७ साल असोज ८ गते सिन्धुली जिल्लाको झाँगाझोली परेवाडाँडामा जन्मेका गोविन्दप्रसाद भट्टराईको बाल्यकाल उनकी आमाको पतिसँगै बस्ने इच्छा र जागिरका कारण हजुरबा हजुरआमाको साथमा जन्मस्थलमै विशेष पारिवारिक स्नेह र ममतापूर्ण वातावरणमा बितेको पाइन्छ । जगन्नाथ भट्टराई र विष्णुकुमारीको प्रथम सुपुत्रको रूपमा जन्मिएका गोविन्दप्रसाद भट्टराईले बाल्यकालमै आफ्नै घरबाट अक्षरारम्भ गरेका थिए । औपचारिक शिक्षा लिने क्रममा भने कहिले गाउँकै रातामाटामा कहिले मटिहानी त कहिले रानीपोखरी पाठशालामा सर्नुपरेको थियो । अन्ततः रानीपोखरी पाठशालाबाट नै सम्पूर्ण मध्यमा उत्तीर्ण गरे भने काठमाडौं बसेर पनि बनारस हिन्दू विश्वविद्यालयबाट साहित्यमा आचार्य उत्तीर्ण गरेका थिए । शास्त्री पास गरेपछि नै केही समय दुम्जाको स्कूलमा पढाए पनि १९९६ सालमा आचार्य पास गरेपछि रानीपोखरी स्कूलमा पढाउन थालेका थिए । त्यसपछि वाल्मीकि महाविद्यालय, भक्तपुर कलेज, त्रिभुवन विश्वविद्यालय त्रिपुरेश्वरमा प्राध्यापन गर्न थालेका थिए । २०२५ देखि २०३५ सम्म रेडियो नेपालमा धार्मिक प्रवचक एवम् वेदको व्याख्याताका रूपमा कार्य गरेका थिए । २०३० सालदेखि भने क्याम्पसबाट अवकाश प्राप्त गरी घरमै रहेर अध्ययन तथा ग्रन्थरचना गरी बाँकी जीवन बिताएका थिए । २०४२ साउन २९ गते भेनस थम्बोसिस नामक रोगका कारण उनको देहावसान भएको थियो ।

गोविन्दप्रसाद भट्टराईको हालसम्म उपलब्ध प्रथम साहित्यिक रचना 'पृथ्वी-महेन्द्र' महाकाव्य (२०१९) हो । उनी २०१६/१७ देखि नै साहित्यसाधनामा लागेका थिए । त्यसपछि उनले मृत्युप्रयन्त निरन्तर सृजनाका क्षेत्रमा तथा अनुवादका क्षेत्रमा कलम चलाएका थिए । साहित्यतर्फ उनले महाकाव्य, उपन्यास, निबन्ध, जीवनी जस्ता विधामा कलम चलाएका छन् भने अनुवाद साहित्यतर्फ पनि उनको कलम उत्तिकै सशक्त देखिन्छ । यसका अतिरिक्त साहित्येतर विधामा राजनीति तथा प्राचीन नेपाली मूर्तिहरूका सम्बन्धमा पुस्तकाकार कृतिहरू नै प्रकाशित गरेका छन् । यी बाहेक उनका विभिन्न पत्रपत्रिकामा धार्मिक, पौराणिक तथा राजनैतिक विषयसँग सम्बन्धित निबन्धहरू पनि प्रकाशित भएका छन् ।

साहित्यिक र साहित्येतर दुवै विधामा कलम चलाउने गोविन्दप्रसादका साहित्यिक सिर्जनात्मक र समालोचनात्मक दुवै र साहित्येतर विधाका कृतिहरू गरी हालसम्म पुस्तकाकार रूपमा एक दर्जन कृतिहरू प्रकाशित भएका छन् ।

'पृथ्वी-महेन्द्र' (२०१९) गोविन्दप्रसादको प्रथम प्रकाशित पुस्तकाकार साहित्यिक कृति हो । यसमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहदेखि राजा महेन्द्रसम्मको नेपालको ऐतिहासिक विषयवस्तुदाई प्रमुख कथानकका रूपमा लिइएको छ । त्यसपछि २०२० मै उनको अर्को पुस्तकाकार कृति 'भावना' महाकाव्य प्रकाशित भयो । यसमा पनि भरतको पौराणिक गाथालाई  विषयका रूपमा समेटिएको छ । २०२५ सालमा उनको साहित्येतर कृति जसमा उनको राजनीतिक आस्था प्रकट भएको छ 'पञ्चायत व्यवस्था पृष्ठभूमि र आधार' प्रकाशित भयो । त्यसपछि २०२९ सालमा आफनै पिताको बारेमा लेखिएको जीवनी साहित्य 'कवि जगन्नाथ भट्टराई' प्रकाशित भयो । यो कृतिमा उनले आफना बाबुलाई कविका रूपमा चिनाउने प्रयास गरेका छन् । त्यसपछि गोविन्दप्रसादको 'पुर्वाय काव्य सिद्धान्त' नामक महत्त्वपूर्ण कृति प्रकाशित भयो । यो कृति २०३१ सालमा प्रकाशित भएको हो । २०३२ सालमा महामहोपाध्याय जयमङ्गलसुरिको पुस्तक वृत्तकलपलतिकाको नेपालीमा अनुवाद गरी प्रकाशित गराए । यसमा छन्दहरूको बारेमा विशेष जानकारी दिइएको छ । त्यसपछि २०३२ मै 'रामाङ्क' नाटिकाको अनुवाद गरी प्रकाशित गराए । २०३७  सालमा गोविन्दप्रसादले सामाजिक विषयवस्तुमा आधारित 'सत्यसङ्कल्प' उपन्यास प्रकशित गराएका छन। २०३७ मै नेपाली जाति भाषासँगसम्बन्धित कृति 'नेपाल र नेपाली' निबन्ध सङ्ग्रह प्रकाशित गराएका छन् । २०३९ सालमा गोविन्दप्रसादले 'भरतको नाट्यशास्त्र' प्रकाशित गराएका छन् । यो उनको महत्त्वपूर्ण र सबैभन्दा ठूलो अनूदित कृति पनि हो । २०४१ सालमा उनको अर्को साहित्येतर कृति जुन प्राचीन नेपाली मूर्तिहरुको बारेमा लक्षणसहित जानकारी प्रस्तुत गरिएको छ  त्यो 'मूर्तिकला' प्रकाशित भयो । २०४२ सनलमा उनको अन्तिम पुस्तकाकार कृति जुन उनले अनुवाद गरेका थिए 'श्रीमद्‌भगवद्‌गीता' प्रकाशित भयो । यसका अतिरिक्त 'प्रज्ञा', 'मर्यादा' जस्ता त्रैमासिक पत्रिकाहरूमा उनका फुटकर निबन्ध रचनाहरू पनि प्रकाशित भएका छन् ।

गोविन्दप्रसाद भट्टराईको २०१९-२०४२ सम्मको लामो सृजनायात्रामा विभिन्न समयमा विविध प्रकृतिका रचनाहरू प्रकाशित भएको पाइन्छ । यसक्रममा  उनले विभिन्न विषयसँगसम्बन्धित पुस्तकहरूका अतिरिक्त फुटकर रचनाहरू प्रकाशित गराएका छन् ।

उनको प्रथम पुस्तकाकार कृति प्रकाशित भएदेखि नै मृत्यपर्यन्त १-२ वर्षको अन्तरालमा साहित्यिक र साहित्येतर दुवै विधाका कृतिहरू प्रकाशित भईरहेको देखिन्छ । यस अवधिमा उनले महाकाव्य, नाटक, अनूदित कृतिहरू तथा धार्मिक पौराणिक विषयसँग सम्बन्धित फुटकर रचनाहरू पनि प्रकाशित गराएका छन् । यसबाट उनको समग्र साहित्ययात्रा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ ।

गोविन्दप्रसाद भट्टराईले आफ्नो लामो साहित्य साधनामा विविध विषयवस्तुमा आधारित विविध विधाका १ दर्जन पुस्तकहरू प्रकाशित गरेका छन् । यसरी विविध विधामा कलम चलाएर उनले आफूलाई कवि, लेखक, निबन्धकार, उपन्यासकारका अतिरिक्त अनुवादकका रूपका परिचित गराएका छन् तापनि तुलनात्मक रूपमा उनलाई अन्य विधाभन्दा अनुवादककै रूपमा प्रसिद्धि प्राप्त भएको छ । त्यसपछि भने काव्यविधामा सफलता मिलेको देखिन्छ । उनले 'पूर्वीय काव्य-सिद्धान्त', 'रामाङ्क नाटिका', 'वृत्तकल्पलतिका', 'भरतको नाट्यशास्त्र', 'श्रीमद्भगवद्गीता' जस्ता महत्त्वपूर्ण कृतिहरूको अनुवाद गरेका छन् भने 'पृथ्वी-महेन्द्र' र 'भावना' दुईवटा महाकाव्यहरू प्रकाशित भएका छन् ।

कविता सृजनातर्फ उनको कलम कविताका वृहत् रूपमा मात्र चलेको पाइन्छ । उनका दुईवटा महाकाव्यहरू प्रकाशित रहेका छन् । विषयवस्तुका दृष्टिले हेर्दा उनले आफ्ना महाकाव्यहरूमा ऐतिहासिक र पौराणिक विषयहरूलाई नै आधार बनाएको पाइन्छ । यसबाहेक नेपाली महापुरुषहरू विश्वसामु चिनाउने प्रयास, मानवता, देशभक्तिको भावना आदिलाई पनि समेटेको पाइन्छ । नेपालको इतिहासमा महत्त्वपूर्ण ठानिएका ऐतिहासिक घटनाहरू बारे यथार्थ जानकारी पत्ता लगाउन पनि उनको महाकाव्यकले सघाउँछ ।

छन्दविधानका दृष्टिले हेर्दा गोविन्दप्रसादका दुवै महाकाव्यहरूमा शास्त्रीय वर्णमात्रिक छन्दहरूकै बहुलता रहेको छ । यी दुवैमा कहीँकतै नेपाली लोकलयहरूको पनि प्रयोग गरिएको छ ।

जीवनी साहित्यमा गोविन्दप्रसादको 'कवि जगन्नाथ भट्टराई' नामक कृति प्रकाशित भएको छ । यसमा उनले आफ्ना पिता कवि जगन्नाथ भट्टराईको जन्मेदेखि मृत्युपर्यन्तका मुख्य घटनाहरूको चर्चा गर्नुका साथै आफ्ना पितालाई कविका रूपमा स्थापित गर्ने जमर्को गरेका छन् ।

'सत्यसङ्कल्प' गोविन्दप्रसादको सामाजिक विषयवस्तुसँग सम्बन्धित उपन्यास हो । यसमा आफूले गरेको सत्यसङ्कल्प तोड्नाले पाएका दुःखहरू र सत्यसङ्कल्प अनुसार चल्नाले भविष्यमा पूर्ण भएको आकाङ्क्षालाई देखाइएको छ ।  यसमा विषयवस्तु सरल, उपन्यास प्रस्तुतिको शैली पनि सरल र भाषाशैली पनि सरल र सहज किसिमको छ ।

'नेपाल र नेपाली' गोविन्दप्रसादको जाति भाषा जस्ता विषयहरूमा अनुसन्धान गरी तयार पारिएको खोज अनुसन्धानमूलक निबन्ध हो । यसमा नेपालको उत्पत्ति, नामकरण जस्ता विषयमा पनि खोज अनुसन्धान गरिएको छ भने यहाँ बसोबास गर्ने विविध जाति र तिनका भेषभूषा आदिका बारेमा पनि अनुसन्धान गर्ने जमर्को लेखकले गरेका छन् ।

यसरी हेर्दा वाङ्मयमा अनेक  फाँटहरूमा डुलेका भए तापनि गोविन्दप्रसादको विशेष सिद्धि अनूदित ग्रन्थहरू र महाकाव्य रचनामा देखापर्दछ । अनुवादका सन्दर्भमा संस्कृतका जटिल भन्दा जटिल श्लोकलाई सरल ढङ्गले अनुवाद गरेर उनले आफ्नो अनुवाद कलाको सामर्थ्य प्रस्तुत गरेका छन् । यसैगरी विश्वकै सामु महत्त्वपूर्ण एवम् दुर्लभ पुस्तकहरूको अनुवाद गरेकाले पनि उनको अनुवाद साहित्यमा एउटा छुट्टै एवम् उच्च स्थान रहेको छ । महाकाव्यका सन्दर्भमा उनी भारविमार्गी, सोमनाथ सिग्देलका अनुयायीका रूपमा देखापरेका छन् । महाकाव्य रचनाका क्रममा उनले अनेक प्रकारका शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरेका छन् र पूर्वीय महाकाव्य मान्यताका अनुशासनमा महाकाव्यलाई बाँध्ने प्रयास पनि गरेका छन् । यसरी हेर्दा गोविन्दप्रसाद नेपाली काव्यपरम्परामा परिष्कारवादी कविका रूपमा स्थापित हुन पुगेका छन् ।

# सन्दर्भविवरण


**(क) सन्दर्भग्रन्थसूची**

जोशी, कुमारबहादुर, **महाकवि देवकोटा र उनका महाकाव्य,** तेस्रो सं., काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४,** चौथो सं., काठमाडौँ : साझा प्रकाशन, २०६० ।

नेपाल, देवी, **छन्द–पराग,** काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६२ ।

नेपाल, विनयकुमार शर्मा, **नेपाली महाकवि र महाकाव्य,** काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५९ ।

भट्टराई, गोविन्दप्रसाद, **पृथ्वी–महेन्द्र**, काठमाडौँ : श्रीमती अच्युतकुमारी भट्टराई, २०१९ ।

भट्टराई, गोविन्दप्रसाद, **भावना,** ललितपुर : जगदम्बा प्रकाशन, २०२० ।

भट्टराई, गोविन्दप्रसाद, **कवि जगन्नाथ भट्टराई,** काठमाडौँ : नेपाली पूर्णाङ्क ५३, २०२९ ।

रिसाल, राममणि, **नेपाल काव्य र कवि**, पाँचौं सं., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

वस्ती, विवश र अन्य (सम्पा.), **सिन्धुलीका तेह्रतारा,** काठमाडौँः सिन्धुलीका तेह्रतारा राष्ट्रिय व्यक्तित्व प्रतिष्ठान, २०६२ ।

शर्मा, मोहनराज र डा. खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि** (ते.सं.), काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** वाराणसीः भूमिका प्रकाशन, २०६१ ।

**(ख) सन्दर्भ पत्रपत्रिकासूची**

भट्टराई, गोविन्दप्रसाद, 'श्रावणी,' **मर्यादा,** (वर्ष १, अङ्क १, २०२५), पृ. १८ ।

भट्टराई, गोविन्दप्रसाद, 'वेदमा राजाको महत्त्व र वर्तमान श्री ५ महेन्द्र,' **मर्यादा,** (वर्ष १, अङ्क २, २०२५/०२६), पृ. १२६ ।

भट्टराई, गोविन्दप्रसाद, 'वेदमा चन्द्रलोकयात्रा', **मर्यादा,** (वर्ष १, अङ्क २, २०२६), पृ. १२९ ।

भट्टराई, गोविन्दप्रसाद, 'शिखासूत्र', **मर्यादा,** (वर्ष १, अङ्क ४, २०२६), पृ. १ ।

भट्टराई, गोविन्दप्रसाद, 'साह र शाह शब्दको विवेचना', **मर्यादा,** (वर्ष २, अङ्क २, २०२६/०२७), पृ. ८ ।

भट्टराई, गोविन्दप्रसाद, ‘काव्य (साहित्य) को प्रयोजन’, **मर्यादा,** (वर्ष २, अङ्क ३, २०२७), पृ. ८९ ।

भट्टराई, गोविन्दप्रसाद, ‘जीवनमुक्त र विदेह[illegible]’ **मर्यादा,** (वर्ष २, अङ्क ४, २०२७), पृ. ३१ ।

भट्टराई, गोविन्दप्रसाद, ‘राज्याभिषेकको मह[illegible] हिन्दू राज्यको लक्षण तथा कर्तव्य’, **प्रज्ञा,** (वर्ष ४, अङ्क ३, २०३१), पृ. २० ।

भट्टराई, गोविन्दप्रसाद, ‘नेपालमा वैष्णवमतको आगमन’, **प्रज्ञा,** (वर्ष ८, अङ्क २, २०३६), पृ. ९६ ।

भट्टराई, गोविन्दप्रसाद, ‘नेपालको त्रिविक्रममूर्ति’, **प्रज्ञा,** (वर्ष ९, अङ्क ४, २०३८), पृ. १ ।

भट्टराई, गोविन्दप्रसाद, ‘श्री सूर्य’, **प्रज्ञा,** (वर्ष १०, अङ्क २, २०३८), पृ. ६३ ।

भट्टराई, गोविन्दप्रसाद, ‘नेपालमा शेषशायी विष्णु’, **प्रज्ञा,** (वर्ष १२, अङ्क १, २०४०), पृ. ७१ ।